# बागमती प्रदेश

## बजेटमा दिगो विकास लक्ष्य साङ्केतीकरण स्रोत पुस्तिका, २०७९




बागमती प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
बागमती प्रदेश, हेटौंडा, नेपाल

# बागमती प्रदेश

## बजेटमा दिगो विकास लक्ष्य साङ्केतीकरण

## स्रोत पुस्तिका, २०७९

**बागमती प्रदेश**
**प्रदेश नीति तथा योजना आयोग**
**हेटौंडा, नेपाल**

# बागमती प्रदेश
# बजेटमा दिगो विकास लक्ष्य साङ्केतीकरण स्रोत पुस्तिका, २०७९

प्रतिलिपि अधिकार @ बागमती प्रदेश सरकार, प्रदेश नीति तथा योजना आयोग, हेटौंडा, नेपाल

फोन (+९७७)-५७-५२०५२४

इमेल: pradeshyojanahtd@gmail.com

**WEBSITE:** pppc.bagamati.gov.np

प्राविधिक सहयोग: Reorienting Public Finance for SDGs Acceleration and Leveraging Additional Resources in Nepal Project, UN Joint Fund – UNDP/UNCDF/UNWomen

बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

मा.राजेन्द्रप्रसाद पाण्डे
मुख्यमन्त्री



## मन्तव्य

आर्थिक, सामाजिक र वातावरणीय गरी तीनवटा आयामहरूलाई समेटेर तयार गरिएको **दिगो विकास लक्ष्य (सन् २०१६-२०३०)** संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरूले घोषित रूपमा अङ्गिकार गरेको एक विश्वव्यापी विकासको एजेण्डा हो। सदस्य राष्ट्रका रूपमा नेपालले पनि दिगो विकास लक्ष्यलाई नेपालको विकासको एक मार्गदर्शकको रूपमा अङ्गिकार गरी यसको कार्यान्वयनको लागि राष्ट्रिय मार्गचित्र (सन् २०१६-२०३०) समेत तयार गरिसकेको छ। सो मार्गचित्रलाई मध्यनजर गरी बागमती प्रदेश सरकारले पनि दिगो विकास लक्ष्यको बागमती प्रदेशको वर्तमान अवस्था र मार्गचित्र (सन् २०१९-२०३०) तयार गरी सार्वजनिक गरिसकेको छ। दिगो विकास लक्ष्य हासिल गर्नको लागि प्रदेश सरकारले खेल्न सक्ने भूमिकालाई ध्यानमा राखी बागमती प्रदेश सरकारले आफ्नो नीति, कार्यक्रम र बजेट तर्जुमा गर्दा दिगो विकास लक्ष्यलाई एक प्रमुख मार्गदर्शक दस्तावेजको रूपमा लिने गरेको कुरा विदितै छ।

दिगो विकास लक्ष्य प्राप्तिको निम्ति प्रदेश तहमा बजेट तथा कार्यक्रमलाई तदनुरूप लक्षित गर्दै अझ प्रभावकारीरूपमा कार्यान्वयन गर्न संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमको प्राविधिक सहयोगमा प्रदेश नीति तथा योजना आयोगले तयार गरेको यस **"बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण स्रोत पुस्तिका, २०७९"** ले बजेट तर्जुमाको चरणदेखि नै योजना तथा कार्यक्रमलाई दिगो विकास लक्ष्य अनुसार साङ्केतीकरण गर्न प्रदेश सरकार अन्तर्गतका सबै मन्त्रालय र निकायहरूलाई सहयोग पुऱ्याउनेछ भन्ने मैले विश्वास लिएको छु।

अन्त्यमा, स्रोत पुस्तिका तयारीको निम्ति प्राविधिक सहयोग गर्ने संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (युएनडिपी), पुस्तिका तयार गर्ने प्रदेश नीति तथा योजना आयोग र यसका कार्यमा सहयोग गर्ने मन्त्रालय, निकाय, पदाधिकारी र सक्रिय रूपमा संलग्न सबैलाई धन्यवाद दिन चाहन्छु।

धन्यवाद ।

**मंसिर १९, २०७९ सोमबार**

**राजेन्द्रप्रसाद पाण्डे**
**मुख्यमन्त्री**

प्रदेश सरकार
बागमती प्रदेश
# आर्थिक मामिला तथा योजना मन्त्रालय

मा. शालिकराम जम्कट्टेल
मन्त्री

निजि सचिवालय
हेटौडानेपाल ,मकवानपुर
०५७५२७५०९-

### शुभकामना मन्तव्य

दिगो विकास लक्ष्य (सन् २०१६-२०३०) अन्तरराष्ट्रिय विकासको एजेण्डा मात्र नभै नेपालको राष्ट्रिय, प्रादेशिक र स्थानीय विकासको एजेण्डा पनि रहेको छ। त्यसैले बागमती प्रदेश सरकारले पनि यसलाई महत्त्वका साथ आफ्ना नीति र योजनाहरूमा अङ्गिकार गर्ने गरेको छ। प्रदेश सरकारको वार्षिक बजेटलाई केही मात्रमा भए पनि दिगो विकास लक्ष्य अनुसार साङ्केतीकरण गर्ने गरिएको छ। दिगो विकास लक्ष्य बमोजिम बजेट तथा कार्यक्रममा साङ्केतीकरण गर्नका लागि सम्बद्ध सबैको बुझाईमा एक रूपता नहुँदा र स्पष्ट मार्गदर्शनको अभावमा बजेट तथा कार्यक्रमको साङ्केतीकरण गर्न कठिन भएको थियो। संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमको प्राविधिक सहयोगमा प्रदेश नीति तथा योजना आयोगले तयार गरेको यस "बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण स्रोत पुस्तिका, २०७९" ले दिगो विकास लक्ष्य बमोजिम बजेट तथा कार्यक्रमको साङ्केतीकरण गर्न सहज तुल्याउने कुरामा म विश्वस्त छु ।

यो स्रोत पुस्तिका तयार गर्न प्राविधिक सहयोग गर्ने संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम, पुस्तिका तयार गर्ने प्रदेश नीति तथा योजना आयोग र यसका कार्यमा आ- आफ्नो सुझावहरू र प्रतिक्रिया दिएर सहयोग गर्ने सबै मन्त्रालय, निकाय, पदाधिकारी र कर्मचारीहरू धन्यवादका पात्र हुनुहुन्छ। आर्थिक मामिला तथा योजनामन्त्रालयका तर्फबाट सम्बद्ध सबैलाई यस प्रकारको सराहनीय कार्यको लागि हार्दिक धन्यवाद दिन चाहन्छु।

.......................
शालिकराम जम्कट्टेल
मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय

बागमती प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
हेटौंडा, नेपाल

पत्र सङ्ख्याः
चलानी नम्वरः

मितिः

## मन्तव्य

दिगो विकास लक्ष्य सहस्राब्दी विकास लक्ष्यको उपलब्धि, अनुभव, सिकाइ, संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरूको आर्थिक र सामाजिक विकासको अवस्था तथा मानव जातिले प्रकृति र वातावरणमा पारेका नकारात्मक प्रभावलाई न्यूनीकरण गर्दै दिगो विकास र त्यसको प्रतिफलमा सबैको सहभागिता एवम् हिस्सा सुनिश्चित गर्न अघि सारिएको एक विश्वव्यापी विकास एजेन्डा हो। यस सन्दर्भमा, राष्ट्रिय योजना आयोगले तयार पारेको दिगो विकास लक्ष्यको राष्ट्रिय मार्गचित्र (सन् २०१६-२०३०) लाई मध्यनजर गर्दै यस प्रदेश नीति तथा योजना आयोगले संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (युएनडिपी) को प्राविधिक सहयोगमा दिगो विकास लक्ष्यको बागमती प्रदेशको अवस्था र मार्गचित्र (सन् २०१९-२०३०) तर्जुमा गरी सार्वजनिक गरिसकेको छ। दिगो विकास लक्ष्यलाई बागमती प्रदेशले आफ्नो आवधिक योजना, क्षेत्रगत नीति, कार्यविधि र प्रदेश आयोजना बैंकमा प्रतिबिम्बित गर्दै लगेको छ। प्रदेशको स्रोत परिचालनलाई दिगो विकास लक्ष्य केन्द्रित बनाउन प्रदेश सरकारले आफ्नो सम्पूर्ण बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण गर्न आवश्यक छ । उक्त कार्य हुन सके आफ्नो स्रोत र साधनलाई लक्ष्य केन्द्रित विनियोजन र कार्यान्वयन गर्न, अनुगमन तथा मूल्याङ्कन गर्न र लगानी एवम् प्रतिफलको मापन तथा प्रतिवेदन गर्न सहज हुनेछ । यसका लागि नीति तथा बजेट निर्माणमा संलग्न हुने सबै सरोकारवालाहरूमा दिगो विकास लक्ष्यको साङ्केतीकरण सम्बन्धी बुझाइमा एकरूपता ल्याउन र स्पष्ट मार्गदर्शन प्रदान गर्न जरुरी छ। यही आवश्यकतालाई ध्यानमा राखी संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (युएनडिपी) को सहयोगमा प्रदेश नीति तथा योजना आयोगले "बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण स्रोत पुस्तिका, २०७९" तयार गरेको छ। यस पुस्तिकाको मार्गदर्शनमा प्रदेश सरकारका मन्त्रालय र निकायका सम्बद्ध सबै पक्षले आफ्नो बजेट तथा कार्यक्रम तर्जुमा गर्दा दिगो विकास लक्ष्यको सजिलै साङ्केतीकरण गर्न सक्नेछन्।

आयोगको अनुरोधमा यस पुस्तिका तयार गर्न प्राविधिक सहयोग प्रदान गर्ने संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (युएनडिपी) र पुस्तिका तयार गर्ने क्रममा आफ्ना अमूल्य सुझाव एवम् सल्लाह प्रदान गर्नु हुने मन्त्रालय तथा निकायका सचिव, योजना प्रमुख, छलफलमा सहभागी कर्मचारी, विज्ञहरू र अन्य सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

२०७९ मंसिर १९ सोमबार

डा. कृष्ण राज पन्त
उपाध्यक्ष

# विषयसूची


| परिच्छेद | विषय | पृष्ठ |
|---|---|---|
| **परिच्छेद १** | **परिचय** | **१-१३** |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | भौगोलिक अवस्थिति | १ |
| १.३ | राजनीतिक र प्रशासनिक विभाजन | १ |
| १.४ | प्रदेशको सङ्गठन संरचना | २ |
| १.५ | प्रदेशको सामाजिक र आर्थिक अवस्था | २ |
| १.६ | योजनाबद्ध विकासका प्रयासहरू | १० |
| १.७ | प्रदेश सरकारका मुख्य उपलब्धिहरू | १२ |
| **परिच्छेद २** | **दिगो विकास लक्ष्य** | **१४-३०** |
| २.१ | अवधारणा | १४ |
| २.२ | दिगो विकास लक्ष्यको सूची | १५ |
| २.३ | दिगो विकास लक्ष्य प्राप्तिका लागि भएका प्रयासहरू | १७ |
| २.४ | दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रदेशले गरेका प्रयासहरू | १८ |
| २.५ | दिगो विकास लक्ष्यसम्बन्धी संस्थागत संरचना | १८ |
| २.६ | प्रदेशको अधिकार सूची र दिगो विकास लक्ष्य | १८ |
| २.७ | विषय क्षेत्र | २१ |
| २.८ | दिगो विकास लक्ष्य साङ्केतीकरण र सार्वजनिक वित्त व्यवस्थापनबिचको सम्बन्ध | २३ |
| २.९ | स्रोत पुस्तिका तयारी विधि | २७ |
| २.१० | स्रोत पुस्तिकाको उपादेयता | २८ |
| २.११ | स्रोत पुस्तिकाको उद्देश्य | २९ |
| २.१२ | स्रोत पुस्तिकाको सीमा | ३० |
| **परिच्छेद ३** | **वार्षिक बजेटमा दिगो विकास लक्ष्य साङ्केतीकरण** | **३१-८९** |
| ३.१ | बजेट साङ्केतीकरण | ३१ |
| ३.२ | दिगो विकास लक्ष्य साङ्केतीकरण | ३१ |
| ३.३ | साङ्केतीकरणका चालु अभ्यासमा देखिएका द्विविधाहरू | ३२ |
| ३.४ | दिगो विकास लक्ष्य साङ्केतीकरणका लागि क्रियाकलाप वर्गीकरणका आधार | ३६ |

| | | |
|---|---|---|
| ३.५ | दिगो विकास लक्ष्यमा पर्ने क्रियाकलापहरू | ३६ |
| | ३.५.१: दिगो विकास लक्ष्य १ | ३७ |
| | ३.५.२: दिगो विकास लक्ष्य २ | ४१ |
| | ३.५.३: दिगो विकास लक्ष्य ३ | ५० |
| | ३.५.४: दिगो विकास लक्ष्य ४ | ५४ |
| | ३.५.५: दिगो विकास लक्ष्य ५ | ५८ |
| | ३.५.६: दिगो विकास लक्ष्य ६ | ५९ |
| | ३.५.७: दिगो विकास लक्ष्य ७ | ६१ |
| | ३.५.८: दिगो विकास लक्ष्य ८ | ६२ |
| | ३.५.९: दिगो विकास लक्ष्य ९ | ६५ |
| | ३.५.१०: दिगो विकास लक्ष्य १० | ६८ |
| | ३.५.११: दिगो विकास लक्ष्य ११ | ६९ |
| | ३.५.१२: दिगो विकास लक्ष्य १२ | ७१ |
| | ३.५.१३: दिगो विकास लक्ष्य १३ | ७२ |
| | ३.५.१४: दिगो विकास लक्ष्य १५ | ७५ |
| | ३.५.१५: दिगो विकास लक्ष्य १६ | ७८ |
| | ३.५.१६: दिगो विकास लक्ष्य १७ | ८२ |
| | ३.५.१७: सङ्घीय अनुदानका र मिश्रित क्रियाकलापहरूको साङ्केतीकरण | ८२ |
| ३.६ | दिगो विकास लक्ष्यसँग असम्बन्धित क्रियाकलापहरूको साङ्केतीकरण | ८३ |
| ३.७ | मिल्दो क्रियाकलापहरूमा साङ्केतीकरण | ८३ |
| ३.८ | दिगो विकास लक्ष्य साङ्केतीकरणसम्बन्धी प्रक्रिया | ८४ |
| ३.९ | दिगो विकास लक्ष्य साङ्केतीकरणमा ध्यान दिनुपर्ने विषय | ८८ |
| **परिच्छेद ४** | **दिगो विकास लक्ष्य साङ्केतीकरणको संस्थागत व्यवस्था** | **९०-९५** |
| ४.१ | दिगो विकास लक्ष्य साङ्केतीकरणसम्बन्धी जिम्मेवारी | ९० |
| ४.२ | दिगो विकास लक्ष्य साङ्केतीकरणसम्बन्धी कार्यसम्पादन समिति | ९० |
| ४.३ | प्रदेश दिगो विकास लक्ष्य निर्देशक समिति | ९१ |
| ४.४ | प्रदेश दिगो विकास लक्ष्य समन्वय समिति | ९२ |
| ४.५ | प्रदेश दिगो विकास लक्ष्य अनुगमन तथा मूल्याङ्कन समिति | ९४ |
| ४.६ | उपसंहार | ९५ |

# तालिकाहरू


| तालिका न. | विवरण | पृष्ठ |
|---|---|---|
| १ | महिला, पुरुष र बाल स्वास्थ्यसम्बन्धी तथ्याङ्क | ४ |
| २ | प्रसूति स्वास्थ्य सेवाको उपयोगसम्बन्धी तथ्याङ्क | ४ |
| ३ | बाल स्वास्थ्यसम्बन्धी तथ्याङ्क | ५ |
| ४ | बहुआयामिक गरिबी मापनका सूचकहरू | ६ |
| ५ | दीर्घकालीन सोचका प्रमुख क्षेत्रहरू | १० |
| ६ | प्रदेश सरकारका उपलब्धिहरू | १२ |
| ७ | दिगो विकास लक्ष्यहरू | १५ |
| ८ | प्रदेशका संवैधानिक अधिकारको सूची र दिगो विकास लक्ष्यबिचको सम्बन्ध | १९ |
| ९ | प्रदेश सरकारका विषय क्षेत्र र उपक्षेत्र | २२ |
| १० | आ.व. २०७७/७८ मा प्रदेशको आन्तरिक आय तथा बजेट खर्च | २५ |
| ११ | आ.व. २०७९/८० मा प्रदेशहरूले दिगो विकास लक्ष्यहरूमा गरेको बजेट विनियोजन | ३२ |


# रेखाचित्रहरू


| रेखाचित्र न. | विवरण | पृष्ठ |
|---|---|---|
| १ | आ.व. २०७९/८० मा प्रदेशहरूले दिगो विकास लक्ष्यहरूमा गरेको बजेट विनियोजन | ३३ |
| २ | नेपालको आ.व. २०७९/८० को दिविलअनुसारको बजेट विनियोजन | ३५ |

## शब्द संक्षेप

| | |
|---|---|
| आ.व. | : आर्थिक वर्ष |
| गैसस | : गैरसरकारी संस्था |
| रायोआ | : राष्ट्रिय योजना आयोग |
| दिविल | : दिगो विकास लक्ष्य |
| दिविल सङ्केत | : दिगो विकास लक्ष्य सङ्केत |
| पि.एल.एम.बि.आइ.ए. | : प्रदेश मन्त्रालय बजेट सूचना प्रणाली (Provincial Line Ministry Budget Information System-PLMBIS) |
| SDG | : Sustainable Development Goals |

# परिच्छेद-१

# प्रदेश परिचय

## १.१ पृष्ठभूमि

बागमती प्रदेश साबिक जनकपुर अञ्चलका ३ जिल्ला, बागमती अञ्चलका ८ जिल्ला र नारायणी अञ्चलका २ जिल्ला समेटेर बनेको छ। यो प्रदेश हिमाल, पहाड र तराईमा फैलिएको छ। नेपालको राजधानी काठमाडौं यसै प्रदेशमा पर्दछ। यो प्रदेशको राजधानी मकवानपुर जिल्लाको हेटौंडामा रहेको छ।

## १.२ भौगोलिक अवस्थिति

भौगोलिक रूपमा बागमती प्रदेश २६° ५५' देखि २८° २३' उत्तरी अक्षांशसम्म र ८३° ५५' देखि ८६° ३४' पूर्वी देशान्तरसम्म फैलिएको छ। यो प्रदेशको पूर्वमा प्रदेश १ र पश्चिममा गण्डकी प्रदेश पर्दछन्। त्यस्तैगरी, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा मधेस प्रदेश र भारतको बिहार राज्य पर्दछन्। यो प्रदेश २०,३०० वर्ग किलोमिटर क्षेत्रमा फैलिएको छ।

## १.३ राजनीतिक र प्रशासनिक विभाजन

यो प्रदेशमा नेपालका १३ वटा जिल्लाहरू रहेका छन्। यसमा ३ महानगरपालिका, १ उपमहानगरपालिका, ४१ नगरपालिका र ७४ गाउँपालिका गरी जम्मा ११९ स्थानीय तह छन् जसमा १,१२१ वडाहरू छन्। यस प्रदेशमा प्रतिनिधिसभाका ३३ निर्वाचन क्षेत्र र प्रदेशसभाका ६६ निर्वाचन क्षेत्र छन्। यस प्रदेशको प्रदेशसभामा कुल ११० सदस्य रहेका छन्।

## १.४ प्रदेशको सङ्गठन संरचना

यस प्रदेशमा मुख्यमन्त्री कार्यालयसहित १४ मन्त्रालयहरू छन्। मुख्यमन्त्री कार्यालयअन्तर्गत प्रदेश लोक सेवा आयोग, प्रदेश नीति तथा योजना आयोग र मुख्य न्यायाधिवक्ताको कार्यालय छन्। यसका अतिरिक्त सञ्चार रजिस्ट्रारको कार्यालय, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रदेश सुशासन केन्द्र, प्रदेश खेलकुद परिषद्, प्रदेश दुग्ध विकास बोर्डलगायतका संरचनाहरूसमेत रहेका छन्। यसैगरी, संवैधानिक व्यवस्थाअनुसार प्रदेश प्रमुखको कार्यालय र प्रदेशसभा कार्यालय पनि रहेका छन्।

## १.५ प्रदेशको सामाजिक र आर्थिक अवस्था

### क) जनसङ्ख्या

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजाअनुसार यो प्रदेशको कुल जनसङ्ख्या ६०,८४,०४२ पुगेको छ जसमा पुरुष ३०,३३,५७४ र महिला ३०,५०,४६८ छन्। प्रदेशको जनसङ्ख्या २०६८ को तुलनामा १०.०३ प्रतिशतले वृद्धि भएको छ। जनसङ्ख्याको वार्षिक वृद्धिदर ०.९२ प्रतिशत, लैङ्गिक अनुपात ९९.४५, घरपरिवारको सङ्ख्या १५,७५,०९७ र घरपरिवारको औसत आकार ३.८६ जना रहेका छन्।

प्रदेशमा बसोबास गर्ने जनसङ्ख्यामध्ये ४७,०६,६२३ जना अर्थात ७७.३६ प्रतिशत शहरी क्षेत्रमा र १३,७७,४१९ जना अर्थात् २२.६४ प्रतिशत ग्रामीण क्षेत्रमा बसोबास गर्दछन्। प्रदेशको जनघनत्व ३०० जना प्रतिवर्ग किलोमिटर छ। प्रदेशका ३,९०,७४१ अर्थात् १८.०१ प्रतिशत नागरिक विदेशमा बस्छन् जसमा पुरुष- २,७२,६३६ र महिला १,१८,१०५ जना रहेका छन्।

### ख) शिक्षा

यो प्रदेश विक्रम सम्वत् २०७८ मा नेपालकै पहिलो पूर्ण साक्षर प्रदेश घोषणा भएको थियो। प्रदेश सरकारको आर्थिक सर्वेक्षण २०७८/०७९ अनुसार यस प्रदेशको औसत साक्षरता ९७.२२ प्रतिशत छ। नेपाल बहुसूचक सर्वेक्षण, २०७६ अनुसार यो प्रदेशको १५ देखि २४ वर्ष उमेर समूहका नागरिकहरूमध्ये पुरुषको साक्षरता दर ९७.५ प्रतिशत र महिलाको साक्षरता दर ९४.६ प्रतिशत छ। सङ्घीय शिक्षा विभागको शैक्षिक वर्ष २०७७/०७८ को तथ्याङ्क (Flash Report) अनुसार यस प्रदेशमा कुल ७,०५९ विद्यालय छन्। यीमध्ये ५,१३३ सामुदायिक र १,९२६ संस्थागत विद्यालय छन्। उक्त तथ्याङ्क अनुसार प्रदेशमा कुल ७,०७४ वटा बाल शिक्षण सिकाइ केन्द्र तथा पूर्वप्राथमिक विद्यालय छन्। तीमध्ये ५,१५५ सामुदायिक र १,९१९ संस्थागत छन्। यी विद्यालयमा औसत प्रतिकक्षा बालबालिका ३० जना छन्। ४ वर्षका बालबालिकाहरूको खुद भर्नादर ७४.६ प्रतिशत छ।

नेपालको आर्थिक सर्वेक्षण २०७८/०७९ अनुसार यस प्रदेशका सामुदायिक विद्यालयमा कुल ३०,१३२ जना शिक्षक कार्यरत छन्। प्रदेशमा आधारभूत तहको खुद भर्नादर ९६.२९ प्रतिशत, माध्यमिक कक्षाको खुद भर्नादर ५९ प्रतिशत छ।

प्रदेशको आर्थिक सर्वेक्षण २०७८/०७९ अनुसार उच्च शिक्षातर्फ प्रदेशमा ३ वटा विश्वविद्यालय, ३ वटा स्वास्थ्य तथा चिकित्सा विज्ञान प्रतिष्ठान र एउटा पर्यटन तथा होटल प्रतिष्ठान सञ्चालनमा छन्।

### ग) स्वास्थ्य तथा पोषण

बागमती प्रदेशले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। प्रदेशको आर्थिक सर्वेक्षण २०७८/०७९ अनुसार २०७८ फागुन मसान्तमा प्रदेशमा १४ सरकारी तथा १,४५० निजी अस्पताललगायत कुल २,७४६ स्वास्थ्य संस्थाहरू सञ्चालनमा छन्। प्रदेशमा कुल ८,६९९ महिला स्वास्थ्य स्वयंसेविका कार्यरत छन्। नुवाकोट जिल्लाबाहेक अन्य सबै जिल्ला पूर्ण खोप जिल्लाको रूपमा घोषणा भइसकेका छन्। २०७८ फागुन मसान्तसम्ममा प्रदेशभित्रका ५५.५ प्रतिशत बालबालिकाले सबै प्रकारको खोप लगाएका छन्। २०७८ फागुन मसान्तसम्ममा प्रदेशका ४३९,५९५ जना नागरिक स्वास्थ्य बिमा सेवामा आबद्ध भइसकेका छन्।

२०७८ चैत्र मसान्तसम्ममा १८ वर्ष माथि उमेर समूहका ४५,७७,२०५ जनाले कोभिड विरुद्धको पहिलो डोज र ४४,६८,४७९ जनाले दोस्रो डोज लगाएका छन्। १२-१७ वर्ष उमेर समूहका ७९.८५ प्रतिशतले पहिलो मात्राको खोप लगाएका छन्। प्रदेशअन्तर्गतका १३ वटै अस्पतालहरूमा कोभिड-१९ को उपचारका लागि आइसोलेसन र ५ वटा अस्पतालमा आइसियु र एचडीयु सेवा प्रवाह भइरहेका छन्। हालसम्म कोभिड्का लागि १,११८ शय्या सञ्चालनमा छन्। ८ वटा अस्पतालमा अक्सिजन प्लान्ट स्थापना गरिएको छ भने १२ वटा अस्पतालमा पीसीआर जाँच गर्ने सुविधा उपलब्ध छ।

नेपाल बहुसूचक सर्वेक्षण, २०७६ अनुसार यस प्रदेशका २० देखि २४ वर्ष उमेरका ७.९ प्रतिशत महिलाहरू १८ वर्ष नपुग्दै गर्भवती हुन्छन्। प्रदेशका १५ देखि ४९ वर्षका ४८.७ प्रतिशत महिला वा उनका श्रीमानले परिवार नियोजनको साधन प्रयोग गर्छन्। उक्त सर्वेक्षणको स्वास्थ्यसम्बन्धी केही तथ्याङ्क तालिका १, २ र ३ मा दिइएको छ। तालिका १ मा देखाइएअनुसार प्रदेशका प्रतिहजार ४० जना युवती १५ देखि १९ वर्षमा गर्भवती हुन्छन्। प्रतिहजार जीवित जन्ममा १९ जना बालबालिकाको मृत्यु ५ वर्ष नपुग्दै हुने गरेको छ। थप विवरण तालिका १ मा छ।

## तालिका १: महिला, पुरुष र बाल स्वास्थ्यसम्बन्धी तथ्याङ्क

| क्षेत्र | १५-४९ उमेरमा सुर्तीको उपभोग | | जन्मेको पहिलो महिनाभित्रमा मृत्युको सम्भावना | पाँच वर्ष नपुग्दै मृत्यु हुने सम्भावना | १५-१९ वर्षमा गर्भवती | १५-४९ वर्षका महिला परिवार नियोजनको साधनले आवश्यकता पूरा गरेका |
|---|---|---|---|---|---|---|
| | पुरुष % | महिला % | (प्रतिहजार) | (प्रतिहजार) | (प्रतिहजार) | प्रतिशत |
| SDG | ३.क.१ | ३.क.१ | ३.२.२ | ३.२.१ | ३.७.२ | ३.७.१ |
| नेपाल | ४५.२ | ६.१ | १६ | २८ | ६३ | ६१.९ |
| बागमती | ३७.४ | ५.४ | ९ | १९ | ४० | ६१.२ |

*स्रोतः नेपाल बहुसूचक सर्वेक्षण, २०७६*

तालिका २ मा देखाएअनुसार प्रदेशमा मापदण्डअनुसार ४ पटक गर्भजाँच गराउने १५ देखि ४९ वर्षका महिला ८७.२ प्रतिशत छन्। यो उमेर समूहका स्वास्थ्य संस्थामा बच्चा जन्माउने महिला ८६.६ प्रतिशत छन्। १५ देखि ४९ वर्षका ९०.६ प्रतिशत महिलाले गर्भावस्थामा कम्तीमा एक पटक दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य जाँच गराउँछन्। थप विवरण तालिका २ मा छ।

## तालिका २: प्रसूति स्वास्थ्य सेवाको उपयोगसम्बन्धी तथ्याङ्क

| क्षेत्र | गर्भावस्थामा स्वास्थ्य जाँच गराउने १५-४९ वर्षका महिला % | | | दक्ष स्वास्थ्यकर्मी बाट प्रसूति गराउने १५-४९ वर्षका महिला % |
|---|---|---|---|---|
| | कम्तीमा एक पटक दक्ष स्वास्थ्यकर्मीबाट | जुनसुकै सेवा प्रदायकबाट कम्तीमा ४ पटक | जुनसुकै सेवा प्रदायकबाट कम्तीमा ८ पटक | |
| SDG | ३.८.१ | ३.८.१ | ३.८.१ | ३.१.२ |
| नेपाल | ८८.८ | ७७.८ | ५.४ | ७७.२ |
| बागमती | ९०.६ | ८७.२ | १५.६ | ८६.६ |

*स्रोतः नेपाल बहुसूचक सर्वेक्षण, २०७६*

तालिका ३ मा देखाएअनुसार प्रदेशमा पुड्का र उचाइअनुसार तौल नभएका ५ वर्ष मुनिका बालबालिका समग्र नेपालको भन्दा कम छन्। उचाइको तुलनामा बढी तौल भएका ५ वर्ष मुनिका बालबालिका समग्र नेपालको भन्दा केही बढी छन्। जन्मेको ३५ महिनाभित्र पूर्ण खोप लगाउने बालबालिका समग्र नेपालको तुलनामा बढी प्रतिशत छन्। थप विवरण तालिका ३ मा छ।

### तालिका ३: बाल स्वास्थ्यसम्बन्धी तथ्याङ्क

| क्षेत्र | ५ वर्ष मुनिका बालबालिका | | | | | | खोप लगाउने बालबालिका | |
|---|---|---|---|---|---|---|---|---|
| | पुड्का % | | उचाइअनुसार तौल नभएका % | | उचाइको तुलनामा बढी तौल भएका % | | १२-२३ महिनामा % | २४-३५ महिनामा % |
| | सामान्य | अति | सामान्य | अति | सामान्य | अति | | |
| SDG | २.२.१ | २.२.१ | २.२.२ | २.२.२ | २.२.२ | २.२.२ | ३.ख.१ | ३.ख.१ |
| नेपाल | ३१.५ | ११.८ | १२.० | २.९ | २.६ | १.० | ७०.२ | ४० |
| बागमती | २२.९ | ७.३ | ४.७ | १.१ | ३.४ | १.४ | ७९.६ | ४२.३ |

*स्रोतः नेपाल बहुसूचक सर्वेक्षण, २०७६*

### घ) सामाजिक सुरक्षा

नेपाल बहुसूचक सर्वेक्षण, २०७६ अनुसार यस प्रदेशका ३०.५ प्रतिशत घरपरिवारको कुनै न कुनै सदस्यले सामाजिक सुरक्षा सुविधा प्राप्त गरेका छन्। २९.२ प्रतिशत घरपरिवारका १८ वर्ष मुनिका बालबालिकाले कुनै न कुनै प्रकारको सामाजिक सुरक्षा सुविधा प्राप्त गरेका छन्। १२.८ प्रतिशत ५ देखि २४ वर्षका विद्यालयमा अध्ययनरत बालबालिका तथा युवाहरूले विद्यालयसँग सम्बन्धित कुनै न कुनै सहयोग प्राप्त गरेका छन्।

### ङ) गरिबी निवारण

मानव विकास प्रतिवेदन, २०२० अनुसार यो प्रदेशको मानव विकास सूचकाङ्क ०.६६१ छ। बहुआयामिक गरिबीको प्रतिवेदन, २०२१ अनुसार प्रदेशका ७ प्रतिशत नागरिक बहुआयामिक गरिबीगरिबिमा जीवनयापन गरिरहेका छन्। तालिका ४ मा दिइएअनुसार स्वास्थ्य, शिक्षा र जीवनस्तरलाई आधार मानी गरिएको बहुआयामिक गरिबीको मापनमा करिब एक-चौथाइ (२४.७ प्रतिशत) जनसङ्ख्या खाना पकाउने आधुनिक इन्धनबाट वञ्चित छन् भने २४.९ प्रतिशत जनताको आधुनिक र सुविधायुक्त घर छैन। थप विवरण तालिका ४ मा छ।

### तालिका ४: बहुआयामिक गरिबी मापनका सूचकहरू

| क्षेत्र | स्वास्थ्य | | शिक्षा | | जीवनस्तर | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | बाल मृत्यु दर | पोषण | विद्यालय हाजिरी | विद्यालय गएको वर्ष | विद्युत | पानी | सरसफाइ | घर | खाना पकाउने इन्धन | सम्पत्ति |
| वञ्चित जनसङ्ख्या % | ०.५ | ८.८ | १.५ | १२.४ | २.७ | ६.२ | २९.५ | २४.९ | २४.७ | १३ |

*स्रोतः बहुआयामिक गरिबीको प्रतिवेदन, २०२१*

### च) लैङ्गिक समानता

मानव विकास प्रतिवेदन, २०२० अनुसार प्रदेशको लैङ्गिक विकास सूचकाङ्क ०.९२९ र लैङ्गिक असमानता सूचकाङ्क ०.४५७ रहेको छ। यस प्रदेशमा ५ वर्ष माथिका ८२.८२ प्रतिशत पुरुष साक्षर छन् भने सो उमेरका महिला ६७.०४ प्रतिशत मात्र साक्षर छन्। त्यस्तैगरी १५-२४ वर्ष समूहका ९७.५ प्रतिशत पुरुष र ९४.६ प्रतिशत महिला साक्षर छन्।[1]

नेपाल बहुसूचक सर्वेक्षण, २०७६ अनुसार कक्षा १ देखि ५ सम्म छात्राको विद्यालयमा उपस्थिति दर छात्रकोभन्दा बढी (१.१७) छ। त्यस्तैगरी कक्षा ६ देखि ८ र कक्षा ९ देखि १२ मा पनि छात्राको उपस्थिति छात्रकोभन्दा बढी (क्रमशः १.१५ र १.१८) छ। प्रदेशका विवाहित १५ देखि १९ वर्षका ८.९ प्रतिशत युवतीको पतिको उमेर उनीहरूकोभन्दा १० वर्ष वा सोभन्दा बढी छ। २० देखि २४ वर्षका विवाहित ९.३ प्रतिशत महिलाको पतिको उमेर उनीहरूको उमेरभन्दा १० वर्ष वा सोभन्दा बढी छ। यस प्रदेशका १५ देखि ४९ वर्षका २१.७ प्रतिशत पुरुषले पत्नीले गल्ती गरेमा पतिले पत्नीलाई कुट्नुलाई सामान्य मान्दछन् भने २९.५ प्रतिशत महिलाले पनि यसलाई सामान्य नै मान्दछन्।

### छ) खाद्य सुरक्षा

यस प्रदेशमा मुख्य गरी धान, मकै, गहुँ, कोदो, फापर, आलु, च्याउ जस्ता प्रमुख खाद्यान्न बाली र तरकारी उत्पादन हुन्छ।[2] यो प्रदेशमा खाद्यान्न आयात गर्नुपर्छ। प्रदेशमा आ.व. २०७८/०७९ मा धान ५,०७,७८९ मे. टन, मकै ७,६०,५७९ मे. टन, गहुँ १,७६,२४४ मे. टन, कोदो ७२,०७१ मे. टन, तरकारी ७,३८,९०२ मे. टन, फलफूल १,२०,३५२ मे. टन, आलु ८,७७,८२७ मे. टन, दलहन २३,४२४ मे. टन र तेलहन ३४,७२६ मे. टन, दूध ४,९०,३०४

[1] नेपाल बहुसूचक सर्वेक्षण, २०७६

[2] प्रदेशको आर्थिक सर्वेक्षण, २०७८/०७९

मे. टन, र मासु २,००,९५५ मे. टन उत्पादन हुने प्रक्षेपण थियो।[3] यो प्रदेशमा अन्डा कुल राष्ट्रिय उत्पादनको ६२.९ प्रतिशत उत्पादन हुन्छ। आर्थिक वर्ष २०७८/७९ मा यो प्रदेशमा कुल १ अर्ब ८ करोड ८ लाख अन्डा उत्पादन भएको थियो।[4] विश्व खाद्य कार्यक्रमको सन् २०२२ को जुन महिनाको बजार अनुगमन प्रतिवेदनमा जनाएअनुसार यस प्रदेशमा खाद्य वस्तुको अभाव अधिक रहेको छ।

### ज) खानेपानी तथा सरसफाइ

नेपाल बहुसूचक सर्वेक्षण, २०७६ अनुसार प्रदेशका ९४.६ प्रतिशत जनसङ्ख्याको आधारभूत खानेपानीमा पहुँच छ। यस प्रदेशका ९७.३ प्रतिशत जनताले सुधारिएको खानेपानीको स्रोत उपयोग गरिरहेका छन्।

उपलब्ध तथ्याङ्क अनुसार यस प्रदेशको शतप्रतिशत जनताले आधुनिक शौचालय प्रयोग गर्छन्। नेपाल बहुसूचक सर्वेक्षण, २०७६ अनुसार प्रदेशका ७६.७ प्रतिशत जनसङ्ख्याको खानेपानीको स्रोत ई.कोली व्याक्टेरया (e.coli bacteria) बाट संक्रमित रहेको पाइएको छ। त्यस्तैगरी, प्रदेशका ७३.१ प्रतिशत घरपरिवारको खानेपानीमा उक्त व्याक्टेरया पाइएको छ।

### झ) कृषि तथा पशुपालन

नेपालको आर्थिक सर्वेक्षण, २०७८/०७९ अनुसार राष्ट्रिय कृषि उत्पादनमा यस प्रदेशको कृषि क्षेत्रको योगदान प्रदेशगत रूपमा चौथो स्थानमा (१७.१ प्रतिशत) छ। प्रदेशको आ.व. २०७८/०७९ को कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ११.१ प्रतिशत छ।[5] तर यस प्रदेशका ६० प्रतिशत नागरिक कृषि पेशामा आबद्ध छन्। प्रदेशको ३,२८,२९७ हेक्टर जमिन खेतीयोग्य छ। आ.व. २०७८ फागुनसम्ममा त्यसको करिब ८८.१५ प्रतिशत जमिनमा खेती गरिएको छ। उक्त मितिसम्ममा कुल खेतीयोग्य जमिनको ४८.६७ प्रतिशतमा सिंचाइ सुविधा पुगेको छ।

आ.व. २०७७/०७८ मा ४१८ मे. टन बिउको ट्यागिङ गरिएको थियो। Statistical Information on Nepalese Agriculture, 2077/078 (कृषि मन्त्रालय, नेपाल) अनुसार आ.व. २०७७/०७८ मा यस प्रदेशमा ४,६३,८४५ हेक्टरमा १४,५०,७४२ मे. टन अन्नबाली उत्पादन भएको थियो।[6] त्यस्तैगरी आलु ४०,८७९ हेक्टरमा ७,५६,७४२ मे. टन र गेडागुडी १९,२२२ हेक्टरमा २२,९६६ मे. टन उत्पादन भएको थियो।

---

[3] प्रदेशको आर्थिक सर्वेक्षण, २०७८/०७९

[4] प्रदेशको आर्थिक सर्वेक्षण, २०७८/०७९

[5] प्रदेशको आर्थिक सर्वेक्षण, २०७८/०७९

[6] Statistical Information on Nepalese Agriculture, 2077/078

पशुपालनतर्फ, यस प्रदेशमा आर्थिक वर्ष २०७७/०७८ मा गाई/गोरु १०,९९,५६० वटा, राँगा/भैंसी ८९६,२१३ वटा, भेडा ९२,५६१ वटा, बाख्रा २५,२०,६७१ वटा र सुँगुर/बंगुर १७९,३६३ वटा पालिएका थिए। यस प्रदेशमा आर्थिक वर्ष २०७७/०७८ मा ४५५,१४१ मेट्रिक टन दूध, ८९९,३५३ हजार वटा अन्डा, १६३,९३९ मेट्रिक टन मासु र ६५,६५९ किलोग्राम ऊन उत्पादन भएको तथ्याङ्क छ।

### ञ) ऊर्जा

नेपालको आर्थिक सर्वेक्षण २०७८/०७९ अनुसार प्रदेशका ९५.९१ प्रतिशत जनसङ्ख्यामा विद्युत् सेवा पुगेको छ। प्रदेशको २०७८ फागुन मसान्तसम्मको विद्युत् उत्पादन क्षमता १,०१६ मेगावाट छ। बागमती प्रदेशको आर्थिक सर्वेक्षण, २०७८/०७९ अनुसार अझपनि प्रदेशका दोलखा, सिन्धुली, धादिङ लगायतका जिल्लाका उच्च पहाडी तथा हिमाली क्षेत्रका सबै भूभागमा विद्युत सेवाको पहुँच छैन। २०७८ फागुन मसान्तसम्ममा यस प्रदेशमा १ मेगावाटभन्दा बढी क्षमताका ६७ जलविद्युत् आयोजनाले निर्माण लाइसेन्स लिएका छन्। ती आयोजनाहरूबाट २,२६५.१६ मेगावाट विद्युत् उत्पादन हुने अनुमान गरिएको छ।

### ट) सडक

नेपालको आर्थिक सर्वेक्षण, २०७८/०७९ अनुसार यस प्रदेशमा १६,००१ कि.मि. स्थानीय र प्रादेशिक सडक सञ्जाल छ। जसमध्ये १,३९१ कि.मि. कालोपत्रे, २,७६५ कि.मि. ग्राभेल र ११,८४५ कि.मि. धुले/कच्ची सडक छ। यस प्रदेशमा सडकको घनत्व ०.७९ कि.मि. प्रतिवर्ग कि.मि. छ।

### ठ) औद्योगिकीकरण

केन्द्रीय तथ्याङ्क विभागको प्रादेशिक लेखा तथ्याङ्कअनुसार आ.व. २०७८/०७९ मा उद्योग क्षेत्रको राष्ट्रिय उत्पादनमा यस प्रदेशको अंश ३५.९ प्रतिशत छ। प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान १२.२ प्रतिशत छ। आर्थिक गणना, २०७५ अनुसार उक्त अवधिसम्म यस प्रदेशमा ३२,७५५ उद्योग दर्ता भएका छन्। २०७८ फाल्गुनसम्ममा रु. ९ खर्ब १२ अर्ब ७१ करोड लगानी भएको छ। उक्त अवधिसम्म साना ३८१२, मझौला ४२६ र ठुला १७९ गरी कुल ४४१७ उद्योगहरूमा विदेशी लगानीको स्वीकृत भएको छ। यस प्रदेशमा १७६,६८९ लघु, घरेलु र साना उद्योगहरू दर्ता भएका छन्। यी उद्योगहरूमा १०,५२,६८७ जनाले रोजगारी पाउने अपेक्षा गरिएको छ। २०७८ फागुनसम्म यस प्रदेशमा १६ वटा औद्योगिक ग्राम घोषणा भएका छन्। यस प्रदेशमा सङ्घीय सरकारअन्तर्गतको ४ वटा औद्योगिक क्षेत्रहरू सञ्चालनमा छन्।

### ड) वित्तीय क्षेत्र

यस प्रदेशका ११९ स्थानीय तहमध्ये धादिङ जिल्लाको रुबीभ्याली गाउँपालिकाबाहेक अन्य सबै स्थानीय तहमा बैंकको पहुँच छ।[7] नेपालको आर्थिक सर्वेक्षण, २०७८/०७९ अनुसार हाल यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाका २,९२६ शाखा सञ्चालनमा छन्। प्रदेशको आर्थिक सर्वेक्षण, २०७८/०७९ अनुसार यस प्रदेशको आ.व. २०७८/०७९ को कुल गार्हस्थ्य उत्पादनमा वित्तीय तथा बिमा क्षेत्रको योगदान थोक तथा खुद्रा व्यापारपछि दोस्रो ठूलो रूपमा (१६ प्रतिशत) छ। आ.व. २०७८/०७९ को नेपालको कुल वित्तीय तथा बिमा क्रियाकलापमा यस प्रदेशको मात्र योगदान ६०.५ प्रतिशत पुग्ने अनुमान छ। प्रदेशमा सञ्चालित बैंक तथा वित्तीय संस्थाबाट २०७८ चैत्रसम्ममा रु. ३२ खर्ब ३७ अर्ब ३२ करोड निक्षेप सङ्कलन भएको छ। यी बैंक तथा वित्तीय संस्थाबाट सोही अवधिमा रु. २४ खर्ब ७८ अर्ब ६ करोड कर्जा लगानी भएको छ। २०७८ पौष मसान्तसम्ममा प्रदेशको कुल कर्जाको ठूलो हिस्सा (५०.८३ प्रतिशत) उद्योग क्षेत्रमा, त्यसपछि ४३.७६ प्रतिशत सेवा क्षेत्रमा र ५.४० प्रतिशत कृषि क्षेत्रमा वितरण भएको छ। यस प्रदेशमा २०७८ चैत्र मसान्तसम्ममा २,०९६ वटा एटिएम मेसिन सञ्चालनमा छन्। त्यस्तैगरी, ५०,१२,१४३ वटा डेबिट कार्ड जारी भएका छन्। मोबाइल बैंकिङ प्रयोगकर्ता ६६,४३,६९४ र अनलाइन बैंकिङ प्रयोगकर्ता ९,८६,४१८ जना छन्।

बिमातर्फ यस प्रदेशमा विभिन्न बिमा कम्पनीका जम्मा ९१० वटा शाखा सञ्चालनमा छन्। प्रदेशमा जीवन बिमा कम्पनीका ५९७ र निर्जीवन बिमा कम्पनीका ३१३ शाखा छन्। २०७८ चैत्र मसान्तसम्ममा कुल ७९,७०,१४७ जीवन बिमालेख सक्रिय छन् भने निर्जीवन बिमालेख ९८१,२८४ छन्। उक्त अवधिमा कुल रु. ६२ अर्ब ७५ करोड बिमा शुल्क सङ्कलन भएको थियो।

### ढ) प्रदेशको अर्थतन्त्र

नेपालको आर्थिक सर्वेक्षण, २०७८/०७९ अनुसार देशको कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको योगदान ३६.९ प्रतिशत छ। प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन २,४३० अमेरिकी डलर छ। आर्थिक वर्ष २०७८/०७९ मा ६.७४ प्रतिशतले आर्थिक वृद्धि हुने अनुमान गरिएको छ। आर्थिक वर्ष २०७८/०७९ को कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको सबैभन्दा बढी (७६.७ प्रतिशत) योगदान छ भने दोस्रोमा उद्योग क्षेत्रको योगदान (१२.२ प्रतिशत) र सबैभन्दा कम (११.१ प्रतिशत) कृषि क्षेत्रको योगदान छ। आर्थिक वर्ष २०७७/०७८ मा प्रदेशमा कुल गार्हस्थ्य उत्पादनको २.२७ प्रतिशत सार्वजनिक खर्च भएको थियो भने प्रदेशको कुल गार्हस्थ्य उत्पादनको १.६३ प्रतिशत मात्र राजस्व सङ्कलन भएको थियो।

[7] प्रदेशको आर्थिक सर्वेक्षण, २०७८/०७९

## १.६ योजनाबद्ध विकासका प्रयासहरू

### (क) आवधिक विकास योजना

बागमती प्रदेश सरकारले प्रदेशको आर्थिक-सामाजिक विकासका लागि योजनाबद्ध प्रयास आरम्भ गरेको छ। प्रदेशले आफ्नो प्रथम आवधिक विकास योजनाको रूपमा वि.सं. २०७६ सालमा आर्थिक वर्ष २०७६/०७७ देखि २०८०/०८१ सम्मका लागि प्रथम पञ्चवर्षीय योजना तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ। यो योजनाले "सुसंस्कृत र सुखी जनता, समाजवाद उन्मुख समृद्ध प्रदेश" भन्ने दीर्घकालीन सोचका राखेको छ। साथै, सामाजिक न्यायसहितको उच्च, दिगो र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्दै जीवनस्तरमा सुधार ल्याउने लक्ष्य लिएको छ। उक्त आवधिक योजनामा १२ प्रमुख क्षेत्रहरूलाई पहिचान गरिएको छ। थप विवरण तालिका ५ मा छ।

तालिका ५ :दीर्घकालीन सोचका प्रमुख क्षेत्रहरू

| १. सुसंस्कार | २. सुख | ३. समृद्धि |
|---|---|---|
| १.१ सम्पदाहरूको संरक्षण र विकास | २.१ स्वस्थ र सन्तुलित पर्यावरण | ३.१ सर्वसुलभ आधुनिक एवम् सघन अन्तर आबद्धता |
| १.२ भाषा, कला, संस्कृति र साहित्यको संरक्षण र विकास | २.२ सुशासन | ३.२ मानव पुँजी तथा सम्भावनाको पूर्ण उपयोग |
| | २.३ सबल लोकतन्त्र | |
| १.३ परिस्कृत तथा मर्यादित जीवन | २.४ राष्ट्रिय एकता, सुरक्षा र सम्मान | ३.३ उच्च र दिगो उत्पादन तथा उत्पादकत्व |
| १.४ सुरक्षित, सभ्य र न्यायपूर्ण समाज | | ३.४ उच्च र समतामूलक राष्ट्रिय आय |

उक्त योजनाले पहिचान गरेका प्रदेश विकासका मुख्य चालकहरू देहायअनुसार छन्ः

१. गुणस्तरीय ग्रामीण तथा शहरी पूर्वाधार (सडक, खानेपानी, बिजुली, विद्युतीय सञ्चार प्रविधि),
२. विशिष्टीकृत कृषि (कृषिको व्यवसायीकरण, जैविक कृषिको प्रवर्द्धन र कृषिलाई उद्यमका रूपमा विकास र विस्तार),
३. विशिष्टीकृत सेवा र मानव पुँजीको विकास,
४. उद्योग (ठूला, मझौला, साना, घरेलु र लघु उद्यम),
५. सम्पदामैत्री गुणस्तरीय पर्यटन र
६. सामाजिक-सांस्कृतिक विकास।

### (ख) अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन लक्ष्य

प्रदेशको आवधिक योजनाले आ.व. २०७६/०७७ देखि २०८०/०८१ सम्मलाई मध्यमकालीन र विक्रम सम्वत् २१०० सम्मलाई दीर्घकालीन योजना अवधिको रूपमा लिई सोहीअनुसारका लक्ष्य निर्धारण गरेको छ। जसअनुसार आर्थिक वृद्धि दर आ.व. २०८०/०८१ मा १०.६ प्रतिशत पुऱ्याउने र सो वृद्धिदर विक्रम सम्वत् २१०० सम्म कायम राख्ने लक्ष्य छ। सो अवस्थामा प्रतिव्यक्ति कुल आय १,९१७ अमेरिकी डलरबाट विक्रम सम्वत् २०८१ मा ३,०८७ र विक्रम सम्वत् २१०० मा २२,४९० अमेरिकी डलर पुग्ने अनुमान छ। त्यस्तैगरी, धेरै आम्दानी हुने माथिल्लो १० प्रतिशत र सबैभन्दा न्यून आम्दानी हुने तल्लो ४० प्रतिशतको आम्दानीको अनुपात (PALMA Ratio) १.४५ बाट घटाई आ.व. २०८१ मा १.३७ बनाउने र विक्रम सम्वत् २१०० मा १.२ मा झार्ने लक्ष्य रहेको छ। सम्पत्तिमा आधारित गिनी गुणक (Gini Coefficient) ०.३५ बाट घटाई ०.२३ पुऱ्याउने लक्ष्य छ। साथै, आधार वर्षमा रहेको अपेक्षित आयु ७२ वर्षबाट ८५ वर्ष पुऱ्याउने, १५ वर्ष माथिको साक्षरता दर ९९ प्रतिशत पुऱ्याउने, बहुआयामिक गरिबिमा रहेको जनसङ्ख्या १२.२ प्रतिशतबाट २ प्रतिशतमा झार्ने र शतप्रतिशत घरपरिवारमा विद्युत् सेवा र आधारभूत खानेपानी सेवा पुऱ्याउने लक्ष्यहरू रहेका छन्।

### (ग) क्षेत्रगत रणनीतिक योजना

प्रदेशले आवधिक योजना निर्माणपश्चात् क्षेत्रगत योजना/गुरुयोजना तर्जुमाको प्रयाससमेत आरम्भ गरेको छ। हाल प्रदेशमा सडक, कृषि र प्रदेश राजधानी गुरुयोजनाको मस्यौदा तर्जुमा भई स्वीकृतीको क्रममा रहेको छ।

### (ङ) मध्यमकालीन खर्च संरचना

प्रदेशको प्रथम पञ्चवर्षीय योजना कार्यान्वयनमा आवधिक योजना र वार्षिक बजेटबिच तादात्म्यता ल्याउन पाँचौं संस्करणको रूपमा आ.व. २०७९/०८० देखि २०८१/०८२ सम्मको मध्यमकालीन खर्च संरचना तयार भएको छ। उक्त खर्च संरचनामा आगामी तीन वर्षको निकायगत छुट्टाछुट्टै खर्चको प्रक्षेपण गरिएको छ। प्रत्येक निकायमा कुल के कति खर्च हुन्छ देखाइएको छैन विभिन्न कार्यालय र कार्यक्रमको खर्च मात्र छुट्टाछुट्टै प्रस्तुत गरिएको छ।

### (च) आयोजना बैंक

प्रदेश सरकारको आयोजना बैंकको सफ्टवेयर तयार भएको छ। यसको सञ्चालनसम्बन्धी कार्यविधि तर्जुमाको क्रममा रहेको छ। यसैगरी आयोजना बैंकको कार्यप्रणालीबारे कर्मचारीहरूलाई पहिलो चरणको तालिमसमेत प्रदान गरिएको छ।

## १.७ प्रदेश सरकारका मुख्य उपलब्धिहरू

### (क) बजेट कार्यान्वयन

नेपालको आर्थिक सर्वेक्षण, २०७८/०७९ अनुसार यस प्रदेशमा आ.व. २०७५/०७६ मा कुल खर्चको ४६.२६ प्रतिशत पुँजीगत खर्च भएको थियो भने आ.ब. २०७६/०७७ मा बढेर ५६.११ प्रतिशत पुगेको थियो। आ.ब. २०७७/०७८ मा पुँजीगत खर्च ५६.२१ प्रतिशत भएको थियो। आ.व. २०७८/०७९ को फागुन मसान्तसम्ममा भएको खर्चको ३७.८९ प्रतिशत पुँजीगत खर्च भएको थियो।

### (ख) आर्थिक तथा सामाजिक क्षेत्रका उपलब्धि

बागमती प्रदेश सरकारले हासिल गरेका विभिन्न आर्थिक तथा सामाजिक लक्ष्यहरूको उपलब्धिहरू तालिका ६ मा दिइएको छ। जसअनुसार आ.व. २०७५/०७६ मा प्रदेशका नागरिकहरूको प्रतिव्यक्ति आय १,९१७ अमेरिकी डलर रहेकोमा आ.व. २०७८/०७९ मा २,४३० अमेरिकी डलर पुगेको छ। ९५.९१ प्रतिशत जनसङ्ख्यामा विद्युत् सेवा पुगेको छ। आधारभूत खानेपानी पुगेको जनसङ्ख्या ९४.१ प्रतिशतबाट ९४.६ प्रतिशत पुगेको छ। जलविद्युत उत्पादन ४८१.२ मेगावाटबाट बढी १,०१६ मेगावाट पुगेको छ। बहुआयामिक गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १२.२ प्रतिशतबाट ७ प्रतिशतमा झरेको छ। कम तौल भएका ५ वर्षमुनिका बालबालिकाको प्रतिशत १३.३ बाट ४.७ मा झरेको छ। १५ वर्ष माथिका नागरिकहरूको साक्षरता दर ६९ प्रतिशतबाट ९७.२२ प्रतिशत पुगेको छ। ५ वर्ष मुनिका बाल मृत्युदर प्रतिहजार जीवित जन्ममा ३६ जनाबाट १९ जनामा झरेको छ। आधारभूत तहमा खुद भर्नादर ९४.८ बाट ९६.२९ प्रतिशत पुगेको छ। माध्यमिक तहमा खुद भर्नादर ४८.२ बाट ५९ प्रतिशत पुगेको छ। मानव विकास सूचकाङ्क ०.६४१ बाट वृद्धि भई ०.६६१ पुगेको छ। थप विवरण तालिका ६ मा छ।

### तालिका ६: प्रदेश सरकारका उपलब्धिहरू

| क्र.सं. | समृद्धिका सूचक | एकाइ | आधार वर्ष २०७५/०७६ | अल्पकालीन लक्ष्य २०८०/०८१ | दीर्घकालीन लक्ष्य सम्वत् २१०० | २०७८/०७९ सम्मको प्रगति |
|---|---|---|---|---|---|---|
| १ | आर्थिक वृद्धि दर | दर | ७.५ | १०.६ | १०.६ | ६.७४ |
| २ | प्रतिव्यक्ति आय | अ.डलर | १,९१७ | ३,०८७ | २२,४९० | २,४३० |
| ३ | विद्युत्मा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ९८.२ | १०० | १०० | ९५.९१ |

| क्र.सं. | समृद्धिका सूचक | एकाइ | आधार वर्ष २०७५/०७६ | अल्पकालीन लक्ष्य २०८०/०८१ | दीर्घकालीन लक्ष्य सम्वत् २१०० | २०७८/०७९ सम्मको प्रगति |
|---|---|---|---|---|---|---|
| ४ | आधारभूत खानेपानी पुगेको जनसङ्ख्या | प्रतिशत | ९४.१ | १०० | १०० | ९४.६ |
| ५ | जलविद्युत् उत्पादन | मेगावाट | ४८१.२ | २००० | ५००० | १०१६ |
| ६ | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.९३१ | ०.९६९ | १ | ०.९२९ |
| ७ | बहुआयामिक गरिबिमा रहेको जनसङ्ख्या | प्रतिशत | १२.२ | ९ | २ | ७ |
| ८ | ५ वर्ष मुनिका कम तौल भएका बालबालिका | प्रतिशत | १३.३ | ७ | १ | ४.७ |
| ९ | ५ वर्ष मुनिका बालबालिकाको मृत्युदर (प्रति हजार जीवित जन्ममा) | सङ्ख्या | ३६ | १८ | ४ | १९ |
| १० | साक्षरता दर (१५ वर्ष माथिको) | दर | ६९ | ९५.० | ९९. | ९७.२२ |
| ११ | युवा साक्षरता दर (१५ देखि २४ वर्ष) | दर | ९३ | १०० | १०० | ९६ |
| १२ | आधारभूत तहमा खुद विद्यार्थी भर्ना दर | प्रतिशत | ९४.८ | १०० | १००.० | ९६.२९ |
| १३ | माध्यमिक तहमा खुद विद्यार्थी भर्ना दर | प्रतिशत | ४८.२ | ७५ | ९८ | ५९ |
| १४ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६४१ | ०.६७१ | ०.८२० | ०.६६१ |

*स्रोतः बागमती प्रदेशको प्रथम पञ्चवर्षीय योजना, केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय लेखा प्रतिवेदन, २०७९, बागमती प्रदेश सरकारको आर्थिक सर्वेक्षण, २०७८/०७९, नेपाल सरकारको आर्थिक सर्वेक्षण, २०७८/०७९, राष्ट्रिय योजना आयोगको बहुआयामिक गरिबी प्रतिवेदन, २०७८, राष्ट्रिय योजना आयोग र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको मानव विकास प्रतिवेदन, २०७७, राष्ट्रिय योजना आयोग र युनिसेफ नेपालको बहुसूचक सर्वेक्षण प्रतिवेदन, २०७६।*

# परिच्छेद-२

# दिगो विकास लक्ष्य

## २.१ अवधारणा

पृथ्वीको धान्न सक्ने क्षमताभित्र रहेर मानिसको जीवनमा समृद्धि हासिल गर्न र समाजमा शान्ति कायम गर्न विश्व समुदायले अवलम्बन गरेको विश्वव्यापी साझा विकासको रूपान्तरणकारी खाका नै दिगो विकासका लक्ष्यहरू हुन्। दिगो विकास लक्ष्यले समावेशिता र समतामा केन्द्रित भई मानव जीवनमा रूपान्तरण ल्याउने अपेक्षा गरिएको छ।

दिगो विकास लक्ष्य संयुक्त राष्ट्रसङ्घका सबै सदस्य राष्ट्रले सन् २०१५ को सेप्टेम्बर महिनामा घोषणा गरेका विश्वव्यापी कार्यसूची पनि हुन्। संयुक्त राष्ट्रसङ्घद्वारा प्रस्तावित र अनुमोदित र नेपालले औपचारिक प्रतिबद्धता व्यक्त गरेको दिगो विकास लक्ष्य (सन् २०१६-२०३०) अहिले विश्वकै विकासको मूल एजेन्डाका रूपमा स्थापित छ।

दिगो विकास लक्ष्यको सोच सहस्राब्दी विकास लक्ष्यबाट सुरु भएको हो। यसैले दिगो विकास लक्ष्य सहस्राब्दी विकास लक्ष्यको जगमा विकास गरिएको विश्व विकासका एजेन्डा हो। सहस्राब्दी विकास लक्ष्यको (सन् २००१-२०१५) को अनुभवलगायत शताब्दीऔंको विकास प्रयासको अनुभवको आधारमा संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूले सन् २०३० एजेन्डाको रूपमा दिगो विकास लक्ष्यहरूलाई विश्वको साझा विकास एजेन्डाका रूपमा अङ्गीकार गरेका छन्।

दिगो विकास लक्ष्यहरूको कार्यान्वयनमा मुख्य रूपमा राष्ट्रिय भूमिका हुने र क्षेत्रीय तथा भूमण्डलीय भूमिका हुने गरी निम्नानुसार दुई समूहअन्तर्गत छ तहमा रहेको पाइन्छ।

१. कार्यान्वयनमा मुख्य रूपमा राष्ट्रिय भूमिका हुने लक्ष्यहरू-
   (क) आधारभूत आवश्यकतासँग सम्बन्धित चार वटा लक्ष्य (लक्ष्य १, २, ६ र ७),
   (ख) मानवीय क्षमता र संस्थागत अभ्याससँग सम्बन्धित दुई वटा लक्ष्य (लक्ष्य ३ र ४),
   (ग) उच्च मानवीय आकाङ्क्षासँग सम्बन्धित तीन वटा लक्ष्य (लक्ष्य ५, १० र १२),
२. कार्यान्वयनमा क्षेत्रीय तथा भूमण्डलीय भूमिका महत्वपूर्ण रहने लक्ष्यहरू -
   (क) दिगो प्रगतिको साधनको रूपमा चार वटा लक्ष्य (लक्ष्य ८, ९, ११ र १२),

(ख) भविष्यको समृद्धिको चुनौतीसँग सम्बन्धित तीन वटा लक्ष्य (लक्ष्य १३, १४ र १५)

(ग) दिगो विकास लक्ष्य लागू गर्ने साधनको सबलीकरणसँग सम्बन्धित एउटा लक्ष्य (लक्ष्य १७)

## २.२ दिगो विकास लक्ष्यको सूची

दिगो विकास लक्ष्यमा मुख्यतः आर्थिक, सामाजिक र पर्यावरणीय तीन वटा आयाम समेटिएका छन्। तालिका ७ मा प्रस्तुत १७ दिगो विकास लक्ष्यका १६९ परिमाणात्मक लक्ष्य, र २३४ विकास सूचकहरू छन्। दिगो विकासको लक्ष्य १४ (महासागर, समुद्र र सामुद्रिक स्रोतको संरक्षण र प्रयोग) र सो सम्बन्धी १० परिमाणात्मक लक्ष्य नेपालका लागि सान्दर्भिक नदेखिएकाले नेपाल सरकारले नेपालले १६ लक्ष्य, १५९ परिमाणात्मक लक्ष्य र विकास सूचकमा २४५ सूचक थप गरी ४७९ सूचकको कार्ययोजना बनाई दिगो विकास लक्ष्य कार्यान्वयन गरिरहेको छ।[८] दिगो विकास लक्ष्यहरू तालिका ७ मा प्रस्तु गरिएका छन्।

### तालिका ७: दिगो विकास लक्ष्यहरू

| लक्ष्य नं. | सङ्केत / चित्र | दिगो विकास लक्ष्यहरू |
|---|---|---|
| १ | | सबै क्षेत्रमा रहेको सबै स्वरूपको गरिबीको अन्त्य गर्ने। |
| २ | | भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने। |
| ३ | | सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने। |
| ४ | | सबैका लागि समावेशी तथा समतामूलक गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने। |
| ५ | | लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकाहरूको सशक्तीकरण गर्ने। |
| ६ | | सबैको निम्ति खानेपानी र सरसफाइको उपलब्धता तथा यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने। |
| ७ | | धान्न/बेहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने। |

[८]: दिगो विकास लक्ष्यहरू वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०, २०१७, राष्ट्रिय योजना आयोग, काठमाडौं, नेपाल ।

| लक्ष्य नं. | सङ्केत / चित्र | दिगो विकास लक्ष्यहरू |
|---|---|---|
| ८ | | स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि र सबैको लागि पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने। |
| ९ | | उत्थानशील पूर्वाधारहरू निर्माण, समावेशी र दिगो औद्योगिकीकरणको प्रवर्द्धन र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने। |
| १० | | देशभित्र तथा देशहरूबिचको असमानता न्यून गर्ने। |
| ११ | | शहर तथा मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने। |
| १२ | | दिगो उपभोग र उत्पादन ढाँचाहरू सुनिश्चित गर्ने। |
| १३ | | जलवायु परिवर्तन र यसका असरहरूसँग जुध्न तत्काल कार्य अघि बढाउने। |
| १४ | | दिगो विकासको निम्ति महासागरहरू, समुद्रहरू र सामुद्रिक स्रोतहरू संरक्षण गर्ने र दिगो रूपमा प्रयोग गर्ने। |
| १५ | | पृथ्वीको भू-सतही /भूपरिधिस्तरीय पारिस्थितिकीय प्रणालीहरूको दिगो उपयोग, रक्षा र पुनर्स्थापन गर्ने, वनजङ्गलको दिगो रूपमा व्यवस्थापन गर्ने, मरुभूमीकरण विरुद्ध लड्न र भूक्षय रोक्नुको साथै यसलाई उल्टाउने र जैविक विविधताको ह्रासलाई रोक्ने। |
| १६ | | दिगो विकासका निम्ति शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच प्रदान गर्ने र सबै तहहरूमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरू निर्माण गर्ने। |
| १७ | | दिगो विकासका लागि कार्यान्वयनका उपायहरू /साधनहरूलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनः जीवन्त तुल्याउने। |

स्रोतः दिगो विकास लक्ष्य आवश्यकता पहिचान लागत अनुमान तथा वित्तीय रणनीति, राष्ट्रिय योजना आयोग, डिसेम्बर, २०१७

## २.३ दिगो विकास लक्ष्य प्राप्तिका लागि भएका प्रयासहरू

नेपाल दिगो विकास लक्ष्यप्रति प्रतिबद्धता जनाई कार्यान्वयन गर्ने एक प्रमुख अग्रणी राष्ट्र हो। नेपालले चौधौं आवधिक योजनादेखि नै दिगो विकासका लक्ष्यलाई आन्तरिकीकरण गर्न सुरु गरेको छ। पन्ध्रौं आवधिक विकास योजनामा दिगो विकास लक्ष्यहरू समाहित गर्दै दिगो विकासमैत्री बनाइएको छ। नेपाल सरकारले आ.व. २०७३/०७४ देखि नै दिगो विकास लक्ष्यमैत्री बजेटको विनियोजनका साथै आयोजना तथा कार्यक्रमहरूको गरी साङ्केतीकरण गर्ने गरेको छ। यसबाट विनियोजित रकमको दिगो विकास लक्ष्यगत खण्डीकृत तथ्याङ्क उपलब्ध हुने गरेको छ। नेपालले आ.व. २०७४/०७५ देखि नै मध्यमकालीन खर्च संरचनामा समेत दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने आयोजनाहरूलाई उच्च प्राथमिकता प्रदान गर्नेगरी आयोजना तथा कार्यक्रमहरूको प्राथमिकीकरणको आधार प्रयोगमा ल्याएको छ।

दिगो विकास लक्ष्यलाई प्रादेशिक तथा स्थानीय तहका योजनामा समावेश गरी लक्ष्य प्राप्त गर्न सहयोग पुऱ्याउन सोहीअनुसार प्रादेशिक तथा स्थानीय योजना तर्जुमा दिग्दर्शन तयार भएका छन्। सबै प्रदेशले राष्ट्रिय लक्ष्यसँग तादम्यता हुनेगरी दिगो विकास लक्ष्यका आधार तथ्याङ्क र सन २०३० सम्ममा प्राप्त गर्ने लक्ष्य निर्धारण गरेका छन्। स्थानीय तहका आवधिक विकास योजनामा दिगो विकास लक्ष्य आन्तरिकीकरण गर्ने प्रयासहरू भएका छन्।

नेपालमा दिगो विकास लक्ष्य प्राप्तिको लागि चाहिने वित्तीय स्रोतको अनुमान गर्न "आवश्यकताको आकलन, लागत अनुमान र वित्तीय रणनीति" तयार गरी स्रोत जुटाउने प्रयास भएको छ। सबै तहका सरकारहरूको क्रियाशीलताबाट मात्रै दिगो विकास लक्ष्यको सफल कार्यान्वयन भई लक्ष्य प्राप्त हुन सक्ने भएकाले प्रदेश र स्थानीय योजनामा दिगो विकास लक्ष्यहरू एकीकृत गर्ने प्रयास भएका छन्। अनुगमन तथा मूल्याङ्कनमा दिगो विकास लक्ष्यका सूचकहरूलाई समेत समावेश गरी दिगो विकास लक्ष्यको प्रगति मापनको संस्थागत व्यवस्था भएको छ। "तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति" (National strategy for the development of statistic – NSDS) अनुरूप दिगो विकास लक्ष्यको प्रगति अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक सूचना सङ्कलन, प्रशोधन र सञ्चय गर्ने व्यवस्था गरेको छ।

दिगो विकास लक्ष्यलाई दिशानिर्देश गर्न सङ्घीय तहमा सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा दिगो विकास लक्ष्य निर्देशक समिति, राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा दिगो विकास लक्ष्य समन्वय समिति र राष्ट्रिय योजना आयोगका सदस्यको संयोजकत्वमा दिगो विकास लक्ष्य विषयगत अनुगमन समिति रहेको छ।

नेपालले दिगो विकास लक्ष्यको २०१६-२०१९ सम्मको आवधिक प्रगति मूल्याङ्कनसमेत सम्पन्न गरेको छ। यसैगरी नेपालले २०१७ र २०१९ मा गरी दुईपटक संयुक्त राष्ट्रसङ्घ (High-Level

Political Forum) मा "दिगो विकास लक्ष्यमा नेपालको अवस्था" समेत दर्शाएर स्वेच्छिक प्रतिवेदन (Voluntary National Reviews -VNR) समेत प्रस्तुत गरेको छ।

दिगो विकास लक्ष्यको विश्वव्यापी मूल्याङ्कन कार्यसूची (Global Evaluation Agenda) लाई आधार मानी नेपालले सन् २०१६ देखि २०२० सम्मको सरकार र विकास साझेदार संस्थाको सहकार्यमा कार्यान्वयन गर्नेगरी एकीकृत अनुगमन तथा मूल्याङ्कनसम्बन्धी राष्ट्रिय कार्ययोजना तयार गरी कार्यान्वयन गरेको छ। उक्त कार्ययोजना नेपाल सरकार, नेपालस्थित राष्ट्रसङ्घीय निकाय र नेपालमा कार्यरत मूल्याङ्कनकर्ताहरूको राष्ट्रिय सञ्जालका कार्यक्रमहरूलाई समेत समावेश गरी कार्यान्वयन गरिएको थियो।

## २.४ दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रदेशले गरेका प्रयासहरू

बागमती प्रदेशले दिगो विकास लक्ष्य प्राप्त गर्ने प्रयासस्वरूप सन् २०१९ मा प्रदेशको दिगो विकास लक्ष्यको आधार तथ्याङ्क र मार्गचित्र तयार गरेको छ। जसमा नेपालले अङ्गीकार गरेका परिमाणात्मक लक्ष्य (Targets) का साथै प्रदेशका थप सूचकहरूसहित २६४ सूचकहरू पनि उल्लेख गरिएका छन्। प्रदेशको प्रथम पञ्चवर्षीय योजना निर्माणमा दिगो विकास लक्ष्यलाई पनि आधार लिइएको छ। प्रदेशको वार्षिक आयोजना छनौट कार्यविधि, २०७८ मा दिगो विकास लक्ष्यलाई आयोजनाको मूल्याङ्कन र प्राथमिकीकरणको एक आधारको रूपमा स्वीकार गरिएको छ। प्रदेशका विषयगत मन्त्रालयहरूले बजेट निर्माण गर्दा केही बजेट उपशीर्षकमा दिगो विकास लक्ष्य साङ्केतीकरणको अभ्यास सुरु गरेको छ तर सबै उपशीर्षकहरूको साङ्केतीकरण भएको छैन। यसले गर्दा प्रदेशको बजेटको ठूलो हिस्सा दिगो विकास लक्ष्यसँग आबद्ध हुन सकेको छैन। आर्थिक वर्ष २०७९/०८० देखि मध्यमकालीन खर्च संरचना तयार गर्दा पनि दिगो विकास लक्ष्यहरूसँग आबद्ध गराउने प्रयास गरिएको छ।

## २.५ प्रदेशमा दिगो विकास लक्ष्यसम्बन्धी संस्थागत संरचना

नेपाल सरकारले सबै प्रदेशमा दिगो विकास लक्ष्य कार्यान्वयन र सोको अनुगमनसम्बन्धी संस्थागत संरचना निर्माण गर्न सुझाएको छ। यसअनुसार मुख्यमन्त्रीको संयोजकत्वमा सबै मन्त्रीहरू र प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षसमेत रहेको दिगो विकास लक्ष्य निर्देशक समिति, प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा दिगो विकास लक्ष्य समन्वय समिति र प्रदेश नीति तथा योजना आयोगको दिगो विकास लक्ष्य हेर्ने सदस्यको संयोजकत्वमा दिगो विकास लक्ष्य अनुगमन तथा मूल्याङ्कन विषयगत समितिहरूको व्यवस्था गरिएको छ।

## २.६ प्रदेशको अधिकार सूची र दिगो विकास लक्ष्य

संविधानले प्रदेशलाई प्रदान गरेको एकल तथा साझा अधिकारका सूचीका अधिकांश विषयहरू दिगो विकास लक्ष्यसँग पनि सम्बन्धित छन्। दिगो विकासका १७ वटा लक्ष्य र १६९ परिमाणात्मक

लक्ष्यहरूमध्ये नेपालले कार्यान्वयन गरेका १६ वटा (लक्ष्य १४ का १० परिमाणात्मक लक्ष्यबाहेक) लक्ष्यका १५९ परिमाणात्मक लक्ष्य र ४७९ सूचकहरूमध्ये १६ लक्ष्य, ६४ परिमाणात्मक लक्ष्य र १३९ सूचकहरू प्रदेश तहसँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेका छन्।[९]

प्रदेशले दिगो विकास लक्ष्य कार्यान्वयनबाट आफ्ना संवैधानिक जिम्मेवारीसमेत पूरा गरिरहेका हुन्छन्। प्रदेशका संवैधानिक अधिकारको सूची र दिगो विकास लक्ष्यबिचको सम्बन्ध तालिका ८ मा दिइएको छ।

## तालिका ८: प्रदेशका संवैधानिक अधिकारको सूची र दिगो विकास लक्ष्यबिचको सम्बन्ध

| विषय क्षेत्र | प्रदेशको एकल अधिकारको सूची (अनुसूची-६) | सङ्घ र प्रदेशको साझा अधिकारको सूची (अनुसूची-७) | सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची (अनुसूची-९) | दिगो विकास लक्ष्यहरू (दिविल) |
|---|---|---|---|---|
| आर्थिक विकास | २. वित्तीय संस्था, सहकारी, वैदेशिक अनुदान र सहयोग<br>११. प्रदेशभित्रको व्यापार,<br>१६.भूमि व्यवस्थापन, जग्गाको अभिलेख,<br>१७.खानी अन्वेषण र व्यवस्थापन<br>१९. प्रदेशभित्रको वन, जल उपयोग तथा वातावरण व्यवस्थापन<br>२०. कृषि तथा पशु विकास<br>२०.कलकारखाना, औद्योगिकीकरण, व्यापार व्यवसाय,<br>२१. गुठी व्यवस्थापन | २. आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन<br>६. सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सृजना<br>७. करार, सहकारी, साझेदारी र एजेन्सी सम्बन्धी<br>८. टाट पल्टेको र दामासाहीसम्बन्धी<br>११. सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, श्रमिकका हक, अधिकार र विवाद सम्बन्धी कार्य<br>१५ उद्योग तथा खनिज,<br>१३. प्रदेश सीमा नदी, जलमार्ग, वातावरण संरक्षण, जैविक विविधता<br>१६. क्यासिनो चिट्ठा<br>१८ पर्यटन<br>१९.चलचित्र, सिनेमा हल,<br>२०. बिमा व्यवसाय सञ्चालन र व्यवस्थापन,<br>२१ गरिबी निवारण र औद्योगिकरण | १. सहकारी<br>४. कृषि<br>७. वन, जंगल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता<br>८. खानी तथा खनिज<br>१०.सामाजिक सुरक्षा तथा गरिबी निवारण<br>१३. सुकुम्बासी व्यवस्थापन | लक्ष्य१: गरिबीको अन्त्य<br>लक्ष्य २: शून्य भोकमरी,<br>लक्ष्य ८: मर्यादित काम तथा आर्थिक वृद्धि<br>लक्ष्य ९: उद्योग, नवीन खोज तथा पूर्वाधार ,<br>लक्ष्य १० : असमानतामा कमी,<br>लक्ष्य १२: उत्तरदायी उपभोग तथा उत्पादन<br>लक्ष्य १३: जलवायु परिवर्तन अनुकूलन कार्य |

[९] दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका, २०७७, राष्ट्रिय योजना आयोग

| विषय क्षेत्र | प्रदेशको एकल अधिकारको सूची (अनुसूची-६) | सङ्घ र प्रदेशको साझा अधिकारको सूची (अनुसूची-७) | सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची (अनुसूची-९) | दिगो विकास लक्ष्यहरू (दिविल) |
|---|---|---|---|---|
| | | २३. अन्तरप्रादेशिक रूपमा फैलिएको जंगल, हिमाल, वन संरक्षण क्षेत्र जल उपयोग<br>२४. भूमि नीति र सो सम्बन्धी कानून<br>२५. रोजगारी र बेरोजगार सहायता | | लक्ष्य १५: जमिनमाथिको जीवन |
| सामाजिक विकास | ८. प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्रहालय,<br>९. स्वास्थ्य सेवा<br>१८. भाषा लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग | ९. औषधि र विषादी<br>१०. परिवार नियोजन र जनसङ्ख्या व्यवस्थापन<br>१२. चिकित्सा, आयुर्वेद चिकित्सा, पशु चिकित्सा, आम्ची र अन्य पेसा<br>१८. खानेपानी तथा सरसफाइ<br>१९. खेलकुद<br>२२. वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संसाधन विकास | २.शिक्षा खेलकुद र पत्रपत्रिका,<br>३. स्वास्थ्य<br>५. खानेपानी सेवा<br>१२. पुरातत्त्व, प्राचिन स्मारक र संग्रहालय | लक्ष्य ३: राम्रो स्वास्थ्य तथा स्वस्थ जीवन,<br>लक्ष्य ४: गुणस्तरीय शिक्षा,<br>लक्ष्य ५: लैङ्गिक समानता,<br>लक्ष्य ६ : स्वच्छ पानी तथा सरसफाइ,<br>लक्ष्य ९: उद्योग, नवीन खोज तथा पूर्वाधार |
| पूर्वाधार विकास | ३.रेडियो एफएम टेलिभिजन सञ्चालन<br>७.प्रदेशस्तरको विद्युत्, सिचाइ र खानेपानी सेवा, परिवहन<br>१२. प्रदेश लोकमार्ग<br>१४. प्रदेश सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन,<br>२०. यातायात | १२. इन्जिनियरिङ<br>१४. सञ्चार माध्यमसम्बन्धी<br>१५. भौतिक पूर्वाधार | ५. विद्युत् तथा सिँचाइ जस्ता सेवाहरू<br>१५. सवारी साधन अनुमति | लक्ष्य ७ :धान्न सक्ने तथा सफा ऊर्जा,<br>लक्ष्य ९: उद्योग, नवीन खोज तथा पूर्वाधार<br>लक्ष्य ११: दिगो सहर र समुदायहरू |
| शासकीय तथा अन्तरसम्बन्धित क्षेत्र | १.प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा | १.फौजदारी तथा देवानी कार्यविधि र प्रमाण र शपथ (कानूनी मान्यता, सार्वजनिक | ९. विपद् व्यवस्थापन | लक्ष्य १६: शान्ति तथा |

| विषय क्षेत्र | प्रदेशको एकल अधिकारको सूची (अनुसूची-६) | सङ्घ र प्रदेशको साझा अधिकारको सूची (अनुसूची-७) | सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची (अनुसूची-९) | दिगो विकास लक्ष्यहरू (दिविल) |
|---|---|---|---|---|
| | ४.कर तथा गैरकर आय<br>५.प्रदेश निजामती सेवा र अन्य सरकारी सेवा<br>६.प्रदेश तथ्याङ्क<br>१०. प्रदेशसभा, प्रदेश मन्त्रिपरिषद्<br>१३. प्रदेश अनुसन्धान व्युरो,<br>१५. प्रदेश लोकसेवा आयोग | कार्य र अभिलेख, न्यायिक प्रक्रिया)<br>३. देशको सुरक्षासँग सम्बन्धित विषयमा निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापन र शान्ति सुरक्षाको व्यवस्था<br>४. एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण<br>५. पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी कानून<br>१०. योजना<br>१२. कानून व्यवसाय, लेखापरीक्षण<br>१७. प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभ | ६. कर तथा गैरकर आय,<br>११. व्यक्तिगत घटना, जन्म मृत्यु, विवाह र तथ्याङ्क,<br>१४. प्राकृतिक स्रोतको रोयल्टी | न्यायपूर्ण/ बलियो संस्था<br>लक्ष्य १७: बहुसरोकार साझेदारी |

## २.७ विषयक्षेत्र

प्रदेशको विकास योजना तथा बजेट तर्जुमाका लागि कार्यक्रम तथा बजेटलाई विभिन्न विषयक्षेत्रमा विभाजन गर्ने गरिन्छ। प्रदेशस्तरीय योजना तर्जुमा दिग्दर्शन, २०७५ (नमूना) मा विभिन्न चार विषयक्षेत्र र २९ उपक्षेत्र उल्लेख गरेको छ। प्रदेशहरूले आ-आफ्नो योजना तर्जुमा दिग्दर्शन तर्जुमाका क्रममा यसमा सामान्य सुधार गर्ने गरेका छन्। नमूना दिग्दर्शनको उपरोक्त व्यवस्था सङ्घीय अभ्यास र स्थानीय तहको विषय क्षेत्रगत समितिसँग तादात्म्यता मिलाउन र केही महत्त्वपूर्ण उपक्षेत्र (उ. विपद् व्यवस्थापन)लाई समाहित गर्न तालिका ९ मा उल्लेख भए बमोजिम विभिन्न पाँच विषयक्षेत्र (वन तथा वातावरण क्षेत्रलाई अलग्गै विषयक्षेत्र) र ३६ उपक्षेत्र कायम गरी दिगो विकास लक्ष्य साङ्केतीकरणसम्बन्धी उदाहरणहरू प्रस्तुत गरिएको छ।

## तालिका ९: प्रदेश सरकारका विषयक्षेत्र र उपक्षेत्र

| क्र.सं. | प्रमुख क्षेत्र | उपक्षेत्र |
|---|---|---|
| १ | आर्थिक क्षेत्र | (क) अर्थ तथा बजेट<br>(ख) कृषि<br>(ग) पशुपक्षी<br>(घ) भूमि व्यवस्था,<br>(ङ) सहकारी<br>(च) वित्तीय सेवा<br>(छ) गरिबी निवारण<br>(ज) उद्योग<br>(झ) वाणिज्य, आपूर्ति तथा व्यवसाय<br>(ञ) पर्यटन<br>(ट) श्रम तथा रोजगार |
| २ | सामाजिक क्षेत्र | (क) शिक्षा<br>(ख) नवप्रवर्तन, विज्ञान तथा प्रविधि,<br>(ग) स्वास्थ्य तथा पोषण,<br>(घ) जनसङ्ख्या युवा तथा खेलकुद<br>(ङ) महिला बालबालिका तथा समावेशीकरण,<br>(च) भाषा, कला, संस्कृति<br>(छ) खानेपानी तथा सरसफाइ<br>(ज) सामाजिक सुरक्षा तथा संरक्षण |
| ३ | पूर्वाधार क्षेत्र | (क) ऊर्जा,<br>(ख) सिँचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापन<br>(ग) भौतिक पूर्वाधार तथा यातायात व्यवस्था (जल, थल र हवाई यातायात)<br>(घ) भवन आवास तथा शहरी विकास<br>(ङ) सूचना तथा सञ्चार प्रविधि |
| ४ | वन तथा वातावरण क्षेत्र | (क) वन, भूसंरक्षण र जैविक विविधता<br>(ख) वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन<br>(ग) विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन |

| | | |
|---|---|---|
| ५ | सुशासन तथा संस्थागत विकास क्षेत्र | (क) प्रदेश संसद्<br>(ख) प्रदेश मन्त्रिपरिषद्<br>(ग) आन्तरिक मामिला/शान्ति सुरक्षा<br>(घ) कानून तथा संसदीय मामिला<br>(ङ) सङ्गठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह<br>(च) सार्वजनिक उत्तरदायित्व र वित्तीय सुशासन<br>(छ) स्रोत/राजश्व परिचालन<br>(ज) योजना तथा तथ्याङ्क प्रणाली<br>(झ) अनुगमन तथा मूल्याङ्कन |

## २.८ दिगो विकास लक्ष्य साङ्केतीकरण र सार्वजनिक वित्त व्यवस्थापनबिचको सम्बन्ध

सरकारका नीति, योजना र कार्यसम्पादनलाई प्रभावकारी बनाउने प्रमुख आधार सार्वजनिक वित्त व्यवस्थापन भएकाले दिगो विकास लक्ष्य तथा परिमाणात्मक सूचकहरू हासिल गर्न प्रभावकारी सार्वजनिक वित्त व्यवस्थापन आवश्यक हुन्छ। प्रदेश सरकारले स्रोत साधनको व्यवस्थापन गर्दा निर्धारित उद्देश्य प्राप्तिका लागि स्रोत साधनहरूको उपयोग उच्च प्राथमिकताका क्षेत्रमा गर्न र स्रोतको आवश्यकता पहिचान गर्न दिगो विकास लक्ष्यअनुसार स्रोत विनियोजन र खर्चको साङ्केतीकरण गर्न आवश्यक हुन्छ। दिगो विकास लक्ष्यअनुसार बजेट साङ्केतीकरणले सार्वजनिक वित्त व्यवस्थापनमा मितव्ययिता, कार्यकुशलता, प्रभावकारिता, पारदर्शिता र जवाफदेहिताजस्ता सुशासनका आयामहरूलाई सुदृढ गर्न सघाउँछ।

दिगो विकास लक्ष्यका १६ वटै लक्ष्य (लक्ष्य १४ नेपालको सन्दर्भमा लागु नहुने) र थुप्रै लक्ष्य सूचकहरू संवैधानिक अधिकार सूचीअनुसार प्रदेशको जिम्मेवारीमा पर्दछन्। प्रदेशले दिगो विकासको राष्ट्रिय लक्ष्यलाई प्रदेशको जिम्मेवारीअनुसार स्थापित गर्ने, प्राथमिकीकरण गर्ने र सोही अनुरूप नीति तथा कार्यक्रम तर्जुमा, समन्वय र कार्यान्वयन गर्नुपर्दछ। यसैले दिगो विकास लक्ष्य प्राप्त गर्न प्रदेश सरकारको महत्त्वपूर्ण भूमिका र जिम्मेवारी रहन्छ। प्रदेशको कार्यजिम्मेवारीभित्र पर्ने दिगो विकास लक्ष्यहरू प्रादेशिक योजना प्रणालीमा आन्तरिकीकरण गरी यी लक्ष्यहरू प्राप्त गर्न स्रोतको व्यवस्थापन, विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासनजस्ता सार्वजनिक वित्त व्यवस्थापनका अवयवहरूमा विशेष ध्यान दिनुपर्ने हुन्छ। दिगो विकास लक्ष्यअनुसार बजेट साङ्केतीकरणले प्रदेश सरकारलाई सार्वजनिक वित्त व्यवस्थापनमा निम्नानुसार सघाउ पुऱ्याउँछः

***२. प्रदेशले तय गरेका परिमाणात्मक लक्ष्यअनुसार क्षेत्रगत रूपमा आवश्यक स्रोतको पहिचान तथा यकिन गर्न***

दिगो विकास लक्ष्यअनुसार बजेट साङ्केतीकरणले प्रदेशले तय गरेका लक्ष्यअनुसारका परिमाणात्मक लक्ष्य सम्वत २०८७ सम्ममा प्राप्त गर्न क्षेत्रगत रूपमा कुन क्षेत्रलाई प्रत्येक वर्ष कति स्रोत आवश्यक पर्छ भन्ने विषयमा अनुमान गर्न र आवश्यक स्रोतको प्रक्षेपण गरी स्रोत व्यवस्थापन गर्न मद्दत गर्दछ।

***३. आवश्यक स्रोतका क्षेत्र पहिचान गर्न***

दिगो विकास लक्ष्यअनुसार बजेट साङ्केतीकरणले सार्वजनिक क्षेत्र, निजी क्षेत्र, सहकारी क्षेत्र, विकास साझेदार, गैरसरकारी क्षेत्र, सामुदायिक क्षेत्र आदिको दिगो विकास लक्ष्यको लागि गर्न सक्ने योगदान पहिचान गरी यी सबै क्षेत्रबाट आवश्यक स्रोत जुटाउन मद्दत गर्दछ।

दिगो विकास लक्ष्यको महत्त्वपूर्ण साझेदार निजी क्षेत्र रहेको छ। दिगो विकास लगानीमा निजी क्षेत्रको ३६.५ प्रतिशत, घरपरिवारको ४.४ प्रतिशत र सहकारी तथा गैरसरकारी क्षेत्रको ४.३ प्रतिशत लगानी रहने अनुमान छ। दिगो विकास लक्ष्य विश्वव्यापी रूपमा सहमति गरिएका विकासका साझा खाका भएकाले लक्ष्य १७ ले यी लक्ष्यहरू प्राप्त गर्न अन्तर्राष्ट्रिय साझेदारीलाई समावेश गरेको छ। दिगो विकास लक्ष्य साङ्केतीकरणले कुन क्षेत्रमा स्रोत साधनको न्यूनता भएको क्षेत्रमा सम्बन्धित सरोकारवाला र विकास साझेदारसँग नपुग स्रोत जुटाउन पृष्ठपोषण प्रदान गर्दछ।

***४. आवश्यक स्रोत परिचालन गर्न***

दिगो विकास लक्ष्य प्राप्त गर्ने क्षेत्रमा सम्वत् २०७२-०८७ का बिच वार्षिक औसत लगानी आवश्यकता सम्वत् २०७१ को स्थिर मूल्यमा रु. २०२५ अर्ब हुने अनुमान गरिएको छ जुन देशको कुल गार्हस्थ्य उत्पादनको ४८ प्रतिशत हुन आउँछ। दिविल लगानीमा प्रतिवर्ष करिब ५८५ अर्ब वित्तीय अन्तर अर्थात् लगानीको आवश्यकता र उपलब्ध स्रोतका बिचको अन्तर रहेको छ। दिविलको लगानीमा करिब ५५% सार्वजनिक क्षेत्रबाट बेहोरिने अनुमान छ। दिगो विकास लक्ष्यका लागि प्रक्षेपित सार्वजनिक लगानीमा करिब २० प्रतिशत स्रोतको न्यूनता रहेको छ। यो अन्तर पूरा गर्न निजी क्षेत्रको परिचालन तथा अन्तर्राष्ट्रिय सहयोगको भूमिका महत्त्वपूर्ण हुन्छ। यसका लागि पनि विश्वसनीय वित्तीय आकलन र प्रभावकारी सार्वजनिक वित्त व्यवस्थापन जरुरी हुन्छ।

प्रदेशगत दिगो विकास लगानी आवश्यकताको अध्ययन नभइसके पनि प्रदेशहरूको आन्तरिक स्रोतको सीमितताले वित्तीय हस्तान्तरणमा प्रदेशहरू उच्च निर्भरता रहेको परिप्रेक्ष्यमा राष्ट्रिय तहमै लगानीको आवश्यकता र उपलब्ध स्रोतका बिचको अन्तरले प्रदेश तहमा स्वतः असर

पर्ने देखिन्छ। यसैले दिगो विकास लक्ष्यका प्रदेश तहको जिम्मेवारी पूरा गर्न पनि ठूलै वित्तीय अन्तरको व्यवस्थापन गर्नुपर्ने हुन्छ। दिविलको साङ्केतीकरणले यो अन्तर पहिचान गरी यसको व्यवस्थापन गर्न सघाउँछ।

### ५. *आन्तरिक स्रोत वृद्धि*

प्रदेशहरूको वार्षिक बजेटको स्रोतमा आन्तरिक आयको हिस्सा निकै न्यून अर्थात ९.७४ प्रतिशत (तालिका नं १०) रहेको छ। प्रदेशको विकास आवश्यकताका दृष्टिले यो निकै कम हो र स्रोत पूरा गर्न प्रदेशले आफ्नो अधिकार क्षेत्रभित्र पर्ने कर तथा गैरकर आय अर्थात् आन्तरिक स्रोतको अभिवृद्धिको प्रयत्न गर्न आवश्यक छ। दिविल साङ्केतीकरणले सार्वजनिक वित्त व्यवस्थापनमा प्रदेशहरूलाई आन्तरिक आय अभिवृद्धि गर्न अभिप्रेरित गर्दछ।

**तालिका १०: आर्थिक वर्ष २०७७ /०७८ मा प्रदेशको आन्तरिक आय तथा बजेट खर्च**

**(रु. करोडमा)**

| क्र. सं. | विवरण | सातै प्रदेश सरकार |
|---|---|---|
| १ | कुल खर्च | १८८.९० |
| २ | खुद आन्तरिक आय | १८.४१ |
| ३ | कुल खर्चमा आन्तरिक आयको हिस्सा (%) | ९.७४ |

### ६. *लगानीमा प्राथमिकता तोक्न*

दिगो विकास लक्ष्य बजेट साङ्केतीकरणले सार्वजनिक वित्त व्यवस्थापनको महत्त्वपूर्ण अङ्ग बजेट निर्माणमा प्राथमिकता तोक्न सघाउँछ। बजेट तर्जुमा र मध्यमकालीन खर्च तर्जुमा गर्दा दिगो विकासमैत्री र उच्च प्राथमिकताका क्षेत्रमा उपलब्ध स्रोत साधनको विनियोजन गर्नुपर्दछ। बजेटले निर्दिष्ट लक्ष्य प्राप्त गर्न आवश्यक क्रियाकलापका लागि स्रोतको सुनिश्चितता र परिचालन गर्दछ। यसले प्रगति समीक्षामार्फत् लक्ष्यको प्रगति मापनलाई पनि योगदान पुऱ्याएको हुन्छ। सहस्राब्दी विकास लक्ष्यको अनुभवले कुनै पनि सरकारले आफ्नो नीतिगत तथा लक्ष्यगत प्राथमिकतालाई व्यवस्थित रूपमा आफ्नो बजेट निर्माण प्रक्रियामा समाहित गरी आवश्यक बजेट विनियोजन गर्न सुझाएको छ।

दिगो विकास लक्ष्यले प्राय सबै राष्ट्रले लिने अधिकांश लक्ष्यहरूलाई समेटेको छ, नेपालको मार्गचित्रले पनि अधिकांश लक्ष्यलाई समेटेको छ। फलस्वरूप दिगो विकास लक्ष्यलाई नीतिगत प्राथमिकतामा राखी बजेट निर्माण प्रक्रियामा लक्ष्यगत प्राथमिकता तोकेको खण्डमा गरिबी निवारणदेखि आर्थिक तथा सामाजिक विकासलगायत पर्यावरणीय क्षेत्रमा अपेक्षित उपलब्धि हासिल भई नेपालले लिएको "समृद्ध नेपाल सुखी नेपालीको" लक्ष्य प्राप्त गर्न सहयोग पुग्ने देखिन्छ।

दिगो विकास लक्ष्य साङ्केतीकरणबाट कुन दिगो विकास लक्ष्यमा के कति बजेट विनियोजन भयो र कुन लक्ष्यमा कति रकम खर्च भयो सो बारेमा जानकारी प्राप्त गरी लगानीमा प्राथमिकता तोक्न सहज हुनका साथै दिगो विकास लक्ष्यअनुसार कार्यक्रम र विनियोजनको तादात्म्यता पहिचान गरी बजेटमा सन्तुलन मिलाउन र स्रोतको उच्चतम उपयोग गर्ने अवसर प्राप्त हुन्छ।

दिविल साङ्केतीकरणले विनियोजित रकमको नतिजामूलक उपयोगबाट सार्वजनिक रकमको मूल्यको सुनिश्चितता (Value for Money) कायम गर्न सहयोग गर्दछ। यस कार्यले वित्त व्यवस्थापनको संस्थागत संरचना, सार्वजनिक वित्त व्यवस्थापन, खरिद प्रणाली र शासकीय प्रणाली व्यवस्थित गर्न मद्दत गर्दछ।

## ७. *कार्यान्वयन क्षमता सुदृढीकरण गर्न*

प्रदेशमा स्रोतको न्यूनताका साथै खर्च गर्ने क्षमतामा समेत उत्साहजनक प्रगति हुन सकेको छैन। पछिल्ला तीन आ.व. को बजेट खर्चको अवस्था केलाउँदा प्रदेशसभाबाट स्वीकृत बजेटको २०७५/०७६ मा ५४.५० प्रतिशत, २०७६/०७७ मा ६१.१७ प्रतिशत र २०७७/०७८ मा ७०.६५ प्रतिशत मात्र खर्च भएको देखिन्छ।[१०] नेपाल जस्तो विकासशील मुलुकका जहाँ आर्थिक, सामाजिक पछौटेपन हटाउन र दिगो विकास लक्ष्य हासिल गर्न स्रोतको न्यूनतासँग जुझिरहनुपरेको छ, प्रदेशको स्रोत साधन अत्यन्त न्यून रहेको छ, यस्तो अवस्थामा विनियोजित स्रोत साधनको कम उपयोग हुँदा दिगो विकास लक्ष्यले अपेक्षा गरेअनुसार प्रगति हुन सक्दैन। दिगो विकास लक्ष्यअनुसार बजेट र खर्चको साङ्केतीकरणले सार्वजनिक वित्त व्यवस्थापनमा प्रदेशहरूको बजेट तथा आयोजना कार्यान्वयन क्षमता सुदृढ गर्न पृष्ठपोषण गर्दछ।

## ८. *स्वमूल्याङ्कनको अवसर प्रदान गर्न*

दिगो विकास लक्ष्य साङ्केतीकरणबाट प्राप्त जानकारीले प्रदेशलाई लक्षित क्षेत्रमा प्रगतिको अवस्थाबारे स्वमूल्याङ्कन गर्न सघाउँदछ। यसले सार्वजनिक वित्त व्यवस्थापनमा कुशलता हासिल गर्न र प्रदेश सरकारका वित्तीय जोखिम न्यूनीकरण गर्नसमेत सहयोग पुग्ने हुन्छ।

[१०] महालेखापरीक्षकको सन्ताउन्नौं, (२०७७) अन्ठाउन्नौं (२०७८) र उनन्साठीऔं वार्षिक (२०७९) प्रतिवेदनहरू

## २.९ स्रोत पुस्तिका तयारी विधि

यो स्रोत पुस्तिका तयार गर्दा विभिन्न दस्ताबेजहरूको र हालसम्म राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय रुपमा भएका बजेट साङ्केतीकरणका अभ्यासको अध्ययन र विश्लेषण गरिएको थियो। यसैको आधारमा यसको खाका तयार गरिएको छ। त्यसमध्ये प्रमुख स्रोतहरू देहाय अनुसार छन् -

१. नेपालको संविधान, संविधानको कार्य विस्तृतीकरण प्रतिवेदन, २०७३, नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ र प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४,
२. अधिकार र कार्य जिम्मेवारीको बाँडफाँटसम्बन्धी विषयगत कानूनहरू, राष्ट्रिय योजना आयोगबाट जारी सङ्घ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण र बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६,
३. नेपाल दिगो विकासका लक्ष्यहरू वर्तमान अवस्था र भावी मार्गचित्र (२०१६-२०३०), स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण स्रोत पुस्तिका, २०७९,
४. दिगो विकास लक्ष्यहरू, बागमती प्रदेशको अवस्था र मार्गचित्र, (२०१९-२०३०)
५. आ.व. २०७९/०८० को नेपाल सरकारको व्यय अनुमानको विवरण (खर्च शीर्षकगत र स्रोतगत समेत) र प्रदेश सरकारका ब्ययको अनुमान विवरण र वार्षिक विकास कार्यक्रम।

स्रोत स्रोत पुस्तिकाको खाकामा प्रदेश नीति तथा योजना आयोगको संयोजनमा मन्त्रालयका प्रतिनिधिहरूसँग छलफल गरी सुझावहरू सङ्कलन गरिएको थियो। उक्त प्रक्रियामा प्रदेशका प्रयासहरू र अभ्यासहरूको तथ्याङ्क र विभिन्न दस्ताबेज सङ्कलन गरिएको थियो। सबै प्रदेशको आर्थिक मामिला मन्त्रालयका प्रदेश मन्त्रालय बजेट सूचना प्रणाली (PLMBIS) सञ्चालन गर्ने अधिकृतसँग छलफल गरी स्रोत पुस्तिकामा समेटिनुपर्ने विषयवस्तु र त्यसको व्यावहारिक पक्ष तथा गहिराइको बारेमा सुझाव सङ्कलन गरिएको थियो। साथै सङ्घीय अर्थ मन्त्रालयका पदाधिकारी र प्रदेश मन्त्रालय बजेट सूचना प्रणाली (PLMBIS) सञ्चालन गर्ने अधिकृतसँग पनि छलफल गरी सुझाव सङ्कलन गरिएको थियो।

स्रोत पुस्तिका तयार गर्दा प्राथमिक र सहायक तथ्याङ्कहरू प्रयोग भएका छन् भने व्याख्यात्मक विश्लेषण विधि अवलम्बन गरिएको थियो।

यो स्रोत पुस्तिका देहायअनुसार तयार गरिएको छ-

१. कार्यक्रमहरूलाई विषय क्षेत्र र उपक्षेत्र विभाजन गर्दा प्रदेशस्तरीय योजना तर्जुमा दिग्दर्शनमा उल्लिखित विषयक्षेत्रहरूलाई आवधिक विकास योजनाका लागि निर्धारित विषय क्षेत्र र उपक्षेत्रसँग तादात्म्यता कायम हुने गरी केही परिमार्जन गरिएको छ,
२. प्रदेशका सबै कार्यक्रमलाई समेट्ने गरी बजेट साङ्केतीकरणका लागि प्रदेशले सञ्चालन गर्ने कार्यक्रमहरूको साधारण सूची उदाहरणको रूपमा प्रस्तुत गरिएको छ।

## २.१० स्रोत पुस्तिकाको उपादेयता

नेपालको दिगो विकास लक्ष्यका लागि आवश्यक लगानी अनुमानअनुसार कुल रु. ३०३ खर्ब ८४ अर्ब (सन् २०१४/१५ को मूल्यमा) लगानी आवश्यक छ। यसमध्ये सार्वजनिक क्षेत्रबाट रु. १६६ खर्ब ७० अर्ब लगानी गर्नु आवश्यक छ। यो लगानीको लागि कुल रु. ३२ खर्ब ७४ अर्ब वित्तीय स्रोत अभाव छ। त्यसमाथि विभिन्न तहका सरकारहरूले गरेको लगानी लेखाङ्कन नहुने हो भने दिगो विकास लक्ष्यमा के कति लगानी भयो र कति उपलब्धि भयो सोको मूल्याङ्कन गर्न कठिन छ। नेपालको दिगो विकास लक्ष्यसम्बन्धी मार्गचित्रले प्रदेश र स्थानीय तहले दिगो विकास लक्ष्यको कार्यान्वयनमा मुख्य भूमिकामा खेल्ने स्वीकारेको छ। यसका लागि प्रदेश तथा स्थानीय तहबाट दिगो विकास लक्ष्य हासिल हुने गरी लगानीलाई प्रवाहित गर्नु जरुरी छ। साथै यसरी विभिन्न लक्ष्यसँग सम्बन्धित क्षेत्रमा सार्वजनिक क्षेत्रबाट गरिएको बजेट विनियोजन र खर्चको उचित लेखाङ्कन, विश्लेषण तथा प्रतिवेदन हुने व्यवस्था गरिनुपर्छ। जुन कार्य बजेट निर्माणको प्रक्रियामा नै गरिएमा वास्तविक परिणाम दिन्छ र कार्य प्रक्रिया पनि सहज बन्दछ। राष्ट्रिय बजेट निर्माणको क्रममा दिगो विकास लक्ष्य साङ्केतीकरण गर्दा प्रदेश र स्थानीय तहमा जाने सामान्यतः ससर्तबाहेक अन्य अनुदान रकमको साङ्केतीकरण नगरिने कारणले पनि समग्र राष्ट्रिय विनियोजनको विश्लेषण पूर्ण हुन सकेको छैन। त्यसैले पनि प्रदेश तथा स्थानीय तहको बजेटको साङ्केतीकरण जरुरी हुन जान्छ।

बजेट निर्माणको प्रक्रियामा दिगो विकास लक्ष्यको आबद्धता कार्यान्वयन गर्न कुन आयोजना/कार्यक्रम कुन लक्ष्यसँग सम्बन्धित छ सोको बुझाइमा सङ्घ र सबै प्रदेशमा एकरूपता हुनु आवश्यक छ। यसो भएमा मात्र राष्ट्रिय रूपमा कुन लक्ष्यमा कति बजेट विनियोजन भयो र खर्च भयो एकीकृत प्रतिवेदन र प्रत्येक प्रदेशगत प्रतिवेदन पाउन सकिन्छ। तसर्थ, बजेट निर्माण प्रक्रियामा संलग्न हुने विषयगत मन्त्रालयका अधिकारीहरू कुन कार्यक्रम कुन लक्ष्यसँग सम्बन्धित छ भन्नेबारे स्पष्ट हुन सहयोग पुऱ्याउन र सबै तह र कार्यालयको बुझाइमा एकरूपता ल्याउन दिगो विकास लक्ष्य बजेट साङ्केतीकरण स्रोत पुस्तिका आवश्यक छ।

यो स्रोत पुस्तिका प्रदेश सरकारलाई आफ्ना क्रियाकलापहरूलाई दिगो विकासका लक्ष्यअनुसार साङ्केतीकरणमा सहजीकरण गर्न तर्जुमा गरिएको हो। यसको अतिरिक्त यस स्रोत पुस्तिकाको उपयोगबाट देहायबमोजिम सहयोग पुग्न सक्दछ-

१. प्रादेशिक आवधिक विकास योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रममा समावेस गरिने आयोजना तथा कार्यक्रमहरूलाई दिगो विकास लक्ष्यका आधारमा साङ्केतीकरण गर्न,

२. वार्षिक बजेट र कार्यक्रममा दिगो विकासका लक्ष्यअनुसार विनियोजनको खण्डीकृत (Disaggregated) तथ्याङ्क प्राप्त गर्न,

३. दिगो विकासका लक्ष्यगत विनियोजनको खर्च, सोको प्रतिफलको मापन र दिगो विकास लक्ष्यका उपलब्धिहरूको लेखाजोखा, अनुगमन तथा मूल्याङ्कन गर्न,

४. राष्ट्रिय तहमा प्रदेशले दिगो विकास लक्ष्य प्राप्त गर्न पुऱ्याएको योगदानको अंशसम्बन्धी तथ्याङ्क प्राप्त गर्नका साथै दिगो विकास लक्ष्य हासिल गर्न प्रदेशले पुऱ्याएको योगदानको मापन र मान्यता (Recognition) प्राप्त गर्न,

५. दिगो विकास लक्ष्य प्राप्तिमा स्रोतको आवश्यकता र विनियोजनबिच स्रोत कमीको (Gap) पहिचान गर्न,

६. दिगो विकास लक्ष्य प्राप्तिको अवस्थासम्बन्धी राष्ट्रिय प्रगति तयार गर्न, र

७. नेपाल सरकारलाई सहज रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा दिगो विकास लक्ष्यमा भएको लगानीबारे जानकारी गराउन।

## २.११ स्रोत पुस्तिकाको उद्देश्य

यस स्रोत पुस्तिकाका उद्देश्यहरू देहायअनुसार रहेका छन्-

१. दिगो विकास लक्ष्यअनुसारका सूचकहरूमा पर्ने मुख्य क्षेत्र र उपक्षेत्रगत क्रियाकलापहरू (आयोजना र कार्यक्रमहरू) का सम्बन्धमा सङ्घ, प्रदेश र सबै स्थानीय तहहरूका बिच बुझाइमा एकरूपता कायम गर्नु,

२. प्रदेश सरकारका लागि आफ्ना कार्यक्रम तथा क्रियाकलापहरूलाई दिगो विकास लक्ष्यअनुसार बजेट साङ्केतीकरण गर्नका लागि सहजीकरण गर्नु,

३. दिगो विकास लक्ष्यअनुसार विनियोजित बजेट तथा खर्चको अभिलेख राख्न र प्रस्तुत गर्न सहयोग गर्नु,

४. दिगो विकास लक्ष्यअनुसार कार्यक्रममा विनियोजन भएको बजेट दस्तावेजीकरण गरी राष्ट्रिय लेखाङ्कनमा आबद्ध गर्नु, र

५. प्रदेश मन्त्रालय बजेट सूचना प्रणाली (Provincial Line Ministry Budget Information System (PLMBIS) मा दिगो विकास लक्ष्य (SDG) बजेटिङ र खर्चको पछ्याई (Expenditure Tracking) को विकासमा मद्दत गर्नु, र

६. दिगो विकाससम्बन्धी प्रयासहरूलाई संस्थागत गर्नु।

## २.१२ स्रोत पुस्तिकाको सीमा

१. दिगो विकास लक्ष्य हासिल गर्न सार्वजनिक क्षेत्रका अलावा निजी क्षेत्र, घर परिवार, सहकारी र गैरसरकारी क्षेत्रहरूको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण रहन्छ। यो पुस्तिका प्रदेश मन्त्रालय बजेट सूचना प्रणाली (PLMBIS) मा समावेश हुने दिगो विकास लक्ष्य साङ्केतीकरण गर्ने प्रयोजनका लागि तयार भएकाले यस प्रणालीमा समावेश सार्वजनिक खर्चमात्र समेट्दछ। निजी क्षेत्र, घर परिवार, सहकारी, दातृ निकायबाट प्रत्यक्ष खर्च हुने र गैरसरकारी क्षेत्रहरूले दिगो विकास लक्ष्यमा पुऱ्याउने योगदानको अभिलेख यसबाट प्राप्त हुन सक्दैन। यसका लागि भिन्न प्रणालीबाट मूल्याङ्कन गर्नुपर्ने हुन्छ।

२. यो पुस्तिका प्रदेशको कार्य विभाजन नियमावलीलाई मूल आधार मानी तयार गरिएको हुनाले भविष्यमा प्रदेशका निकायहरूबिच कार्य विभाजनमा परिवर्तन भएमा सोहीअनुसार प्रयोग गर्नुपर्ने हुन्छ।

३. स्रोत पुस्तिकामा प्रदेशको अधिकार क्षेत्रभित्रका सबै कार्यक्रमलाई समेट्ने क्रममा कतिपय उदाहरणहरू सबैका समानरूपमा सान्दर्भिक नहुन सक्दछन्। यस्तो अवस्थामा यसलाई सन्दर्भ उदाहरणका रूपमा मात्र प्रस्तुत गरिएकाले त्यसै अनुरूप ग्रहण गर्नु (बुझ्नु) पर्ने हुन्छ।

# परिच्छेद-३

# वार्षिक बजेटमा दिगो विकास लक्ष्य साङ्केतीकरण

## ३.१ बजेट साङ्केतीकरण

विकासका लक्ष्यहरूलाई द्रुत, सन्तुलित र दिगो रूपमा हासिल गर्नु बजेटको महत्त्वपूर्ण उद्देश्य हो। बजेटले सरकारका नीति, योजना र कार्यक्रमको कार्यान्वयन सुनिश्चितता प्रदान गर्दछ। बजेट निर्माण आफैंमा एक जटिल प्रक्रिया पनि हो। बजेटले अनेकौं क्रियाकलापका लागि स्रोतको व्यवस्था तथा सुनिश्चितता गरेको हुन्छ। तसर्थ कुन क्रियाकलाप के लक्ष्यसँग सम्बन्धित छ भन्ने जानकारी लिन कठिन प्रायः हुन्छ। बजेट साङ्केतीकरणले सरकारका लक्ष, क्रियाकलाप र विनियोजित बजेट बिच सम्बन्ध स्थापित गर्दछ। फलस्वरुप विनियोजन भएका प्रत्येक क्रियाकलापहरू कुन लक्ष्य एवम् क्षेत्रसँग सम्बन्धित छन्, साथै सो लक्ष्य प्राप्त गर्न कति रकम विनियोजन भएको छ भन्ने जानकारी लिन सकिन्छ।

## ३.२ दिगो विकास लक्ष्य साङ्केतीकरण

दिगो विकास लक्ष्य साङ्केतीकरणले सम्बन्धित तहका सरकारहरूको जिम्मेवारीका साथ लक्ष्य प्राप्त गर्न आवश्यक रकम विनियोजन गरे नगरेको र विनियोजित बजेटमध्ये भएको खर्चको प्रगति अनुगमन गर्न महत्त्वपूर्ण योगदान गर्दछ।

नेपाल सरकारले आर्थिक वर्ष २०७३/०७४ देखि नै वार्षिक बजेटमा दिगो विकास लक्ष्यको विनियोजन र विनियोजित रकमको खण्डीकृत तथ्याङ्कसमेत प्रतिविम्बित गर्ने गरी प्राथमिक तहको योगदानलाई (Primary Contribution) आधार मानी एलएमबीआइएस (LMBIS) मा साङ्केतीकरण गर्दै आएको छ। यस्तो साङ्केतीकरण गर्दा आयोजना र कार्यक्रमहरूको आबद्धताअनुसार दिगो विकासका लक्ष्य साङ्केतीकरण हुने गरेको छ।

प्रदेश तहको बजेट तर्जुमाका लागि प्रदेश मन्त्रालय बजेट सूचना प्रणालीको अवलम्बन गरिएको छ। यो प्रणालीको प्रयोग आ.व. २०७४/०७५ बाट प्रारम्भ भएको हो।

## ३.३ साङ्केतीकरणका चालु अभ्यासमा देखिएका द्विविधाहरू

दिगो विकास लक्ष्य साङ्केतीकरणका क्रममा निम्नवमोजिम द्विविधाहरू देखिएका छन्-

१. प्रदेश मन्त्रालय बजेट सूचना प्रणालीमा आयोजना स्वीकृतिको चरणमा नै बजेट उपशीर्षकअनुसार दिगो विकास लक्ष्य साङ्केतीकरण गर्ने व्यवस्था रहेको छ। यस प्रणालीमा सुरुमा दिगो विकास लक्ष्य साङ्केतीकरणको फिल्ड रहे तापनि आ.व. २०७९/०८० मा परिमार्जनका क्रममा उक्त व्यवस्था केही समय छुट हुन गएकोले चालु आ.व. २०७९/०८० मा दिगो विकास लक्ष्य साङ्केतीकरण र विनियोजनमा द्विविधाको अवस्था सृजना हुन पुग्यो। फलतः प्रदेशको बजेट पुस्तिकामा कुनै पनि सङ्केतमा नपर्ने विनियोजनको आकार निकै बढी देखिन गएको छ।

सबै प्रदेशहरूको दिगो विकास लक्ष्य सांकेतीकरण तुलना गर्न सहज होस् भन्ने उद्देश्यले अन्य प्रदेशका पनि केही सान्दर्भिक विषयलाई यहाँ प्रसङ्गकोरूपमा समावेश गरिएको छ। साथै प्रदेशहरूले दिगो विकास लक्ष्यका लागि गरेको कुल बजेटमध्ये विभिन्न लक्ष्यमा गरेको विनियोजन प्रतिशत तालिका ११ र रेखाचित्र १ मा दर्शाइएको छ। संलग्न तालिकामा शून्य लक्ष्यले कूल बजेटमध्ये दिगो विकास लक्ष्य साङ्केतीकरण नगरेको वा शून्य सङ्केत उल्लेख गरेको बजेटको प्रतिशतलाई देखाएको छ।

तालिका ११: आ.व. २०७९/०८० मा प्रदेशहरूले दिगो विकास लक्ष्यहरूमा गरेको बजेट विनियोजन (प्रदेशको कुल बजेटको %)


| लक्ष्य | प्रदेश १ | मधेस | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| ० | ५८.८४ | ८५.८५ | ६९.९ | ७३.४५ | ४१.११ | ५४.१२ | २२.६१ |
| १ | २.५३ | ० | ० | ०.२४ | ०.५४ | १३.२६ | ६.०८ |
| २ | ५.३९ | ०.१ | १.४४ | ०.२८ | ७.७२ | १.९६ | २.५७ |
| ३ | ० | ७.८३ | १.६२ | ६.९१ | ७.२९ | १०.४३ | ६.७१ |
| ४ | ० | ०.२५ | ०.१४ | ०.११ | ३.३६ | ४.४९ | ५.८४ |
| ५ | ० | ० | ० | ० | ०.४ | ०.८९ | ३.५४ |
| ६ | १.०३ | ०.२९ | ०.३५ | ५.२ | ३.७२ | ०.४८ | ७.०९ |
| ७ | ०.०३ | ०.०२ | ०.०१ | ० | ०.२३ | ०.०३ | ० |
| ८ | ०.१२ | ०.०१ | ०.०६ | ०.१६ | ०.८५ | २.२४ | २२.५४ |
| ९ | १८.९३ | ४.२१ | २.९६ | २.९३ | २०.९३ | ५.७२ | ३.४५ |
| १० | ०.९ | ०.११ | ०.०७ | ० | ०.७५ | ०.१८ | १.२८ |
| ११ | ८.३८ | ०.८३ | २१.६७ | १ | ५.८६ | ०.९६ | ३.५१ |
| १२ | ० | ०.६ | ० | ४.५५ | १.८७ | ०.०६ | ०.०६ |
| १३ | १.५३ | ०.१२ | १.५२ | २.१४ | १.८५ | २.८८ | ११.३५ |
| १५ | ०.५५ | ०.२४ | ०.२५ | ०.१४ | १.३७ | ०.४८ | ०.९१ |

| लक्ष्य | प्रदेश १ | मधेस | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| १६ | १.३७ | ० | ० | २.७३ | १.२५ | ०.९१ | १.४२ |
| १७ | ०.४१ | ० | ० | ०.१७ | ०.८९ | ०.९१ | १ |


सङ्घबाट प्राप्त ससर्त अनुदानबाट भएको बजेट विनियोजन प्रदेशमा साङ्केतीकरण गर्नु नपर्ने भए तापनि ५ वटा प्रदेशहरूको करिब आधाभन्दा बढी बजेट दिगो विकास लक्ष्यसँग आबद्ध नभएको देखिएको छ। बागमती प्रदेशले पाँच वटा लक्ष्य (लक्ष्य १, ५, १२, १६ र १७) सँग सम्बन्धित क्षेत्रमा बजेट विनियोजन गरेको देखिंदैन। उदाहरणको लागि बागमती प्रदेशको आब २०७९/८० को दिविलअनुसार बजेट विनियोजन रेखाचित्र १.३ मा पनि देख्न सकिन्छ।

## रेखाचित्र १: आ.व. २०७९/०८० मा प्रदेशहरूले दिगो विकास लक्ष्यहरूमा गरेको बजेट विनियोजन (प्रदेशको कुल बजेटको %)


रेखाचित्र १.१ प्रदेश १





रेखाचित्र १.२ मधेस





रेखाचित्र १.३ बागमती




रेखाचित्र १.४ गण्डकी





रेखाचित्र १.५ लुम्बिनी





रेखाचित्र १.६ कर्णाली




रेखाचित्र १.७ सुदुरपश्चिम



## रेखाचित्र २: नेपालको आ.व. २०७९/०८० को दिविल अनुसारको बजेट विनियोजन




२. नेपाल सरकारको आ.व. २०७९/०८० को दिगो विकास लक्ष अनुसारको बजेट विनियोजनको अवस्थालाई रेखाचित्र ३ मा देखाइएको छ। प्रदेशको धेरै कार्यक्षेत्र दिगो विकास लक्ष्यसँग सम्बन्धित भए पनि प्रदेशको बजेट साङ्केतीकरणमा दिगो विकास लक्ष्यमा नपर्ने विनियोजनको अनुपात सुदूरपश्चिम प्रदेशबाहेक अन्य प्रदेशमा सङ्घभन्दा निकै उच्च देखिएको छ। प्रदेशहरूको बजेटमा दिगो विकास लक्षसँग साङ्केतीकरण नभएको बजेटको अंश सबैभन्दा कम सुदूरपश्चिम प्रदेशको २२.६१ प्रतिशतदेखि सबैभन्दा बढी मधेस प्रदेशको ८५.८५ प्रतिशतसम्म छ। दिगो विकास लक्ष्य साङ्केतीकरणसम्बन्धी स्पष्टताको अभावमा दिगो विकाससँग प्रत्यक्ष सम्बन्धित कार्यक्रमहरूसमेत कुनै लक्ष्यमा नपर्ने गरी साङ्केतीकरण भएको वा सङ्घबाट प्राप्त हुने ससर्त, विशेष र समपूरक अनुदानको दोहोरो साङ्केतीकरण भएको कारणले यस्तो अत्यधिक फरक परेको हो। यो प्रदेशको आ.व. २०७९/०८० मा ससर्त, विशेष र समपूरक अनुदान कुल बजेटको करिब १७.८५ प्रतिशत छ भने दिगो विकास लक्ष्य साङ्केतीकरण नभएको बजेटको अंश ६९.९ प्रतिशत छ। तसर्थ, प्रदेशको बजेटमा उल्लेख्य रकम दिगो विकास लक्ष साङ्केतीकरण गर्न छुटेको देखिन्छ।

प्रदेशहरूको आर्थिक वर्ष २०७९/०८० को रातो किताबमा दिएको सङ्केत अध्ययन गर्दा प्रदेशहरूले एकै प्रकृतिको कार्यक्रमहरूलाई समेत फरक-फरक दिगो विकास लक्ष्यमा साङ्केतीकरण गरेको पाइन्छ। उदाहरणका लागि सामाजिक विकास कार्यालयहरूको लागि आ.व. २०७९/०८० मा लुम्बिनी प्रदेशले विनियोजन गरेको बजेटलाई "०" अर्थात् कुनै पनि लक्ष्यमा नपर्ने भनी साङ्केतीकरण गरेको छ भने गण्डकी प्रदेशले दिगो विकास लक्ष्य १६ सँग आबद्ध गरेको छ। त्यस्तैगरी, सङ्घबाट प्राप्त हुने ससर्त अनुदानलाई प्रदेशमा साङ्केतीकरण गरेमा दोहोरो गणना हुने भएकाले प्रदेशमा साङ्केतीकरण गर्नु पर्दैन तर प्रदेश नं. १ ले सामाजिक विकास मन्त्रालयको लागि विनियोजन भएको सङ्घीय सरकारको ससर्त अनुदानबाट प्राप्त रकमलाई पनि लक्ष्य १६ सँग र सुदूरपश्चिम प्रदेशले लक्ष्य १२ सँग आबद्ध गरेको छ भने बागमती प्रदेशले दिगो विकास लक्ष्यसँग आबद्ध गरेको छैन। यसमा बागमती प्रदेशले गरेअनुसार शून्य साङ्केतीकरण गर्नुपर्नेमा दिगो विकास लक्ष्यसँग आबद्ध गर्नाले

सङ्घसँग दोहोरो गणना हुने सम्भावना हुन्छ। साथै फरक लक्ष्यसँग आबद्ध गर्नाले वास्तविक तथ्याङ्क पनि आउँदैन।

३. दिगो विकास लक्ष्यअनुसार कार्यक्रम पहिचानसम्बन्धी एकीकृत कार्यविधिको अभावमा एउटै प्रकृतिका कार्यक्रमहरू एकभन्दा बढी दिगो विकास लक्ष्यमा साङ्केतीकरण हुने गरेको छ। उदाहरणका लागि गण्डकी प्रदेशले डिभिजन वन कार्यालय कुनैमा लक्ष्य १३ र कुनैमा लक्ष्य १५ मा साङ्केतीकरण गरेको छ भने ताल संरक्षण प्राधिकरण कतै लक्ष्य १३ र कतै लक्ष्य १७ मा साङ्केतीकरण गरेको देखिन्छ।

४. प्रदेशहरूले गरेको दिगो विकास लक्ष्य साङ्केतीकरण कतिपय विषयमा अमिल्दो देखिन्छ। उदाहरणका लागि सुदूरपश्चिम प्रदेशले कृषि विकास निर्देशनालय, कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम कार्यक्रम लक्ष्य १५ मा, डिभिजन वन कार्यालयहरू लक्ष्य ८ मा साङ्केतीकरण गरेको छ। अन्य प्रदेशहरूमा समेत यस्तै अवस्था देखिन्छ।

## ३.४ दिगो विकास लक्ष्य साङ्केतीकरणका लागि क्रियाकलाप वर्गीकरणका आधार

दिगो विकास लक्ष्यमध्ये प्रदेशको जिम्मेवारीभित्रका विषयवस्तुहरूलाई सम्बन्धित लक्ष्यमा उदाहरणका रूपमा प्रस्तुत गर्दा देहायका दस्तावेजलाई आधार मानिएको छ-

(क) प्रदेश कार्यविभाजन नियमावली, २०७४ मा उल्लिखित प्रदेशको काम, कर्तव्य र अधिकार,
(ख) संविधानमा उल्लिखित एकल र साझा अधिकारका सम्बन्धमा नेपाल सरकारद्वारा मितिमा २०७३।१०।१८ स्वीकृत कार्यविश्लेषण,
(ग) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा प्रदेशले सञ्चालन गर्ने भनी तोकेका कार्यहरू,
(घ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनले प्रदेशले गर्नुपर्ने भनी तोकेका कामहरू,
(ङ) सङ्घ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६, र
(च) प्रदेश तहको आवधिक योजना र वार्षिक योजनामा उल्लिखित कार्यक्रमहरू।

## ३.५ दिगो विकास लक्ष्यमा पर्ने क्रियाकलापहरू

प्रदेशमा विकासको अवस्था, प्राथमिकता र भूगोल अनुसार कार्यक्रम तथा क्रियाकलापहरूमा विविधता हुने भएकाले सकेसम्म सबै क्रियाकलापहरूलाई समेट्ने गरी उदाहरणहरू प्रस्तुत गरिएका छन्।

### ३.५.१: दिगो विकास लक्ष्य १: सबै क्षेत्रमा रहेको सबै स्वरूपको गरिबीको अन्त्य गर्ने।

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| १. आर्थिक विकास क्षेत्र<br>**सहकारी** | **१. नीति, कानून मापदण्ड**<br>▪ सहकारीसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, निर्देशिका तर्जुमा र नियमन सम्बन्धी कार्यहरू, र<br>▪ क्षेत्रगत योजना।<br>**२. सहकारीसम्बन्धी संस्थागत संरचना**<br>▪ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणसम्बन्धी प्रदेश मन्त्रालय,<br>▪ सहकारी निर्देशनालय,<br>▪ सहकारी रजिस्ट्रारको कार्यालय,<br>▪ डिभिजन सहकारी कार्यालय, र<br>▪ सहकारी तालिम केन्द्र/प्रशिक्षालय।<br>**३. सङ्घीय अनुदान कार्यक्रम (सङ्घले साङ्केतीकरण गरी आफ्नो बजेटमा समावेश नगरेको अवस्थामा मात्र)**<br>▪ सहकारीसम्बन्धी ससर्त अनुदानका कार्यक्रम,<br>▪ सहकारीसम्बन्धी समपूरक र विशेष अनुदानका कार्यक्रम, र<br>▪ सहकारीसम्बन्धी सहलगानी वा साझेदारी कार्यक्रमहरू।<br>**४. सहकारी विकास**<br>▪ प्रदेश स्तरका (एकभन्दा बढी स्थानीय तह कार्यक्षेत्र रहेका) सहकारी संस्थाको दर्ता तथा अभिलेख,<br>▪ सहकारी संस्थाको प्रवर्द्धन, संस्थागत विकास र परिचालन कार्यक्रम,<br>▪ सहकारी बजार,<br>▪ सहकारीमा आधारित उत्पादन तथा रोजगारी प्रवर्द्धन कार्यक्रम,<br>▪ सहकारी तालिम तथा क्षमता अभिवृद्धि, र<br>▪ वित्तीय साक्षरता।<br>**५. स्थानीय तहलाई दिइने अनुदान र सहलगानी**<br>▪ सहकारिताको विकासको लागि प्रदेशले स्थानीय तहलाई दिने अनुदान र सहलगानीका आयोजनाहरू। | १ |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| १. आर्थिक विकास क्षेत्र<br>**वित्तीय सेवा** | **१. वित्तीय सेवा**<br>▪ नेपाल राष्ट्र बैङ्कको नीति अनुरूप वित्तीय संस्थासम्बन्धी कार्यक्रमहरू।<br>**२. लघु बिमा**<br>▪ कृषि बिमा, र<br>▪ पशुपक्षी बिमा। | १ |
| १. आर्थिक विकास क्षेत्र<br>**गरिबी निवारण** | **१. गरिबी निवारण**<br>▪ गरिबी निवारणसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, नियमनसम्बन्धी कार्यक्रमहरू,<br>▪ गरिब घरपरिवार पहिचान,<br>▪ गरिबी निवारणसम्बन्धी अध्ययन अनुसन्धान, र<br>▪ सूचना व्यवस्थापन र नियमनसम्बन्धी कार्यक्रमहरू।<br>**२. सङ्घीय अनुदान (सङ्घले साङ्केतीकरण गरी आफ्नो बजेटमा समावेश नगरेको अवस्थामा मात्र)**<br>▪ गरिबी निवारणसम्बन्धी ससर्त अनुदानका कार्यक्रम,<br>▪ गरिबी निवारणसम्बन्धी समपूरक र विशेष अनुदानका कार्यक्रम, र<br>▪ गरिबी निवारणसम्बन्धी सहलगानी वा साझेदारीका कार्यक्रमहरू।<br>**३. लक्षित समूह कार्यक्रम**<br>▪ गरिबसँग मुख्यमन्त्री कार्यक्रम,<br>▪ लक्षित क्षेत्र र विपन्न समूहसम्बन्धी आर्थिक विकास कार्यक्रम,<br>▪ विपन्न आवास कार्यक्रम,<br>▪ लक्षित कार्यक्रम सहुलियतयुक्त लगानी व्यवस्थापन,<br>▪ सीप विकास तथा आय आर्जनसम्बन्धी कार्यक्रमहरू,<br>▪ लक्षित समूह अनुदान,<br>▪ प्रविधि हस्तान्तरण,<br>▪ बीउ पुँजी,<br>▪ घुम्ती कोष व्यवस्था,<br>▪ सहुलियतपूर्ण कर्जा, र<br>▪ उद्यमशिलता विकास तालिम, अभिमुखीकरण, अनुभव आदान प्रदान, अध्ययन भ्रमण प्रदान आदि। | |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| | **४. समृद्धिमूलक कार्यक्रमहरू, जस्तै**<br>▪ समृद्धि कार्यक्रमहरू (जस्तै दलित समृद्धि कार्यक्रम, दुर्गम क्षेत्र समृद्धि कार्यक्रम, विपन्न समृद्धि कार्यक्रम, चेपाङ्ग समृद्धि कार्यक्रम आदि),<br>▪ उत्तरी क्षेत्र पूर्वाधार विकास कार्यक्रम, र<br>▪ यस्तै प्रदेशका विशेष कार्यक्रमहरू।<br>**५. सामाजिक संरक्षणमूलक रोजगारी कार्यक्रम, जस्तै**<br>▪ प्रधानमन्त्री रोजगार कार्यक्रम (सङ्घले साङ्केतीकरण गरी आफ्नो बजेटमा समावेश नगरेको अवस्थामा मात्र),<br>▪ मुख्यमन्त्री रोजगार कार्यक्रम, र<br>▪ अन्य रोजगारमूलक कार्यक्रमहरू।<br>**६. स्थानीय तहलाई दिइने अनुदान र सहलगानीका आयोजनाहरू**<br>▪ गरिबी निवारणका लागि प्रदेशले स्थानीय तहलाई दिने अनुदान र सहलगानीका आयोजनाहरू। | १ |
| ५. शासकीय तथा अन्तरसम्बन्धित क्षेत्र<br>**योजना तथा तथ्याङ्क प्रणाली** | **१. योजना र तथ्याङ्कसम्बन्धी नीतिगत व्यवस्था**[११]<br>▪ योजना तथा तथ्याङ्क सम्बन्धी नीति, कानुन, मापदण्ड आदि निर्माण, र<br>▪ योजना र तथ्याङ्क सम्बन्धी सहजीकरण र नियमन।<br>**२. संस्थागत संरचना र क्षमता विकास**<br>▪ प्रदेश नीति तथा योजना आयोगको सचिवालय सञ्चालन<br>▪ प्रादेशिक तथ्याङ्क कार्यालय स्थापना तथा सञ्चालन,<br>▪ आयोग र तथ्याङ्क कार्यालयको संस्थागत क्षमता विकास, र<br>▪ योजना तर तथ्याङ्क व्यवस्थापनमा संलग्न जनशक्तिको क्षमता विकास।<br>**३. तथ्याङ्क व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कन**<br>▪ स्रोत नक्सा, प्रदेश वस्तुस्थिति विवरण/पार्श्वचित्र निर्माण,<br>▪ तथ्याङ्क सङ्कलन, प्रशोधन, भण्डारण, प्रकाशन र वितरण,<br>▪ घरपरिवार तथा संस्था सर्वेक्षण, | |

[११] सङ्घीय तहमा पनि तथ्याङ्क दिविल -१ मा रहेको।

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| | ▪ अध्ययन अनुसन्धान, र<br>▪ अनुगमन तथा मूल्याङ्कन। | |
| २. सामाजिक विकास क्षेत्र<br>**महिला बालबालिका र सामावेशीकरण ज्येष्ठ नागरिक** | १. **ज्येष्ठ नागरिकहरूको व्यवस्थापनः**<br>▪ ज्येष्ठ नागरिक क्लब, दिवा सेवा केन्द्र, भेटघाट स्थलको निर्माण, सञ्चालन तथा अनुगमन, र<br>▪ स्याहार तथा पुनर्स्थापना केन्द्र। | १ |
| २. सामाजिक विकास क्षेत्र<br>**सामाजिक सुरक्षा तथा संरक्षण** | १. **सामाजिक सुरक्षा र संरक्षण कार्यक्रमहरू**<br>▪ सामाजिक सुरक्षा र संरक्षणसम्बन्धी प्रादेशिक नीति,<br>▪ कानून, मापदण्ड, नियमनसम्बन्धी कार्यक्रमहरू, र<br>▪ सामाजिक सुरक्षासम्बन्धी अध्ययन अनुसन्धान। | |
| २. सामाजिक विकास क्षेत्र<br>**महिला बालबालिका तथा समावेशीकरण** (बालबालिका तथा किशोरकिशोरी) | १. **बालगृह स्थापना तथा सञ्चालन**<br>२. **सडक वालबालिकाको व्यवस्थापन** | |

### ३.५.२: दिगो विकास लक्ष्य २: भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने।

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| १. आर्थिक विकास क्षेत्र<br>**कृषि** | १. **नीति कानून मापदण्ड**<br>▪ कृषिसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड निर्माण,<br>▪ कृषिसम्बन्धी क्षेत्रगत योजना,<br>▪ कृषिसम्बन्धी कानुनको नियमन सम्बन्धी कार्यहरू।<br>२. **कृषिसम्बन्धी संस्थागत संरचना**<br>▪ प्रदेश कृषि मन्त्रालय,<br>▪ कृषि विकास निर्देशनालय,<br>▪ कृषि ज्ञान केन्द्र,<br>▪ प्रादेशिक कृषि तालिम केन्द्र आदि।<br>३. **सङ्घीय अनुदान कार्यक्रम (सङ्घले साङ्केतीकरण गरी आफ्नो बजेटमा समावेश नगरेको अवस्थामा मात्र),**<br>▪ कृषिसम्बन्धी ससर्त अनुदानका कार्यक्रम,<br>▪ कृषिसम्बन्धी समपूरक र विशेष अनुदानका कार्यक्रमहरू,<br>▪ कृषिसम्बन्धी सहलगानी वा साझेदारी कार्यक्रमहरू।<br>४. **कृषिसम्बन्धी कार्यक्रम**<br>▪ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका कार्यक्रमहरू (सङ्घले साङ्केतीकरण गरी आफ्नो बजेटमा समावेश नगरेको अवस्थामा मात्र),<br>▪ स्मार्ट कृषि गाउँ कार्यक्रम,<br>▪ कृषि उत्पादन, खाद्य तथा पोषण सुरक्षा कार्यक्रम,<br>▪ कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम,<br>▪ कृषि स्रोत तथा प्रविधि सेवा टेवा विस्तार कार्यक्रम,<br>▪ कृषिजन्य उद्योग, यन्त्र तथा पूर्वाधार विकास कार्यक्रम,<br>▪ कृषि क्षमता अभिवृद्धि तथा सीप विकास तालिम कार्यक्रम,<br>▪ कृषि व्यवसाय प्रवर्द्धन सहयोग कार्यक्रम,<br>▪ बाली विकास कार्यक्रम,<br>▪ खास बाली वा वस्तुमा आधारित अभियानमुखी मिसन कार्यक्रम, | २ |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| | ▪ कृषि विभाग सम्बन्धित कार्यक्रम,<br>▪ शहरी कृषि कार्यक्रम,<br>▪ विशिष्टीकृत कृषि कार्यक्रम, र<br>▪ जलवायुमैत्री कृषि कार्यक्रम आदि।<br>**५. जग्गा चक्लाबन्दी कार्यक्रम**<br>▪ सहकारी मोडेलमा जग्गा चक्लाबन्दी, र<br>▪ चक्लाबन्दी गरेको जग्गा व्यवस्थापनमा प्राविधिक सहयोग।<br>**६. खाद्य पहुँच**<br>▪ खाद्यान्न ढुवानी र आपूर्तिसम्बन्धी कार्यक्रमहरू, र<br>▪ खाद्यान्न भण्डारणसम्बन्धी पूर्वाधार निर्माण।<br>**७. कृषि सहायता**<br>▪ कृषि अनुदान कार्यक्रम,<br>▪ कृषि उपकरण अनुदान तथा हस्तान्तरण कार्यक्रम<br>▪ बीउबिजन अनुदान, र<br>▪ व्याज अनुदान कार्यक्रम।<br>**८. कृषि उत्पादन संरक्षण**<br>▪ कोल्ड स्टोर/रुम (चिस्यान केन्द्र) निर्माण, र<br>▪ कोल्डस्टोर सञ्चालन अनुदान।<br>**९. कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास कार्यक्रम**<br>▪ उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण,<br>▪ कृषि बजार सूचना,<br>▪ कृषिसम्बन्धी प्रविधि प्रसार,<br>▪ कृषिसम्बन्धी प्राविधिक सेवा,<br>▪ कृषि सामग्री आपूर्ति व्यवस्थापन,<br>▪ कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,<br>▪ एक जिल्ला एक उत्पादन कार्यक्रम, र<br>▪ प्राङ्गारिक जैविक खेती।<br>**१०.बाली तथा बागवानी विकास कार्यक्रम**<br>▪ बागवानी फर्म तथा बागवानी विकास केन्द्रहरू,<br>▪ उष्ण प्रदेशीय (केन्द्र) बागवानी कार्यक्रम, | |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| | ▪ शीतोष्ण बागवानी (केन्द्र) नर्सरी कार्यक्रम,<br>▪ उपोष्ण प्रदेशीय बागवानी विकास (केन्द्र) कार्यक्रम,<br>▪ किम्वु नर्सरी विकास (केन्द्र) कार्यक्रम,<br>▪ स्याउ तथा ओखर विकास कार्यक्रम,<br>▪ फलफूलका बिरुवा उत्पादन तथा वितरण,<br>▪ उन्नत आलु तथा तरकारी विकास कार्यक्रम,<br>▪ कन्दमूल तरकारी विकास (केन्द्र) कार्यक्रम,<br>▪ मसला बाली विकास (केन्द्र) कार्यक्रम,<br>▪ उन्नत बाली विकास तथा संरक्षण कार्यक्रम,<br>▪ स्थानीय बालीको संरक्षण र विकास, बाली विकास कार्यक्रम,<br>▪ एक पालिका एक स्थानीय उत्पादन कार्यक्रम, र<br>▪ यस्तै विशिष्ट अन्य कार्यक्रमहरू।<br>**११.फलफूल विकास कार्यक्रम**<br>▪ पहाडी क्षेत्र काष्डफल तथा फलफूल विकास आयोजना (NAFHA),<br>▪ शीतोष्ण फलफूल रुटस्टक विकास (केन्द्र) कार्यक्रम,<br>▪ सुक्खा फलफूल विकास केन्द्र/कार्यक्रम,<br>▪ पुष्प विकास (केन्द्र) कार्यक्रम,<br>▪ उच्च घनत्वको स्याउ विकास,<br>▪ फलफूल बिरुवा रोपण अभियान कार्यक्रम,<br>▪ आयमूलक फलफूल बन प्रवर्द्धन कार्यक्रम, र<br>▪ यस्तै फलफूल विकाससम्बन्धी प्रदेश विशिष्ट अन्य कार्यक्रमहरू।<br>**१२.कृषि प्रसार, तालिम तथा सूचना सञ्चारसम्बन्धी कार्यक्रमहरू**<br>▪ कृषि स्रोत केन्द्र,<br>▪ कृषि तालिम केन्द्र/कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र,<br>▪ कृषकसँग कृषिविद्यार्थी कार्यक्रम,<br>▪ कृषिसम्बन्धी सूचनाको प्रचारप्रसार, र<br>▪ कृषि क्षमता अभिवृद्धि तथा सीप विकास तालिम कार्यक्रम। | |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| | **१३.कृषि उत्पादन मूल्य अभिवृद्धि**<br>▪ अदुवा, बेसार, सुपारीलगायतका उत्पादनको प्रशोधन, र<br>▪ चिया परीक्षण प्रशोधन तथा प्रवर्द्धन।<br>**१४.बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण**<br>▪ बीउबिजन आपूर्ति र नियमन,<br>▪ तरकारी जर्म प्लाज्मा सम्बन्धन तथा बीउ उत्पादन केन्द्र/कार्यक्रम,<br>▪ बीउ संरक्षण कार्यक्रम,<br>▪ बीउ भण्डारण गृह स्थापना तथा सञ्चालन, र<br>▪ बीउको गुणस्तर संरक्षण र नियन्त्रणसम्बन्धी कार्यक्रम।<br>**१५.व्यावसायिक ग्रेनेज केन्द्र**<br>**१६.प्रजनन पिंढी बीज कोया स्रोत केन्द्र**<br>**१७.रेशम विकास कार्यक्रम**<br>**१८.कृषि आधुनिकीकरण कार्यकम जस्तै**<br>▪ कृषि क्षेत्रको व्यवसायीकरण, बजारीकरण र औद्योगिकीकरणका लागि उत्पादन वृद्धि कार्यक्रम,<br>▪ कृषि कर्जा सहजीकरणसम्बन्धी कार्यक्रम,<br>▪ कृषि मेला कार्यक्रम,<br>▪ कृषिजन्य उत्पादनको मूल्य अभिवृद्धि, र<br>▪ कृषि उत्पादन प्रशोधनसम्बन्धी कार्यक्रम।<br>**१९.मौरीपालन कार्यक्रम**<br>**२०.रोग महामारी नियन्त्रण**<br>▪ कृषि उत्पादनमा देखिने रोगहरू नियन्त्रण।<br>**२१.कृषि तथा फलफूल उत्पादन सङ्कलन केन्द्र, कृषि बजार**<br>**२२.कृषि उत्पादन तथ्याङ्क अभिलेखीकरण**<br>▪ कृषि उत्पादनको प्रकृतिअनुसार कृषि उत्पादन तथ्याङ्क व्यवस्था, अभिलेखीकरणसम्बन्धी कार्यक्रमहरू।<br>२३.**कृषिसम्बन्धी अनुसन्धान, प्रयोगशाला र कृषि अनुसन्धान**<br>▪ कृषि प्रयोगशाला,<br>▪ एकीकृत कृषि प्रयोगशाला,<br>▪ बीउबिजन प्रयोगशाला,<br>▪ बाली संरक्षण प्रयोगशाला, र<br>▪ माटो जाँच (माटो तथा मल परीक्षण केन्द्रसमेत)। | |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| | **२४.प्रविधि विकास**<br>▪ कृषि प्रविधि प्रवर्द्धन,<br>▪ उन्नत औजार, प्रविधि हस्तान्तरण, र<br>▪ कृषि अनुसन्धानसम्बन्धी कार्यक्रमहरू।<br>**२५.कृषि क्षेत्र लक्षित पूर्वाधार (कृषि पूर्वाधारहरू निर्माण वा प्रोत्साहनसम्बन्धी कार्यक्रम)**<br>▪ कृषि पूर्वाधार विकास कार्यक्रम।<br>**२६.कृषि बजार**<br>▪ प्रादेशिक कृषि हाट बजार, र<br>▪ कृषि सहकारी बजार।<br>**२७.अनुगमन तथा मूल्याङ्कन**<br>▪ कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम।<br>**२८.स्थानीय तहलाई दिइने अनुदान र सहलगानीका आयोजनारहरू**<br>▪ कृषि क्षेत्रको विकासको लागि प्रदेश सरकारले स्थानीय तहलाई दिने अनुदान र सहलगीका आयोजनाहरू। | |
| १. आर्थिक विकास क्षेत्र<br><br>**पशुपक्षी** | **१. नीति कानून मापदण्ड**<br>▪ पशुपक्षी पालन, पशुपक्षीजन्य उत्पादन व्यवस्थापन र पशु स्वास्थ्यसम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड,<br>▪ पशुपक्षीसम्बन्धी कानुनको नियमन, र<br>▪ पशुपक्षीसम्बन्धी क्षेत्रगत योजना।<br>**२. पशुपक्षीसम्बन्धी संस्थागत संरचना**<br>▪ पशुपक्षी तथा मत्स्य विकास निर्देशनालय,<br>▪ पशु (भेटेरेनरी) अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू,<br>▪ पशुपक्षी विकास कार्यालयहरू, र<br>▪ एकीकृत कृषि तथा पशुपक्षी विकास कार्यालय।<br>**३. सङ्घीय अनुदान कार्यक्रमहरू (सङ्घले साङ्केतीकरण गरी आफ्नो बजेटमा समावेश नगरेको अवस्थामा मात्र)**<br>▪ पशुपक्षी तथा मत्स्यपालनसम्बन्धी ससर्त अनुदानका कार्यक्रमहरू,<br>▪ पशुपक्षी तथा मत्स्यपालनसम्बन्धी समपूरक र विशेष अनुदानका कार्यक्रमहरू, र | २ |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| | ▪ पशुपक्षी तथा मत्स्यपालनसम्बन्धी सहलगानीका वा साझेदारी कार्यक्रमहरू।<br>**४. पशुपक्षी विकास कार्यक्रम**<br>▪ पशुपक्षी विकास तथा पशु स्वास्थ्य नियमन कार्यक्रम,<br>▪ पशुपक्षी व्यवसाय प्रवर्द्धन,<br>▪ कृषि तथा पशुपक्षी स्रोत तथा प्रविधि सेवा टेवा विस्तार कार्यक्रम,<br>▪ पशुपक्षीसम्बन्धी सङ्घीय अनुदान कार्यक्रम,<br>▪ पशु नश्ल सुधारसम्बन्धी कार्यक्रम,<br>▪ व्यावसायिक पशुपालनसम्बन्धी कार्यक्रम,<br>▪ पशुपक्षी विकाससम्बन्धी शिक्षा तथा सहायता,<br>▪ पशु सेवा विभाग।<br>**५. पशुपक्षी विकास कार्यक्रम**<br>▪ उन्नत पशु विकास फर्म, र<br>▪ गाई फार्म विकास कार्यक्रम।<br>**६. पशुपक्षीजन्य व्यवसाय प्रवर्द्धन तथा बजार विकास कार्यक्रम**<br>▪ पशुपक्षी बजार शृङ्खला विकास (रायोआ),<br>▪ पशुपक्षी बजार सूचना,<br>▪ कृषि तथा पशुपक्षी हाटबजार,<br>▪ पशुपक्षीसम्बन्धी उन्नत प्रविधि प्रसार,<br>▪ उन्नत नश्ल सुधार कार्यक्रम,<br>▪ पशुपक्षीसम्बन्धी प्राविधिक सेवा।<br>**७. पशुपक्षीजन्य उत्पादन तथ्याङ्क अभिलेखीकरण**<br>▪ पशुपक्षी उत्पादन तथ्याङ्क अभिलेखीकरण,<br>▪ पशुपक्षी सम्बन्धी सर्वे, अध्ययन अनुसन्धान।<br>**८. पशुपक्षी क्षेत्र लक्षित पूर्वाधार (पूर्वाधारहरू निर्माण वा प्रोत्साहनसम्बन्धी कार्यक्रम)**<br>▪ कृषि तथा पशुपक्षीजन्य उद्योग, यन्त्र तथा पूर्वाधार विकास कार्यक्रम,<br>▪ दुग्ध चिस्यान केन्द्र निर्माण निर्माण तथा सञ्चालन र सहजीकरण, र<br>▪ छुर्पी तथा चीज उत्पादन प्रवर्द्धन कार्यक्रम। | |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| | **९. महामारी नियन्त्रण**<br>▪ पशुपक्षी तथा मत्स्य क्षेत्रमा प्राकृतिक प्रकोप तथा महामारी नियन्त्रण<br>**१०.पशु सेवा तालिम केन्द्र**<br>**११.बाखा विकास फर्म**<br>**१२.कुखुरा विकास फर्म**<br>**१३.पशु स्वास्थ्य, पशु रोग पहिचान तथा नियन्त्रण**<br>▪ पशुपक्षी चिकित्सा सेवाको व्यवस्थापन,<br>▪ पशुपक्षीसम्बन्धी बिमा,<br>▪ पशुपालन तथा पशु रोग नियन्त्रण,<br>▪ भेटेरिनरी एम्बुलेन्स खरिद, सञ्चालन वा हस्तान्तरण, र<br>▪ पशु स्वास्थ्यसम्बन्धी अन्य कार्यहरू।<br>**१४.पशुपक्षीसम्बन्धी अनुसन्धान, प्रयोगशाला र क्वारेन्टाइन**<br>▪ पशुपक्षीसम्बन्धी अनुसन्धान कार्यक्रम,<br>▪ पशुपक्षी र मत्स्यसम्बन्धी प्रयोगशाला,<br>▪ क्वारेन्टाइन।<br>**१५.दुग्ध प्रवर्द्धन तथा पशुपक्षी आहार विकास कार्यक्रम**<br>**१६.पशु सेवा प्रसार कार्यक्रम**<br>**१७.मत्स्य विकास तथा प्रवर्द्धन**<br>▪ मत्स्य विकास केन्द्र,<br>▪ मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम, र<br>▪ मत्स्य विकास केन्द्रहरू।<br>**१८.प्रदेश दुग्ध विकास बोर्ड**<br>**१९.स्थानीय तहलाई दिने अनुदान र सहलगानीका आयोजनाहरू**<br>▪ पशुपक्षी क्षेत्रको विकासको लागि प्रदेशले स्थानीय तहलाई दिने अनुदान र सहलगानीका आयोजनाहरू | |
| १. आर्थिक विकास क्षेत्र<br><br>**कृषि तथा पशुपक्षी** | **१. कृषि तथा पशुपक्षी स्रोत तथा प्रविधि सेवा टेवा कार्यक्रम**<br>**२. कृषि तथा पशुपक्षी उद्योग यन्त्र तथा पूर्वाधार विकास कार्यक्रम**<br>**३. गरिब तथा विपन्न वर्ग लक्षित विशेष कृषि तथा पशुपालन विकास कार्यक्रम** | २ |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| | ४. प्राङ्गारिक कृषि प्रवर्द्धन, रैथाने बाली तथा पशुपक्षी विकास कार्यक्रम | |
| १. आर्थिक विकास क्षेत्र<br>भूमि व्यवस्था | १. भूमिसम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा र नियमन सम्बन्धी कार्यहरू<br>२. भू उपयोग योजना, भू उपयोग नक्साङ्कन<br>३. भूउपयोगसम्बन्धी सर्वेक्षण, अध्ययन अनुसन्धान आदि<br>४. भूमि व्यवस्थापन सम्बन्धी संस्थागत संरचनाहरू जस्तै नापी तथा मालपोत कार्यालयहरू<br>५. गुठी व्यवस्थापन | २ |
| २. सामाजिक विकास क्षेत्र<br>स्वास्थ्य तथा पोषण | १. खाद्य तथा पोषण सुधारसम्बन्धी नीति, योजना, मापदण्ड तर्जुमा र नियमनसम्बन्धी कार्यहरू<br>२. खाद्य तथा पोषण सुधार र पोषण सुरक्षा कार्यक्रम<br>३. बहुक्षेत्रीय पोषण कार्यक्रम<br>४. स्थानीय तहलाई दिने अनुदान र सहलगानीका आयोजनाहरू<br>▪ पशुपक्षी क्षेत्रको विकासको लागि प्रदेशले स्थानीय तहलाई दिने अनुदान र सहलगानीका आयोजनाहरू। | |
| ३. पूर्वाधार विकास क्षेत्र<br>सिँचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापन | १. नीति कानून तथा क्षेत्रगत योजनाः<br>▪ सिँचाइ तथा नदी नियन्त्रणसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड,<br>▪ सिँचाइ तथा नदी नियन्त्रणसम्बन्धी क्षेत्रगत योजना, र गुरुयोजना निर्माण।<br>२. जलस्रोत सिँचाइसम्बन्धी संस्थागत संरचना<br>▪ जलस्रोत सिँचाइसम्बन्धी प्रदेश मन्त्रालय,<br>▪ सिँचाइसम्बन्धी निर्देशनालय,<br>▪ जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरू, र<br>▪ भूमिगत जलस्रोत तथा सिँचाइ कार्यालयहरू।<br>३. सङ्घीय अनुदान कार्यक्रम (सङ्घले साङ्केतीकरण गरी आफ्नो बजेटमा समावेश नगरेको अवस्थामा मात्र)<br>▪ सिँचाइसम्बन्धी ससर्त अनुदान,<br>▪ सिँचाइसम्बन्धी समपूरक र विशेष अनुदान,<br>▪ सिँचाइसम्बन्धी सहलगानी वा साझेदारी कार्यक्रमहरू। | |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| | **४. सिँचाइ व्यवस्थापन कार्यालयहरू जस्तै**<br>▪ चन्दा मोहना सिँचाइ व्यवस्थापन कार्यालय,<br>▪ कनकाई सिँचाइ व्यवस्थापन कार्यालय.<br>▪ सेती महाकाली सिँचाइ आयोजना.<br>▪ नारायणी लिफ्ट, खगेरी सिँचाइ आयोजना, र<br>▪ यस्तै प्रदेश विशेष सिँचाइ आयोजनाहरू।<br>**५. सिँचाइसम्बन्धी योजना तथा कार्यक्रम**<br>▪ प्रदेश सिँचाइ विकास गुरुयोजना निर्माण,<br>▪ सिँचाइ आयोजनाहरू,<br>▪ सिँचाइ पुनर्स्थापना आयोजना,<br>▪ मझौला सिँचाइ आयोजना,<br>▪ एकभन्दा बढी स्थानीय तहसँग सम्बन्धित आयोजना निर्माण,<br>▪ कमाण्ड क्षेत्र विकास कार्यक्रम,<br>▪ एकीकृत ऊर्जा तथा सिँचाइ विशेष कार्यक्रम,<br>▪ भूमिगत स्यालो तथा डिप ट्युबवेल सिँचाइ कार्यक्रम/आयोजना,<br>▪ सिँचाइ आयोजना मर्मत, सुधार, स्तरोन्नति/विस्तार कार्यक्रम,<br>▪ सिँचाइ पुनर्स्थापना आयोजना,<br>▪ सिँचाइ मर्मत सम्भार आयोजनाहरू (सिँचाइ आयोजना मर्मत सम्भार तथा विस्तार कार्यक्रमसमेत),<br>▪ भूमिगत स्यालो तथा डिप ट्युबवेल सिँचाइ आयोजना<br>▪ समृद्ध तराई मधेस सिँचाइ विशेष कार्यक्रम,<br>▪ मझौला तथा वैकल्पिक प्रविधिमा आधारित सघन सिँचाइ कार्यक्रम,<br>▪ जलाशय निर्माण तथा ताल एवम् पोखरी संरक्षण कार्यक्रम,<br>▪ समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र आयोजना,<br>▪ स्थानीय तहमार्फत कार्यान्वयन हुने लघु तथा साना सतह तथा भूमिगत सिँचाइ, सिँचाइ कार्यक्रम, र<br>▪ लिफ्ट सिँचाइ आयोजना। | |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| | **६. अध्ययन अनुसन्धानः**<br>▪ सिँचाइसम्बन्धी अध्ययन अनुसन्धान, र<br>▪ सिँचाइ आयोजनाहरूको विस्तृत अध्ययन, सर्वेक्षण।<br>**७. तटबन्ध र नदी नियन्त्रण**[१२]<br>▪ मझौला प्रकृतिका नदीहरू (महाभारत र चुरे पहाडबाट उद्गम भई बग्ने नदी) नियन्त्रण, व्यवस्थापनसम्बन्धी कार्यक्रम,<br>▪ पहिरो नियन्त्रण तथा व्यवस्थापन कार्यक्रम, र<br>▪ जनता तटबन्ध कार्यक्रम।<br>**८. स्थानीय तहलाई दिने अनुदान र सहलगानीका आयोजनाहरू**<br>▪ सिँचाइ तथा जलउत्पन्न प्रकोप नियन्त्रणको लागि प्रदेशले स्थानीय तहलाई दिने अनुदान र सहलगानीका आयोजनाहरू। | |

### ३.५.३: दिगो विकास लक्ष्य ३: सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने।

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| २. सामाजिक विकास क्षेत्र<br>**स्वास्थ्य तथा पोषण** | **१. नीति कानून तथा क्षेत्रगत योजना**<br>▪ स्वास्थ्य तथा पोषणसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तर्जुमा र नियमन सम्बन्धी कार्यहरू, र<br>▪ स्वास्थ्य तथा पोषणसम्बन्धी क्षेत्रगत योजना निर्माण।<br>**२. स्वास्थ्य कार्यालय, अस्पताल र संस्थाहरू**<br>▪ प्रदेश स्वास्थ्य मन्त्रालय,<br>▪ प्रदेश स्वास्थ्य निर्देशनालय,<br>▪ स्वास्थ्य सेवा कार्यालयहरू, | ३ |

[१२] नदी नियन्त्रण र तटबन्ध उद्देश्यअनुसार विभिन्न दिगो विकास लक्ष्यसँग सम्बन्धित छन्। कृषि भूमिसम्बन्धी नदी तटबन्धको कार्यक्रम दिविल २ मा समावेश गरिएको।

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| | ▪ प्रदेश मातहत सञ्चालित अस्पतालहरू,<br>▪ प्रदेश जनस्वास्थ्य प्रयोगशाला,<br>▪ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र,<br>▪ आयुर्वेद औषधालयहरू, र<br>▪ प्रदेश मातहतका अन्य स्वास्थ्य संस्थाहरू।<br>३. **सङ्घीय अनुदानका कार्यक्रम (सङ्घले साङ्केतीकरण गरी आफ्नो बजेटमा समावेश नगरेको अवस्थामा मात्र)**<br>▪ ससर्त अनुदानका कार्यक्रमहरू,<br>▪ समपूरक र विशेष अनुदानका कार्यक्रमहरू,<br>▪ सहलगानी वा साझेदारी कार्यक्रमहरू।<br>४. **परिवार कल्याण कार्यक्रम**<br>५. **महामारी रोग नियन्त्रण**<br>६. **देश स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र**<br>७. **स्वास्थ्य सम्बन्धित अनुसन्धान र तालिम केन्द्र**<br>▪ प्रदेश स्वास्थ्य अनुसन्धान केन्द्र,<br>▪ प्रदेश स्वास्थ्य तालिम केन्द्र।<br>८. **अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम**<br>९. **क्षयरोग नियन्त्रण कार्यक्रम**<br>१०. **उपचारात्मक सेवा कार्यक्रम**<br>११. **नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कर्यक्रम**<br>१२. **स्वास्थ्य व्यवस्थापन कार्यक्रम**<br>१३. **अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम**<br>१४. **आयुर्वेद तथा वैकल्पिक उपचार**<br>▪ आयुर्वेद सेवा कार्यक्रम,<br>▪ आयुर्वेद औषधालयहरू,<br>▪ आयुर्वेद केन्द्र, र<br>▪ आयुर्वेद चिकित्सालयहरू।<br>१५. **स्वास्थ्य व्यवस्थापन कार्यक्रम**<br>१६. **स्वास्थ्य सेवा सबलीकरण तथा विस्तार कार्यक्रम**<br>१७. **राष्ट्रिय/प्रादेशिक स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र (सङ्घ ससर्त अनुदान) (सङ्घले साङ्केतीकरण** | |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| | गरी आफ्नो बजेटमा समावेश नगरेको अवस्थामा मात्र)<br>१८. एचआईभी एड्स तथा यौन रोग नियन्त्रण<br>१९. प्रदेश जनस्वास्थ्य प्रयोगशाला विस्तार तथा सुदृढीकरण,<br>२०. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र<br>२१. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम<br>२२. प्रादेशिक अस्पताल सुदृढीकरण कार्यक्रम/अस्पताल सेवा सुदृढीकरण तथा विस्तार कार्यक्रम<br>▪ भवन पूर्वाधार,<br>▪ अस्पतालजन्य फर्निचर तथा फिक्चर्स,<br>▪ मेसिनरी औजार,र<br>▪ स्वास्थ्य सेवासम्बन्धी यातायातका साधनहरू।<br>२३. प्रजनन स्वास्थ्य<br>२४. बर्थिङ सेन्टर स्थापना तथा सञ्चालन<br>२५. परिवार नियोजन कार्यक्रम<br>२६. स्वास्थ्यजन्य महामारी रोग नियन्त्रण<br>२७. सरुवा रोग (डेंगु, कालाजार, औलो आदि) नियन्त्रण कार्यक्रम<br>२८. एकीकृत स्वास्थ्य तथा सरसफाइ कार्यक्रमहरू<br>२९. खोप, औषधि, उपकरणको सञ्चालन<br>३०. लक्षित वर्ग नि:शुल्क (जस्तै ७५ वर्ष माथिका ज्येष्ठ नागरिक) स्वास्थ्य सेवा कार्यक्रम<br>३१. स्वास्थ्य बिमा,<br>३२. लागू औषध प्रयोगकर्ताको न्यूनीकरण तथा सहायता कार्यक्रम<br>३३. स्थानीय तहहरूका बिच स्वास्थ्य सेवाको समन्वयसम्बन्धी कार्यक्रम<br>३४. स्थानीय तहलाई स्वास्थ्य, पोषण तथा जनसङ्ख्या व्यवस्थापनसम्बन्धी अनुदान<br>३५. प्रादेशिक स्तरको जनसांख्यिक सूचना व्यवस्थापन,<br>३६. स्वास्थ स्वयंसेवी अभियान<br>३७. क्षमता अभिवृद्धि | |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| | **३८. योजना, अनुगमन तथा मूल्याङ्कन सुदृढीकरण।**<br>**३९. स्थानीय तहलाई दिने अनुदान र सहलगानीका आयोजनाहरू**<br>▪ स्वास्थ्य तथा पोषण सुधाका लागि प्रदेशले स्थानीय तहलाई दिने अनुदान र सहलगानीका आयोजनाहरू। | |
| ३. पूर्वाधार विकास क्षेत्र<br>**स्वास्थ्य पूर्वाधार** | **१. स्वास्थ्य सेवा प्रवाहका लागि निर्माण गरिने पूर्वाधारहरू**<br>▪ प्रदेश मातहतका अस्पतालहरूको पूर्वाधार विकास,<br>▪ बर्थिङ सेन्टरको पूर्वाधार विकास,<br>▪ आयुर्वेद तथा प्राकृतिक चिकित्सालय र औषधालयहरूको पूर्वाधार विकास,<br>▪ प्रयोगशालाहरूको पूर्वाधार विकास, र<br>▪ स्वास्थ्य सेवा प्रवाह गर्ने अन्य सेवा केन्द्रहरूको पूर्वाधार विकास।<br>**२. स्वास्थ्य सेवा व्यवस्थापनका पूर्वाधारहरू**<br>▪ स्वास्थ्य मन्त्रालय, निर्देशनालय र स्वास्थ्य कार्यालयहरूको भवन निर्माण,<br>▪ स्वास्थ्य अनुसन्धान तथा तालिम केन्द्रहरू,<br>▪ औषधि तथा उपहरणहरूको भण्डारण गृहहरू, र<br>▪ स्वास्थ्य सेवा व्यवस्थापनका लागि आवश्यक पर्ने अन्य पूर्वधारहरू।<br>**३. स्थानीय तहलाई दिने अनुदान र सहलगानीका आयोजनाहरू**<br>▪ स्वास्थ्य पूर्वाधार विकासको लागि प्रदेशले स्थानीय तहलाई दिने अनुदान र सहलगानीका आयोजनाहरू। | ३ |

**३.५.४: दिगो विकास लक्ष्य ४: समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने।**

| प्रमुख क्षेत्र/ उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| २. सामाजिक विकास क्षेत्र<br>**शिक्षा** | १. **सामाजिक विकाससम्बन्धी नीति कानून मापदण्ड**<br>▪ शिक्षा तथा विज्ञान तथा प्रविधि, युवा र खेलकुद सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तर्जुमा र नियमन सम्बन्धी कार्यहरू, र<br>▪ क्षेत्रगत योजना।<br>२. **सामाजिक विकास संस्थागत क्षेत्र**<br>▪ प्रदेश शिक्षा तथा सामाजिक विकास मन्त्रालय,<br>▪ शिक्षा विकास निर्देशनालय,<br>▪ सामाजिक विकास कार्यालयहरू (शिक्षा, जनसङ्ख्या, युवा तथा खेलकुद हेर्ने), र<br>▪ मानव संसाधन विकास केन्द्र।<br>३. **शिक्षा तथा सामाजिक विकाससम्बन्धी सङ्घीय अनुदानका कार्यक्रमहरू (सङ्घले साङ्केतीकरण गरी आफ्नो बजेटमा समावेश नगरेको अवस्थामा मात्र)**<br>▪ ससर्त अनुदान,<br>▪ समपूरक र विशेष अनुदान, र<br>▪ सहलगानी वा साझेदारी आयोजनाहरू।<br>४. **नमुना विद्यालय र विशेष शिक्षा कार्यक्रम**<br>५. **विद्यालय क्षेत्र विकास कार्यक्रम- जिल्लास्तर (सङ्घ ससर्त अनुदान) सबैको लागि शिक्षा-शिशु विकास कार्यक्रम (सङ्घले साङ्केतीकरण गरी आफ्नो बजेटमा समावेश नगरेको अवस्थामा मात्र)**<br>६. **मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम**<br>७. **उच्च शिक्षा कार्यक्रम**<br>▪ प्रदेश विश्वविद्यालयहरू,<br>▪ बहुप्राविधिक महाविद्यालयहरू।<br>८. **शैक्षिक पूर्वाधार विकास कार्यक्रम**<br>▪ विद्यालय पूर्वाधार विकास कार्यक्रम,<br>▪ उच्च शिक्षा पूर्वाधार विकास कार्यक्रम। | ४ |

| प्रमुख क्षेत्र/ उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| | **९. परीक्षा बोर्ड**<br>▪ प्रादेशिक परीक्षा बोर्ड,<br>▪ परीक्षा सञ्चालन।<br>**१०. अनौपचारिक तथा साक्षरता र विशेष शिक्षा कार्यक्रम जस्तै**<br>▪ अपाङ्गता भएका, अटिजमलगायतका विशेष शिक्षा आवश्यक पर्ने बालबालिकाका शिक्षा कार्यक्रम र यस्तो शिक्षा प्रदान गर्ने विद्यालयहरूका लागि विशेष शिक्षा अनुदान कार्यक्रम, र<br>▪ अपाङ्गता भएका, अटिजम भएका लगायतका विशेष शिक्षा प्रदान गर्ने सङ्घ/स्थाहरूलाई शैक्षिक अनुदान।<br>**११. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम**<br>▪ शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम,<br>▪ प्राविधिक तथा व्यावसायिक विद्यालय स्थापनामा स्थानीय तहलाई सहयोग कार्यक्रम,<br>▪ प्रदेश प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम,<br>▪ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्/कार्यक्रमहरू,<br>▪ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद सम्बन्धी कार्यक्रम तथा विशेष कार्यक्रमहरू,<br>▪ प्राविधिक र व्यावसायिक शिक्षा र सीप विकास कार्यक्रम,<br>▪ प्रादेशिक प्राविधिक प्रतिष्ठान,<br>▪ प्रादेशिक प्राविधिक शिक्षालयहरू,<br>▪ औद्योगिक क्षेत्रसँग काम गर्दै सिक्ने इन्टर्न जस्ता कार्यक्रमहरू।<br>**१२. शैक्षिक तालिम**<br>▪ शिक्षा तालिम केन्द्र,<br>▪ शिक्षक तालिम तथा क्षमता विकास,<br>▪ शिक्षकहरूलाई व्यावसायिक तथा सीप विकास तालिम। | |

| प्रमुख क्षेत्र/ उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| | **१३. तथ्याङ्क अभिलेखीकरण**<br>▪ शैक्षिक (EMIS लगायत) तथा विषयगत तथ्याङ्क सङ्कलन र अभिलेखीकरण।<br>**१४. विज्ञान तथा प्रविधि**<br>▪ विज्ञान तथा प्रविधि विकास कार्यक्रम,<br>▪ विज्ञान तथा प्रविधिसम्बन्धी नवप्रवर्तनात्मक कार्यक्रम,<br>▪ गण्डकी आविष्कार केन्द्र।<br>**१५. छात्रवृत्ति कार्यक्रम**<br>▪ गरिब तथा सीमान्तीकृत विद्यार्थीहरूका लागि प्राविधिक तथा व्यावसायिक शिक्षामा छात्रवृत्ति कार्यक्रम,<br>▪ छोरी बुहारी उच्च शिक्षा कार्यक्रम।<br>**१६. प्रज्ञा प्रतिष्ठानः**<br>▪ प्रदेश प्रज्ञा प्रतिष्ठान,<br>▪ प्रदेश विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान।<br>**१७. शिक्षा तथा सामाजिक विकास अनुदान**<br>▪ स्थानीय तहलाई प्रदान आधारभूत तथा माध्यमिक शिक्षा, प्राविधिक शिक्षा अनुदान,<br>▪ सामुदायिक क्याम्पस अनुदान,<br>▪ स्थानीय तहका प्राविधिक धारका विद्यालय सञ्चालन अनुदान।<br>**१८. अनुगमन तथा मूल्याङ्कन**<br>▪ शिक्षाको गुणस्तर अनुगमन कार्यक्रम।<br>**१९. स्थानीय तहलाई दिने अनुदान र सहलगानीका आयोजनाहरू**<br>▪ शैक्षिक क्षेत्रको विकासको लागि प्रदेशले स्थानीय तहलाई दिने अनुदान र सहलगानीका आयोजनारहरू। | |
| २. सामाजिक विकास क्षेत्र | **१. युवा**<br>▪ युवासम्बन्धी सङ्घीय अनुदानका कार्यक्रमहरू (सङ्घले साङ्केतीकरण गरी आफ्नो बजेटमा समावेश नगरेको अवस्थामा मात्र), | ४ |

| प्रमुख क्षेत्र/ उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| **जनसङ्ख्या युवा, खेलकुद** | ▪ युवा स्वरोजगार कार्यक्रम,<br>▪ युवा प्रतिभाको खोजी तथा प्रोत्साहन कार्यक्रम,<br>▪ युवा उद्यमशीलता, क्षमता विकास तथा स्वरोजगारका कार्यक्रमहरू,<br>▪ लागू औषधि तथा दुर्व्यसन नियन्त्रण कार्यक्रम,<br>▪ किशोरकिशोरी तथा युवामैत्री यौन तथा प्रजनन स्वास्थ्य शिक्षा तथा सूचना कार्यक्रम।<br>२. **खेलकुद**<br>▪ खेलकुद सम्बन्धी सङ्घीय अनुदानका कार्यक्रमहरू (सङ्घले साङ्केतीकरण गरी आफ्नो बजेटमा समावेश नगरेको अवस्थामा मात्र),<br>▪ प्रदेश खेलकुद (विकास) परिषद्,<br>▪ जिल्ला खेलकुद परिषद्,<br>▪ प्रदेशस्तरीय खेलकुद पूर्वाधार (जस्तै खेलकुद मैदान, रङ्गशाला, कभर्डहल, रङ्गशाला आदि) विकास,<br>▪ एक स्थानीय तह एक खेलकुद मैदान सहयोग,<br>▪ एक जिल्ला एक रङ्गशाला कार्यक्रम,<br>▪ उच्च उचाइ खेलकुद तालिम केन्द्रको निर्माण,<br>▪ क्रिकेट खेल मैदान तथा रङ्गशालाको निर्माण,<br>▪ खेलकुद प्रशिक्षण कार्यक्रम,<br>▪ विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन।<br>३. **स्थानीय तहलाई दिइने अनुदान र सहलगानी**<br>▪ जनसङ्ख्या, युवा तथा खेलकुद क्षेत्रका स्थानीय तह अनुदानका कार्यक्रमहरू। | |

**३.५.५: दिगो विकास लक्ष्य ५: लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने।**

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| २ . सामाजिक विकास क्षेत्र<br>**महिला, बालबालिका र समावेशीकरण** | **१. नीति योजना**<br>▪ महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको हकसम्बन्धी प्रादेशिक नीति, योजना, कार्यक्रम कार्यान्वयन, लैङ्गिक समानता र सामाजिक समाववेशीकरण,<br>▪ सामाजिक समावेशीकरणसम्बन्धी संस्थागत क्षेत्र,<br>▪ प्रदेश समावेशी क्षेत्र हेर्ने (महिला बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गतालगायत) मन्त्रालय<br>▪ सामाजिक विकास (समावेशी) निर्देशनालय, र<br>▪ सामाजिक विकास कार्यालयहरू।<br>**२. महिला, बालबालिका र समावेशीकरणसम्बन्धी सङ्घीय अनुदान (सङ्घले साङ्केतीकरण गरी आफ्नो बजेटमा समावेश नगरेको अवस्थामा मात्र)**<br>▪ ससर्त अनुदानका कार्यक्रमहरू,<br>▪ समपूरक र विशेष अनुदानका कार्यक्रमहरू, र<br>▪ सहलगानी वा साझेदारी आयोजनाहरू।<br>**३. महिला विकास**<br>▪ प्रदेशस्तरका महिला विकास कार्यक्रम,<br>▪ लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम,<br>▪ महिला सचेतना तथा विकाससम्बन्धी तालिम तथा क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम,<br>▪ लैङ्गिक हिंसा निराकरण तथा बेचबिखन नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रमहरू,<br>▪ अल्पकालीन आश्रयस्थलको व्यवस्थासहित महिला पुनःस्थापना कार्यक्रम,<br>▪ महिला उद्यमशीलता विकास कार्यक्रमहरू, र<br>▪ कार्यस्थलमा शिशु स्याहार केन्द्रको व्यवस्था।<br>**४. बालबालिकासम्बन्धी कार्यक्रम**<br>▪ बाल अधिकार र सामाजिक न्याय कार्यक्रम,<br>▪ प्रदेश स्तरका बालग्राम, | ५ |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| | ▪ सडक बालबालिकाको उद्धार तथा पुनर्स्थापना,<br>▪ बाल सुधार गृह स्थापना तथा सञ्चालन,<br>▪ स्थानीय तहसँगको सहकार्यमा बालक्लब सञ्चालन,<br>▪ बालमैत्री स्थानीय शासन कार्यक्रमलाई सहयोग, र<br>▪ बाल गृह तथा सुधार गृहको अनुगमन।<br>**५. अपाङ्गता व्यवस्थापन तथा सशक्तिकरण कार्यक्रम**<br>**६. ज्येष्ठ नागरिक प्रवर्द्धन तथा संरक्षण कार्यक्रम**<br>**७. दीर्घकालीन पुनर्स्थापना गृह सञ्चालन सेवा कार्यक्रम**<br>**८. स्थानीय तहलाई दिने अनुदान र सहलगानी**<br>▪ सामाजिक विकास (महिला, बालबालिका, सामाजिक समावेशीकरण) का लागि प्रदेशले दिने अनुदान वा सहलगानीका कार्यक्रम। | |

**३.५.६: दिगो विकास लक्ष्य ६: सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने।**

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| २. सामाजिक विकास क्षेत्र<br>**खानेपानी तथा सरसफाइ** | **१. नीति, कानूनी र योजना**<br>▪ खानेपानी तथा सरसफाइसम्बन्धी प्रदेश नीति, कानून, मापदण्ड निर्माण र नियमन सम्बन्धी कार्यहरू, र<br>▪ खानेपानी तथा सरसफाइसम्बन्धी योजना तर्जुमा।<br>**२. खानेपानी र सरसफाइसम्बन्धी संस्थागत क्षेत्र**<br>▪ प्रदेश जलस्रोत (खानेपानी तथा सरसफाइ) विकास मन्त्रालय,<br>▪ खानेपानी तथा सरसफाइ निर्देशनालय,<br>▪ जलस्रोत, सिँचाइ तथा खानेपानी तथा सरसफाइ डिभिजन/कार्यालयहरू, र<br>▪ खानेपानी तथा सरसफाइसम्बन्धी तालिम केन्द्र/प्रशिक्षण प्रतिष्ठान।<br>**३. खानेपानी तथा सरसफाइसम्बन्धी सङ्घीय अनुदान (सङ्घले साङ्केतीकरण गरी आफ्नो बजेटमा समावेश नगरेको अवस्थामा मात्र)** | ६ |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| | ▪ ससर्त अनुदानका कार्यक्रमहरू,<br>▪ समपूरक र विशेष अनुदान, र<br>▪ सहलगानी वा साझेदारी आयोजनाहरू।<br>४. **कार्यक्रमहरूः**<br>▪ एक घर एक धारा कार्यक्रम,<br>▪ खानेपानी सुधार कार्यक्रम,<br>▪ डिप ट्युबवेल आयोजना (मर्मत सुधार),<br>▪ खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम,<br>▪ खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम,<br>▪ डिप ट्युबवेल आयोजना (मर्मत सुधार),<br>▪ तराई-मधेस खानेपानी सुधार कार्यक्रम,<br>▪ प्रदेशबाट कार्यान्वयन हुने गरी ससर्त अनुदानका केन्द्रीय खानेपानी आयोजना,<br>▪ खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम,<br>▪ खानेपानी तथा सरसफाइ सह-लगानी कार्यक्रम,<br>▪ केन्द्रीय खानेपानी आयोजना (सङ्घले कार्यक्रमसहित रकम पठाउने प्रकृतिका),<br>▪ सघन खानेपानी विकास आयोजना,<br>▪ खानेपानी आयोजना गुणस्तर अभिवृद्धि,<br>▪ स्रोत संरक्षण तथा सुधार कार्यक्रम,<br>▪ खानेपानी आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम,<br>▪ खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम, र<br>▪ खानेपानी तथा सरसफाइ कार्यक्रम/आयोजनाहरू।<br>५. **एकभन्दा बढी स्थानीय तहलाई प्रभाव पार्ने खानेपानी, ढल निकास तथा सरसफाइ आयोजनाहरू**<br>६. **खानेपानी, सरसफाइ सम्बन्धमा स्थानीय तहलाई अनुदानका कार्यक्रम**<br>७. **ढल निकास**<br>▪ ढल निर्माण तथा प्रशोधन कार्यक्रम,<br>▪ सरसफाइ तथा ढल व्यवस्थापन कार्यक्रम।<br>८. **फोहरमैला व्यवस्थापन र प्रशोधनका कार्यहरू पारिस्थितिकीय प्रणाली** | |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| | ▪ पानी मुहानको संरक्षण।<br>९. **सरसफाइ**<br>▪ सरसफाइका प्रादेशिक अभियानमूलक कार्यक्रम,<br>▪ निजी क्षेत्र र स्थानीय तहको साझेदारीमा राजमार्ग शहरी क्षेत्र, पर्यटन क्षेत्र सार्वजनिक शौचालय निर्माण, र<br>▪ सार्वजनिक शौचालयको नियमित सरसफाइ तथा व्यवस्थापन। | |

## ३.५.७: दिगो विकास लक्ष्य ७: सबैका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने।

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| ३. पूर्वाधार विकास क्षेत्र<br><br>**ऊर्जा** | १. **नीति, कानून, मापदण्ड र योजना**<br>▪ ऊर्जासम्बन्धी प्रदेशस्तरको नीति, कानून, मापदण्ड निर्माण र नियमन सम्बन्धी कार्यहरू, र<br>▪ ऊर्जा सम्बन्धी योजना निर्माण।<br>२. **प्रादेशिक (३ देखि २० मेगावाट) जलविद्युत् आयोजनाको, सम्भाव्यता अध्ययन, आयोजनाको विस्तृत डिजाइन, आयोजना कार्यान्वयन, अनुगमन र नियमन**<br>३. **साना प्रसारण लाइन (११ के.भी. देखि ३३ के.भी. भन्दा साना) निर्माण र व्यवस्थापन कार्यक्रम**<br>४. **ग्रामीण तथा सामुदायिक विद्युतीकरण**<br>५. **वैकल्पिक ऊर्जासम्बन्धी कार्यक्रमहरू**<br>▪ राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम,<br>▪ बायो ग्यास प्रवर्द्धन कार्यक्रम,<br>▪ ऊर्जा विकास कार्यक्रम, सौर्य ऊर्जा विकास कार्यक्रम,<br>▪ विपन्न लक्षित उज्यालो कार्यक्रम,<br>▪ उज्यालो प्रदेश कार्यक्रम जस्तै गण्डकी प्रदेश उज्यालो कार्यक्रम। | ७ |

### ३.५.८: दिगो विकास लक्ष्य ८: भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने।

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| १. आर्थिक विकास क्षेत्र<br>**उद्योग,** | १. **नीति, कानून, मापदण्ड र क्षेत्रगत योजना**<br>▪ प्रदेशको भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धिसम्बन्धी रणनीति, नीति तथा योजना,<br>▪ उद्योग र रोजगारसम्बन्धी प्रादेशिक नीति कानून मापदण्ड,<br>▪ क्षेत्रगत योजना।<br>२. **संस्थागत क्षेत्र**<br>▪ उद्योग वाणिज्य र आपूर्तिसम्बन्धी मन्त्रालय,<br>▪ घरेलु तथा साना उद्योग कार्यालयहरू।<br>३. **औद्योगिक प्रवर्द्धनसम्बन्धी कार्यक्रमहरू**<br>▪ हस्तान्तरण भएका औद्योगिक क्षेत्रहरूको व्यवस्थापन,<br>▪ नयाँ प्रदेश स्तरीय औद्योगिक क्षेत्रहरूको स्थापनासम्बन्धी कार्यहरू,<br>▪ स्थानीयस्तरमा औद्योगिक ग्रामहरू स्थापनासम्बन्धी कार्यहरू,<br>▪ साना, मझौला र घरेलु उद्योग प्रवर्द्धन कार्यक्रम,<br>▪ उद्यमशीलता विकासका लागि सीपमूलक तालिम,<br>▪ खनिज सम्पदाको अन्वेषण अनुसन्धान र अभिलेखाङ्कन,<br>▪ औद्योगिक उत्पादनको बजार प्रवर्द्धन,<br>▪ कृषि प्रशोधन, पशुजन्य, खनिजलगायतका उद्योग।<br>४. **तथ्याङ्क व्यवस्थापन**<br>▪ उद्योग, पर्यटन, श्रम तथा रोजगार तथ्याङ्क र सूचना प्रणालीको स्थापना। | ८ |
| १. आर्थिक विकास क्षेत्र<br>**श्रम तथा रोजगार,** | १. **संस्थागत क्षेत्र**<br>▪ श्रम र रोजगारसम्बन्धी मन्त्रालय,<br>▪ श्रम तथा रोजगार व्यवस्थापन कार्यालय।<br>२. **श्रम र रोजगारसम्बन्धी सङ्घीय अनुदान (सङ्घले साङ्केतीकरण गरी आफ्नो बजेटमा समावेश नगरेको अवस्थामा मात्र)**<br>▪ ससर्त अनुदानका कार्यक्रमहरू, | |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| | ▪ समपूरक र विशेष अनुदानका कार्यक्रमहरू,<br>▪ सहलगानीका वा साझेदारी आयोजनाहरू।<br>३. **रोजगार सूचना केन्द्रहरू**<br>४. **सीप विकास तालिम**<br>▪ व्यावसायिक तथा सीप विकास तालिम केन्द्र (कार्यालयहरू), र<br>▪ सीप विकास तथा रोजगारमूलक तालिम।<br>५. **रोजगार प्रवर्द्धन**[१३]<br>▪ रोजगार सूचना प्रणाली,<br>▪ रोजगार प्रवर्द्धन कार्यक्रम, र<br>▪ श्रम तथा रोजगार व्यवस्थापन कार्यक्रम।<br>६. **बालश्रम निवारण**<br>७. **श्रमिकहरूको व्यवसायजन्य सुरक्षा (Occupational Health) कार्यक्रम**<br>८. **सुरक्षित र लाभदायक वैदेशिक रोजगारसम्बन्धी कार्यक्रम** | |
| १. आर्थिक विकास क्षेत्र<br>**वाणिज्य, आपूर्ति तथा व्यवसाय** | १. **व्यापार सूचना तथा निकासी प्रवर्द्धन** | ८ |
| १. आर्थिक विकास क्षेत्र<br>**वित्तीय सेवा** | १. **वित्तीय सेवा**<br>▪ वित्तीय सेवाको विकास र विस्तारसम्बन्धी कार्यक्रम। | |
| १. आर्थिक विकास क्षेत्र<br>**पर्यटन** | १. **संस्थागत क्षेत्र**<br>▪ पर्यटनसम्बन्धी मन्त्रालय,<br>▪ पर्यटन कार्यालयहरू,<br>▪ पर्यटन सूचना केन्द्रहरू।<br>२. **पर्यटन प्रवर्द्धन**<br>▪ पर्यटन गुरुयोजना, पर्यटन विकास योजना,<br>▪ पर्यटन पूर्वाधार विकास आयोजना, | |

[१३] रोजगारी सृजनासम्बन्धी प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम र सामाजिक संरक्षण सम्बद्ध भएकाले दिविल १ मा समावेश हुने ।

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| | ▪ पर्यटन विकास र प्रवर्द्धन कार्यक्रम,<br>▪ पर्या पर्यटन विकास कार्यक्रम,<br>▪ पर्यटकीय भ्यू टावर, ट्रेकिङ ट्रेल, बेस क्याम्प, प्रतीक्षालय, सेड निर्माण,<br>▪ बृहद् पार्क निर्माण,<br>▪ पर्यटकीय ताल तलैया निर्माण, संरक्षण र सौन्दर्यीकरण,<br>▪ पर्यटक गन्तव्य क्षेत्रको विकास,<br>▪ पर्यटन घरबास कार्यक्रम,<br>▪ साहसी पर्यटन कार्यक्रम,<br>▪ होमस्टे प्रवर्द्धन तथा सहयोग कार्यक्रम,<br>▪ पर्यटकीय वस्तु उत्पादन तथा कोशेली घर प्रवर्द्धन कार्यक्रम,<br>▪ स्थानीय तह र निजी क्षेत्रसँगको साझेदारीमा पर्यटकीय सवारी साधन सञ्चालन।<br>३. **पर्यटन पूर्वाधार विकास साझेदारी (सङ्घ र स्थानीय तह) कार्यक्रम**<br>▪ पदमार्गको विकास संरक्षण र संवर्द्धन,<br>▪ पर्यटक सूचना केन्द्र,<br>▪ पर्यटन क्षेत्रको स्थानीय अर्थतन्त्रसँग अग्र र पृष्ठ सम्बन्धको विकास।<br>४. **पर्यटन सूचना प्रवाहसम्बन्धी कार्यक्रमहरू**<br>▪ पर्यटन सूचना केन्द्र,<br>▪ पर्यटकीय प्रचार सामग्रीको उत्पादन र वितरण। | |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| २. सामाजिक विकास क्षेत्र<br>**भाषा, कला, संस्कृति** | **१. सम्पदा संरक्षण**<br>▪ प्रदेशका ऐतिहासिक धार्मिक तथा पुरातात्विक महत्त्वका सम्पदा संरक्षण।<br>**२. सांस्कृतिक सम्पदाको संरक्षण**<br>▪ प्रदेश संग्रहालय तथा अभिलेखालय,<br>▪ भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकाससम्बन्धी कार्यक्रमहरू (रायोआ)<br>**३. कला उद्योग**<br>▪ सृजनशील कला उद्योगको विकास (उ. नाटक, कलालगायतका विशिष्टीकृत कलासम्बन्धी उत्पादन)। | ८ |

**३.५.९ दिगो विकास लक्ष्य ९: उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगिकीकरणको प्रवर्द्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने।**

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दि वल सङ्केत |
|---|---|---|
| ३. पूर्वाधार विकास<br>**भौतिक पूर्वाधार तथा यातायात व्यवस्था** | **१. नीति, कानून, मापदण्ड र क्षेत्रगत योजना**<br>▪ प्रादेशिक सडक, सडक पुल, झोलुङ्गे पुल, यातायातसम्बन्धी प्रादेशिक नीति कानून मापदण्ड,<br>▪ क्षेत्रगत योजना, गुरुयोजना।<br>**२. यातायातसम्बन्धी संस्थागत क्षेत्र**<br>▪ भौतिक पूर्वाधार र यातायात व्यवस्थापनसम्बन्धी मन्त्रालय,<br>▪ पूर्वाधार विकास निर्देशनालय/यातायात पूर्वाधार निर्देशनालय,<br>▪ पूर्वाधार विकास कार्यालयहरू,<br>▪ सडक डिभिजन कार्यालयहरू,<br>▪ यातायात व्यवस्था कार्यालयहरू,<br>▪ यातायात व्यवस्था सेवा कार्यालयहरू।<br>**३. यातायात पूर्वाधार विकाससम्बन्धी सङ्घीय अनुदानका कार्यक्रमहरू (सङ्घले साङ्केतीकरण गरी आफ्नो बजेटमा समावेश नगरेको अवस्थामा मात्र)** | ९ |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दि वल सङ्केत |
|---|---|---|
| | **४. प्रादेशिक सडक निर्माण कार्यक्रम**<br>▪ प्रादेशिक लोक मार्ग,<br>▪ प्रादेशिक मार्ग (प्रादेशिक सडक),<br>▪ सम्भावित प्रादेशिक सडकहरू,<br>▪ सम्भावित रणनीतिक सडकहरू एकभन्दा बढी स्थानीय तह जोड्ने सडक,<br>▪ प्रदेश सरकारबाट घोषित एकभन्दा बढी जिल्ला जोड्ने प्रादेशिक सडकहरू,<br>▪ प्रदेश राजधानीबाट स्थानीय तहका केन्द्र जोड्ने सडक,<br>▪ एक निर्वाचन क्षेत्र, एक सडक कार्यक्रम, र<br>▪ पर्यटन विशेष सडक कार्यक्रम।<br>**५. प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम**<br>**६. सडक र सडक पुल निर्माण, मर्मत सम्भार र स्तरोन्नतिसम्बन्धी कार्यक्रमहरू**<br>▪ तराई मधेस सडक पूर्वाधार विशेष कार्यक्रम (उदाहरणको रूपमा राखिएको)<br>▪ वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम,<br>▪ अन्य उत्तर दक्षिण सडकहरू,<br>▪ सडक पूर्वाधार विकास कार्यक्रम,<br>▪ सडक तथा सडक पुल निर्माण कार्यक्रम,<br>▪ सडक, पुल मर्मत सुधार,<br>▪ स्थानीयस्तरका सडक पुल तथा सामुदायिक पहुँच सुधार परियोजना,<br>▪ ग्रामीण सडक सञ्जाल सुधार आयोजना,<br>▪ क्रमागत तथा अधुरा सडक आयोजना,<br>▪ उद्योग पहुँच मार्ग आयोजना, र<br>▪ बेलिब्रिज।<br>**७. प्रदेश यातायात पूर्वाधार विशेष कार्यक्रम,**<br>**८. सडक, सडक पुललगायतका पूर्वाधारहरूको नियमित, पटके, आवधिक, आकस्मिक मर्मत सुधार कार्यक्रम**<br>**९. झोलुंगे पुल**<br>▪ झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम, | |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दि वल सङ्केत |
|---|---|---|
| | ▪ झोलुङ्गे पुल निर्माण कार्यक्रम,<br>▪ झोलुङ्गे पुलको नियमित, बृहत् मर्मत एवं पुनर्निर्माण/स्तरोन्नतिसम्बन्धी कार्यक्रम, र<br>▪ तुइन विस्थापन कार्यक्रम।<br>**१०. सडक सुरक्षा**<br>**११. सडक हेरालु**<br>**१२. सडक निर्माण, सुधारसम्बन्धी स्थानीय तह अनुदान**<br>**१३. जल यातायात**<br>**१४. हवाई यातायात विकाससम्बन्धी साझेदारी कार्यक्रम** | |
| १.आर्थिक विकास क्षेत्र<br>**उद्योग** | **१. नीति, कानून, मापदण्ड र क्षेत्रगत योजना**<br>▪ प्रदेश औद्योगिक नीत, कानून मापदण्ड,<br>▪ क्षेत्रगत योजना, गुरुयोजना,<br>▪ खानी तथा खनिज पदार्थको संरक्षणसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड।<br>**२. संस्थागत क्षेत्र**<br>▪ उद्योग हेर्ने मन्त्रालय,<br>▪ उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,<br>▪ उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयहरू,<br>▪ घरेलु तथा साना उद्योग कार्यालय।<br>**३. उद्योग तथा उपभोक्ता हितसम्बन्धी सङ्घीय ससर्त अनुदानका कार्यक्रमहरू**<br>**४. औद्योगिक विकास तथा प्रवर्द्धन कार्यक्रम**<br>**५. उद्यम विकास कार्यक्रम**<br>**६. उद्योग विकास तथा बजार अनुगमन कार्यक्रम**<br>**७. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम**<br>**८. ग्रामीण उद्यम तथा उद्यमशीलता प्रवर्द्धनसम्बन्धी कार्यक्रम**<br>**९. औद्योगिक पूर्वाधार विकास**<br>▪ औद्योगिक कोरिडोर विकास,<br>▪ औद्योगिक ग्राम,<br>▪ वस्तु विशेषका औद्योगिक उत्पादन क्षेत्रको विकास, | ९ |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दि वल सङ्केत |
|---|---|---|
| | ▪ उत्पादनशील पूर्वाधारहरू जस्तै इन्क्यूवेशन सेन्टर (Business Incubation Centre), औद्योगिक प्रदर्शनी स्थल निर्माण,<br>▪ औद्योगिक क्षेत्र स्थापना, विकास र सञ्चालन,<br>▪ राजमार्ग आर्थिक करिडोर विकास कार्यक्रम। | |
| ५. शासकीय तथा अन्तरसम्बन्धित क्षेत्र<br>**योजना तथा तथ्याङ्क प्रणाली** | १. **तथ्याङ्क व्यवस्थापन**<br>▪ औद्योगिक, तथ्याङ्क र सूचना प्रणालीको स्थापना। | ९ |

### ३.५.१०: दिगो विकास लक्ष्य १०: मुलुकभित्र तथा मुलुकहरूबिचको असमानता घटाउने।

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| १. आर्थिक विकास क्षेत्र<br>**वित्तीय सेवा** | १. **लघुवित्त**<br>▪ लघुवित्तसम्बन्धी कार्यक्रम,<br>▪ प्रदेशमा लघुवित्त कार्यक्रमहरू सञ्चालन गर्ने गैसस, वित्तीय क्षेत्रका बिच समन्वय,<br>▪ वित्तीय साक्षरता कार्यक्रम। | १० |
| २. सामाजिक विकास क्षेत्र<br>**महिला बालबालिका तथा समावेशीकरण** | १. **आदिवासी जनजाति**<br>▪ आदिवासी जनजाति उत्थानसम्बन्धी कार्यक्रम,<br>▪ सामाजिक समूह तथा महिला लक्षित आयआर्जनका कार्यक्रमहरू,<br>▪ लोपोन्मुख अल्पसंख्यक र सीमान्तकृत समुदाय लक्षित कार्यक्रमहरू,<br>▪ रोजगारी अभिवृद्धिका कार्यक्रमहरू,<br>▪ शिक्षा तथा स्वास्थ्यमा समतामूलक एवम् गुणस्तर प्रवर्द्धनका कार्यक्रमहरू। | |

### ३.५.११: दिगो विकास लक्ष्य ११: सहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने।

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| ३. पूर्वाधार विकास क्षेत्र<br>**भवन आवास तथा शहरी विकास** | १. **नीति, कानून, मापदण्ड**<br>▪ शहरी विकास, बस्ती विकास र भवनसम्बन्धी नीति, कानून, मापदण्ड,<br>▪ शहरी विकास, बस्ती विकाससम्बन्धी योजना तथा गुरुयोजना,<br>▪ शहरी विकास, बस्ती विकाससम्बन्धी आयोजनाको अध्ययन, कार्यान्वयन र नियमन,<br>▪ भवन संहिता, भवन मापदण्ड, सरकारी तथा सार्वजनिक भवनसम्बन्धी मापदण्ड, रेखदेख अनुगमन,<br>▪ सुरक्षित बस्ती विकाससम्बन्धी योजना, कार्यक्रम।<br>२. **शहरी विकाससम्बन्धी संस्थागत क्षेत्र**<br>▪ शहरी विकाससम्बन्धी मन्त्रालय,<br>▪ शहरी विकास निर्देशनालय,<br>▪ शहरी विकास तथा भवनसम्बन्धी पूर्वाधार विकास निर्देशनालय,<br>▪ पूर्वाधार विकास, शहरी विकास तथा भवन कार्यालयहरू।<br>३. **सङ्घीय अनुदान कार्यक्रम (सङ्घले साङ्केतीकरण गरी आफ्नो बजेटमा समावेश नगरेको अवस्थामा मात्र)**<br>▪ सङ्घीय ससर्त अनुदानका कार्यक्रमहरू,<br>▪ सङ्घीय समपूरक, विशेष अनुदानका कार्यक्रमहरू,<br>▪ सहलगानीका कार्यक्रमहरू।<br>४. **आवास, भवन तथा शहरी विकाससम्बन्धी संस्थागत क्षेत्र**<br>▪ भौतिक पूर्वाधार (आवास, भवन तथा शहरी विकास) सम्बन्धी मन्त्रालय,<br>▪ भवन तथा शहरी विकास निर्देशनालय, | ११ |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| | ▪ शहरी विकास तथा भवन कार्यालयहरू।<br>५. **शहरी पूर्वाधार विकास कार्यक्रम**<br>▪ सघन शहरी विकास कार्यक्रम,<br>▪ स्याटालाइट सिटी, स्मार्ट सिटी,<br>▪ व्यवस्थित शहरी विकास कार्यक्रम (जग्गा विकास, सडक, ढल, पार्क, उद्यान, खुला स्थान, बस बिसौनी आदिको विकास),<br>▪ नयाँ सहर कार्यक्रम,<br>▪ शहरी सडक तथा शहरी पूर्वाधार निर्माण,<br>▪ प्रदेश राजधानी गुरुयोजना तयारी एवम् निर्माण कार्यक्रम। | |
| | ▪ महानगरोन्मुख वा नगरोन्मुख गाउँपालिकामा रहेको शहरी क्षेत्रको एकीकृत पूर्बाधार विकास,<br>▪ शहरी सडक मर्मत सम्भार, सुरक्षा तथा अन्य पूर्वाधार।<br>६. **प्रदेश राजधानी एकीकृत पूर्वाधार विकास कार्यक्रम**<br>७. **बस्ती विकास कार्यक्रम**<br>▪ आवास तथा बस्ती विकास कार्यक्रम,<br>▪ आवास व्यवस्था कार्यक्रम,<br>▪ जनता आवास, दलित आवास र एकीकृत बस्ती विकास कार्यक्रम,<br>▪ नागरिक सुरक्षित आवास कार्यक्रम।<br>८. **भवन पूर्वाधार निर्माण**<br>▪ सार्वजनिक भवन (सरकारी भवन, आवास, सामुदायिक भवन) निर्माण र मर्मत कार्यक्रम,<br>▪ भवन तथा सभाहल निर्माण कार्यक्रम,<br>आवास, भवन मर्मत सुधार। | ११ |
| ३. पूर्वाधार विकास क्षेत्र<br>**भौतिक पूर्वाधार तथा यातायात व्यवस्था** | १. **शहरी यातायात व्यवस्थापन**<br>▪ शहरी यातायात व्यवस्था तथा सुदृढीकरण कार्यक्रम।<br>२. **यातायात व्यवस्था तथा सुदृढीकरण कार्यक्रम** | |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| | ▪ मास ट्राञ्जिट प्रणालीसम्बन्धी नीति, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,<br>▪ यातायात सेवा व्यवस्थापन,<br>▪ यातायात प्राधिकरण। | |
| २. सामाजिक विकास क्षेत्र<br>**भाषा, कला, संस्कृति** | १. **भाषा संस्कृति**<br>▪ प्रदेशभित्रका भाषा, लिपिको विकास र संरक्षणसम्बन्धी कार्यक्रम,<br>▪ प्रदेश संस्कृति (मूर्त र अमूर्त) को विकास र संरक्षणसम्बन्धी कार्यक्रम। | |

### ३.५.१२: दिगो विकास लक्ष्य १२: दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने।

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| ४. वन तथा वातावरण क्षेत्र<br>**वातावरण संरक्षण र फोहरमैला व्यवस्थापन** | १. **फोहरमैला व्यवस्थापन कार्यक्रम**<br>▪ ल्याण्डफिल साइटको निर्माण र दिगो व्यवस्थापन।<br>२. **स्थानीय तहलाई फोहरमैला व्यवस्थापन सहजीकरण**<br>▪ स्थानीय तह फोहरमैला व्यवस्थापन सहजीकरण कार्यक्रम,<br>▪ अन्तर स्थानीय तह फोहरमैला व्यवस्थापनसम्बन्धी साझेदारी कार्यक्रम। | १२ |
| ४. वन तथा वातावरण क्षेत्र<br>**विपद् व्यवस्थापन र जलवायु अनुकूलन** | १. **वारुणयन्त्र (दमकल) सञ्चालन तथा सुदृढीकरण कार्यक्रम**<br>▪ वारुणयन्त्र तथा अग्नि नियन्त्रण उपकरण खरिद तथा व्यवस्थापन,<br>▪ अन्तर स्थानीय तह वारुणयन्त्र (दमकल) सञ्चालन सम्बन्धी साझेदारी कार्यक्रम।<br>२. **जलस्रोत व्यवस्थापन**<br>▪ पानीको रिचार्जसमेतका लागि वर्षातको पानी सङ्कलन पोखरी निर्माण,<br>▪ वन क्षेत्रभित्रका खोल्साखोल्सी व्यवस्थापन कार्यक्रम। | |

**३.५.१३: दिगो विकास लक्ष्य १३: जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने।**

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| ४. वन तथा वातावरण क्षेत्र<br>**विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन** | १. **नीति, कानून मापदण्ड**<br>▪ विपद्सम्बन्धी प्रदेशसम्बन्धी नीति, कानून, मापदण्ड,<br>▪ विपद्सम्बन्धी योजना गुरुयोजना।<br>२. **सङ्घीय अनुदान कार्यक्रम**<br>▪ सङ्घीय ससर्त अनुदानका कार्यक्रमहरू,<br>▪ सङ्घीय समपूरक, विशेष अनुदानका कार्यक्रमहरू,<br>▪ सहलगानीका कार्यक्रमहरू।<br>३. **राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसम्बन्धी कार्यक्रमहरू**<br>४. **विपद् व्यवस्थापन**<br>▪ विपद् व्यवस्थापनसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तर्जुमा,<br>▪ विपद् व्यवस्थापन योजना तर्जुमा, कार्यान्वयन,<br>▪ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना,<br>▪ विपद् स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली,<br>▪ प्रदेश विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन,<br>▪ तटबन्ध निर्माण तथा नदी उकास कार्यक्रम,<br>▪ प्रदेश विपद् व्यवस्थापन समिति।<br>५. **विपद् जोखिम न्यूनीकरण**<br>▪ प्रदेशस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, पूर्वसूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्वभण्डारण, वितरण र समन्वय, | १३ |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| | ▪ विपद् जोखिम क्षेत्रको पहिचान, नक्साङ्कन तथा बस्तीहरूको स्थानान्तरण,<br>▪ विपद् जोखिम न्यूनीकरणका लागि पूर्वसूचना प्रणालीसम्बन्धी कार्यक्रम,<br>▪ बाढी भविष्यवाणी कार्यक्रम।<br>६. **विपद् पुनर्लाभ (विपद्पश्चात् विपद्बाट क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माणसम्बन्धी कार्यक्रमहरू**<br>▪ विपद्पश्चात् पुनर्स्थापना र पुनर्निर्माण,<br>▪ आवास पुनर्निर्माण।<br>७. **विपद् प्रतिकार्य**<br>▪ विपद्को तत्कालपश्चात् गरिने खोज, उद्धार एवं राहत कार्यक्रम,<br>▪ विपद् जोखिम न्यूनीकरणसम्बन्धी आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन।<br>८. **विपद् सूचना, सञ्चार तथा अभिलेखाङ्कन**<br>▪ विपद्सम्बन्धी तालिम अभिमुखीकरण,<br>▪ विपद्जन्य सूचना तथा सञ्चार सामग्रीको उत्पादन तथा वितरण,<br>▪ विपद्सम्बन्धी तथ्याङ्क व्यवस्थापन,<br>▪ विपद्सम्बन्धी अध्ययन अनुसन्धान।<br>९. **खुला स्थानको व्यवस्था**<br>१०. **जलवायुसम्बन्धी तथ्याङ्कको सुदृढीकरण**<br>११. **एकीकृत विपद् व्यवस्थापन कार्यक्रम केन्द्र-साझेदारी**<br>१२. **हावापानी तथा मौसम**<br>१३. **प्रदूषण नियन्त्रण**<br>१४. **जलवायु अनुकूलन**<br>▪ जलवायु अनुकूलन कार्यक्रम,<br>▪ जलवायु अनुकूलित बृहद् खानेपानी आयोजना। | |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| ४. वन तथा वातावरण क्षेत्र<br><br>**विपद् व्यवस्थापन र जलवायु अनुकूलन** | १. **विपद् पुनर्निर्माण**<br>▪ नदी कटानबाट बस्ती संरक्षणसम्बन्धी कार्यक्रम,<br>▪ भू-संरक्षण तथा जलाधार संरक्षणका कार्यक्रमहरू,<br>▪ विपद् प्रभावित निजी आवास पुनर्निर्माण। | १३ |
| ४. वन तथा वातावरण क्षेत्र<br><br>**वन तथा भू-संरक्षण र जैविक विविधता** | १. **वातावरण संरक्षण र जैविक विविधतासम्बन्धी नीति कानून, योजना**<br>▪ वातावरण संरक्षण र जैविक विविधतासम्बन्धी प्रदेश नीति, कानून, मापदण्ड तर्जुमा,<br>▪ वातावरण संरक्षण र जैविक विविधतासम्बन्धी प्रादेशिक योजना तर्जुमा।<br>२. **संस्थागत संरचना**<br>▪ वातावरण निर्देशनालय।<br>३. **वातावरण संरक्षण र जैविक विविधतासम्बन्धी सङ्घीय अनुदान (सङ्घले साङ्केतीकरण गरी आफ्नो बजेटमा समावेश नगरेको अवस्थामा मात्र)**<br>▪ ससर्त अनुदान,<br>▪ समपूरक र विशेष अनुदान,<br>▪ सहलगानी वा साझेदारी कार्यक्रमहरू।<br>४. **जैविक विविधता र वातावरण संरक्षण कार्यक्रम**<br>५. **नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम**<br>६. **वातावरण संरक्षण कार्यक्रम**<br>७. **वातावरणीय सरसफाइ आयोजना**<br>८. **ताल संरक्षण**<br>▪ ताल संरक्षण तथा विकास प्राधिकरण।<br>९. **वातावरणीय जोखिम न्यूनीकरण वातावरणमैत्री, यातायात प्रणालीको प्रवर्द्धन,**<br>१०. **वातावरण विभाग** | |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| ४.वन तथा वातावरण क्षेत्र<br>वातावरण संरक्षण र फोहरमैला व्यवस्थापन | १. **हरियाली प्रवर्द्धन**<br>२. **शहरी वन कार्यक्रम**<br>३. **फोहरमैला व्यवस्थापन** | १३ |
| ३. पूर्वाधार विकास क्षेत्र<br>सिँचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापन | १. **जल उत्पन्न प्रकोप नियन्त्रण**<br>▪ जल उत्पन्न प्रकोप न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रम,<br>▪ नयाँ प्रविधिमा आधारित एकीकृत नदी नियन्त्रण कार्यक्रम,<br>▪ आकस्मिक जल उत्पन्न प्रकोप व्यवस्थापन कार्यक्रम (तार जाली वितरण)। | |

**३.५.१४: दिगो विकास लक्ष्य १५: स्थलीय पर्यावरणको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने।**

| क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| ४.वन तथा वातावरण क्षेत्र<br>वन तथा भू-संरक्षण र जैविक विविधता | १. **वन तथा वातावरण**<br>▪ वन, वन्यन्तु, वन प्रवर्द्धनसम्बन्धी नीति, योजना।<br>२. **वन तथा वातावरणसम्बन्धी संस्थागत क्षेत्र**<br>▪ प्रदेश वन मन्त्रालय,<br>▪ प्रदेश वन निर्देशनालय,<br>▪ भू-संरक्षण कार्यालय (भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू),<br>▪ डिभिजन वन कार्यालय (वन सुरक्षा सैनिकसमेत),<br>▪ वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र।<br>३. **सङ्घीय अनुदान कार्यक्रम (सङ्घले आफ्नो बजेटमा समावेश गरी साङ्केतीकरण नगरेको अवस्थामा मात्र)**<br>▪ ससर्त अनुदान, | १५ |

| क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| | ▪ विशेष र समानीकरण अनुदान,<br>▪ सहलगानी वा साझेदारी कार्यक्रम।<br>४. **वन तथा वातावरणसम्बन्धी कार्यक्रम**<br>▪ राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम,<br>▪ राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम,<br>▪ दिगो वन विकास तथा व्यवस्थापन कार्यक्रम,<br>▪ प्रदेश वन विकास तथा व्यवस्थापन कार्यक्रम,<br>▪ समृद्धिका लागि वन कार्यक्रम,<br>▪ वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम,<br>▪ वन, वन्यजन्तु, जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम,<br>▪ सामुदायिक, कृषि वन, धार्मिक, कबुलियती र साझेदारी वन कार्यक्रम,<br>▪ मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वन,<br>▪ निजी वनको प्रवर्द्धन,<br>▪ कृषि वन कार्यक्रम,<br>▪ डढेलो नियन्त्रण तथा व्यवस्थापन,<br>▪ वन बीउ बगैंचा स्थापना, व्यवस्थापन र प्रवर्द्धन,<br>▪ प्रदेश हरित अभियान,<br>▪ वन तथा भू-संरक्षण विभागबाट प्राप्त कार्यक्रम।<br>५. **वन्यजन्तु तथा चराचुरुङ्गीको संरक्षण**<br>६. **वन्यजन्तु तथा वासस्थान संरक्षण कार्यक्रम**<br>७. **वनजन्य सम्पदाको अभिलेखाङ्कन**<br>८. **जडीबुटी विकास कार्यक्रम**<br>▪ जडीबुटी विकास कार्यक्रम,<br>▪ जडीबुटी तथा गैरकाष्ठ वन पैदावार विकास कार्यक्रम,<br>▪ अन्य वन पैदावार प्रवर्द्धन कार्यक्रम।<br>९. **वन नर्सरी प्रवर्द्धन** | |

| क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| | **१०. वृक्षरोपण**<br>**११. वन उद्यम तथा पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम**<br>**१२. भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम**<br>▪ प्रदेश जलाधार संरक्षण र व्यवस्थापन, (जस्तै, फेवाताल जलाधार संरक्षण योजना),<br>▪ जलाधार संरक्षण तथा व्यवस्थापन कार्यक्रम,<br>▪ जलाधार संरक्षण तथा सिमसार व्यवस्थापन कार्यक्रम,<br>▪ भू-संरक्षण र जलाधार व्यवस्थापनजन्य (अनुकूलन) कार्यक्रम,<br>▪ भूक्षय, पहिरो नियन्त्रण कार्यक्रम,<br>▪ जमिन र नदी किनाराको संरक्षणसम्बन्धी कार्यक्रमहरू,<br>▪ जैविक विविधताको संरक्षण तथा अभिलेखाङ्कन।<br>**१३. वातावरणीय दृष्टिले संवेदनशील जलस्रोतहरूको संरक्षण**<br>▪ सिमसार, मूल, ताल पोखरीको संरक्षण।<br>**१४. लोपोन्मुख वनस्पति र जीवजन्तुको संरक्षण**<br>▪ रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन,<br>▪ मिचाहा प्रजातिको नियन्त्रण,<br>▪ वन्यजन्तुको संरक्षण। | |

**३.५.१५: दिगो विकास लक्ष्य १६: दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने।**

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| ५. शासकीय तथा अन्तरसम्बन्धित क्षेत्र<br>**प्रदेश संसद्** | १. **प्रदेशसभा**<br>२. **प्रदेशसभा सचिवालय** | १६ |
| ५. शासकीय तथा अन्तरसम्बन्धित क्षेत्र<br>**प्रदेश मन्त्रिपरिषद्** | १. **प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संवैधानिक निकायहरू**<br>▪ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,<br>▪ प्रदेश लोक सेवा आयोग,<br>▪ प्रदेश योजना आयोग,<br>▪ मुख्य न्यायाधिवक्ताको कार्यालय,<br>▪ मधेस प्रदेश जनलोकपाल आयोग।<br>२. **संस्थागत क्षेत्र**<br>▪ आर्थिक मामिला तथा योजना मन्त्रालय,<br>▪ प्रदेशसभा तथा कानूनसम्बन्धी मन्त्रालय,<br>▪ प्रदेश लेखा नियन्त्रक कार्यालय,<br>▪ प्रदेश लेखा इकाइ कार्यालयहरू,<br>▪ सञ्चार रजिष्ट्रारको कार्यालय,<br>▪ सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान,<br>▪ प्रदेश विकास प्राधिकरण,<br>▪ प्रशासनिक प्रशिक्षण तालिम केन्द्र।<br>३. **प्रदेश सेवा**<br>४. **प्रदेश सेवा र अन्य प्रदेश सरकारी सेवा**<br>५. **कर्मचारी सुविधाहरू**<br>▪ बिमा<br>▪ बिदाको भुक्तानी,<br>▪ कर्मचारी सेवा निवृत्ति सुविधा,<br>अनुदान। | |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| ५. शासकीय तथा अन्तरसम्बन्धित क्षेत्र<br>**आन्तरिक मामिला /शान्ति सुरक्षा/कानुन** | **१. आन्तरिक मामिला, कानून, शान्ति र न्याय**<br>▪ आन्तरिक मामिला मन्त्रालय<br>▪ प्रदेश प्रहरी,<br>▪ प्रदेश अनुसन्धान ब्युरो,<br>▪ कानून तथा संसदीय मामिलासम्बन्धी मन्त्रालय,<br>▪ प्रादेशिक नीति तथा कानून निर्माण। | १६ |
| ५. शासकीय तथा अन्तरसम्बन्धित क्षेत्र<br>**सङ्गठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह** | **१. प्रदेश सेवा प्रवाह,**<br>**२. सुशासनसम्बन्धी नीति, योजना कानून,**<br>**३. सुशासन तथा शान्ति सुरक्षा व्यवस्थापन**<br>**४. संस्थागत कार्यजिम्मेवारी विभाजन**<br>▪ सङ्गठन विकास, सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण।<br>**५. प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (सङ्घ ससर्त अनुदान) (सङ्घले साङ्केतीकरण गरी आफ्नो बजेटमा समावेश नगरेको अवस्थामा)**<br>**६. प्रदेश सहयोग कार्यक्रम**<br>**७. प्रादेशिक स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान (प्रदेश सुशासन केन्द्र)**<br>**८. कर्मचारी क्षमता विकास कार्यक्रम**<br>**९. स्थानीय तहको संस्थागत क्षमता विकास**<br>**१०. मानव संसाधन विकास योजना तर्जुमा र कार्यान्वयन**<br>▪ मानव संसाधन विकास योजनाको निर्माण,<br>▪ वृत्ति विकास कार्यक्रम।<br>**११. नतिजामा आधारित कार्यसम्पादन मूल्याङ्कन**<br>▪ कार्यसम्पादन करार,<br>▪ नतिजामा आधारित कार्यसम्पादन प्रणालीको स्थापना र सञ्चालन।<br>**१२. अध्ययन अनुसन्धान**<br>▪ आर्थिक तथा सार्वजनिक प्रशासनलगायतका अध्ययन अनुसन्धान। | |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| | **१३. सङ्घ संस्था व्यवस्थापन**<br>▪ प्रदेशस्तरका सङ्घ संस्था (गैससससमेत) दर्ता, नवीकरण, परिचालन, | १६ |
| ५. शासकीय तथा अन्तरसम्बन्धित क्षेत्र<br>**सार्वजनिक उत्तरदायित्व र वित्तीय सुशासन** | **१. जवाफदेही र पारदर्शिता**<br>▪ नागरिक बडापत्र,<br>▪ सार्वजनिक सुनुवाइ,<br>▪ सामाजिक परीक्षण,<br>▪ सार्वजनिक परीक्षण,<br>▪ सेवाग्राही सर्वेक्षण,<br>▪ व्यवस्थापन परीक्षण।<br>**२. वित्तीय जवाफदेहिता /उत्तरदायित्व**<br>▪ सार्वजनिक वित्त व्यवस्थापन,<br>▪ सार्वजनिक खर्च व्यवस्थापन,<br>▪ आन्तरिक नियन्त्रण,<br>▪ लेखापरीक्षण,<br>▪ वित्तीय जोखिम मूल्याङ्कन,<br>▪ वित्तीय प्रतिवेदन,<br>▪ बेरुजु फछ्र्यौट।<br>**३. सूचनामा सार्वजनिक पहुँच**<br>▪ प्रदेश राजपत्र प्रकाशन,<br>▪ सार्वजनिक तथा प्रदेश सरकारका सम्पत्ति र चालु तथा सम्पन्न आयोजनाको अभिलेखाङ्कन,<br>▪ प्रदेशका काम कारबाहीको स्वप्रकाशनसम्बन्धी व्यवस्था,<br>▪ प्रवक्ता तथा सूचना अधिकारीको सूचना प्रवाहसम्बन्धी क्षमता विकास। | |
| ५. शासकीय तथा अन्तरसम्बन्धित क्षेत्र<br>**स्रोत/ राजश्व परिचालन** | **१. राजश्व र स्रोत अनुमान**<br>▪ स्रोत अनुमान तथा बजेट सीमासम्बन्धी कार्यक्रम,<br>▪ राजश्व परामर्शसम्बन्धी कार्यक्रम। | |

| प्रमुख क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| ५. शासकीय तथा अन्तरसम्बन्धित क्षेत्र<br>**योजना, तथा तथ्याङ्क प्रणाली** | २. **योजना तर्जुमा र कार्यान्वयन**<br>▪ आवधिक योजना,<br>▪ विषय क्षेत्रगत रणनीतिक योजना,<br>▪ मध्यकालीन खर्च संरचना,<br>▪ आयोजना बैङ्क,<br>▪ प्रादेशिक योजना तथा कार्यक्रम तर्जुमा,<br>▪ आर्थिक सर्वेक्षण।<br>३. **सार्वजनिक निजी साझेदारीसम्बन्धी योजनाको विकास।** | १६ |
| ५. शासकीय तथा अन्तरसम्बन्धित क्षेत्र<br>**अनुगमन तथा मूल्याङ्कन** | १. **अनुगमन तथा मूल्याङ्कन**<br>▪ त्रैमासिक समीक्षा,<br>▪ अर्द्धवार्षिक र वार्षिक समीक्षा,<br>▪ तेस्रो पक्ष अनुगमन तथा मूल्याङ्कन।<br>२. **आयोजना तथा कार्यक्रमको प्रभाव मूल्याङ्कन** | |
| १.आर्थिक विकास क्षेत्र<br>**अर्थ तथा बजेट** | १. **लगानी सम्मेलन**<br>२. **लैङ्गिक उत्तरदायी बजेट**<br>▪ लैङ्गिक उत्तरदायी बजेट कार्यक्रम।<br>३. **बजेट साङ्केतीकरण**<br>▪ लैङ्गिक उत्तरदायी,जलवायु अनुकूलन, दिगो विकास, गरिबी लक्षित बजेट साङ्केतीकरण। | |
| ३. भौतिक पूर्वाधार क्षेत्र<br>**सूचना तथा सञ्चार** | १. **सूचना तथा सञ्चार क्षेत्रको प्रवर्द्धन कार्यक्रम**<br>२. **सूचना प्रविधि**<br>▪ वेबसाइट निर्माण तथा अभिलेखीकरण,<br>▪ सूचना तथा जानकारीहरू डिजिटल माध्यमबाट पाउने डिजिटलाइजेसन कार्यक्रम,<br>▪ विद्युतीय प्रणालीमा आधारित ड्यासबोर्ड सञ्चालन,<br>▪ सूचना तथा सञ्चार (वेबसाइट, वाइफाई, अनलाइन सेवा सम्बन्धी कार्य, विद्युतीय कारोबार, इन्टरेट पहुँच),<br>▪ मोबाइल नेटवर्क बिस्तार,<br>▪ प्रदेश डेटा सेन्टर तथा ब्याकअप स्थापना,<br>▪ प्रदेश वृत्त चित्र निर्माण। | |

### ३.५.१६: दिगो विकास लक्ष्य १७: दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने।

| क्षेत्र/उपक्षेत्र | सम्बद्ध क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| ५. शासकीय तथा अन्तरसम्बन्धित क्षेत्र<br>**स्रोत/ राजश्व परिचालन** | १. **स्थानीय कर, सेवा शुल्क तथा दस्तुरसम्बन्धी क्रियाकलापहरू**<br>▪ प्रदेशको कर तथा गैरकर (दस्तुर, सेवा शुल्क) आयको सङ्कलन, व्यवस्थापन,<br>▪ राजस्व सूचना प्रणाली,<br>▪ राजश्व व्यवस्थापनसम्बन्धी कार्यक्रम र क्रियाकलापहरू,<br>▪ करको आधार र दायरा विस्तार,<br>▪ राजश्व चुहावट नियन्त्रण,<br>▪ राजश्व सुधार कार्ययोजनाको निर्माण तथा कार्यान्वयन।<br>२. **स्थानीय तह अनुदान**<br>▪ गाउँपालिका नगरपालिका समानीकरण अनुदान,<br>▪ जिल्ला समन्वय समिति अनुदान। | १७ |
| २. सामाजिक विकास क्षेत्र<br>**नवप्रवर्तन, विज्ञान तथा प्रविधि** | १. **विज्ञान प्रविधि र नवप्रवर्तन**<br>▪ नवप्रवर्तन प्रोत्साहनमूलक कार्यक्रम,<br>▪ नवप्रवर्तनमूलक परियोजनामा सुरुवाती पूँजी (Startup) सहयोग तथा वित्तीय सहजीकरण (Link & facilitation) कार्यक्रम, स्थानीय स्रोत साधन र स्वरोजगारी सृजनासम्बन्धी नवीन कार्यक्रमहरूलाई प्रोत्साहनमूलक कार्यक्रम,<br>▪ विज्ञान र प्रविधिमा आधारित सृजनात्मक (Innovative) कार्यक्रमहरू। | |

### ३.५.१७: सङ्घीय अनुदानका र मिश्रित क्रियाकलापहरूको साङ्केतीकरण

दिगो विकास लक्ष्य साङ्केतीकरण नगरी प्राप्त सङ्घीय अनुदानका र मिश्रित क्रियाकलापहरूको देहाय बमोजिम साङ्केतीकरण गर्नेः-

१. सङ्घीय विभागहरूबाट प्राप्त हुने कार्यक्रमहरू सम्बन्धित विषय क्षेत्रमा साङ्केतीकरण गर्ने जस्तै वन विभाग, वातावरण विभाग, पशु सेवा विभागबाट आउने ससर्त अनुदान क्रमशः १५, १३ र २ मा राखे। (सङ्घले साङ्केतीकरण गरी आफ्नो बजेटमा समावेश नगरेको भएमा मात्र)

२. प्रदेशगत मन्त्रालयको कार्यजिम्मेवारी फरक पर्न सक्ने भएकाले एकभन्दा बढी दिगो विकास लक्ष्य जोडिएको हकमा बढी बजेट रहेको मन्त्रालयमा समावेश गर्ने। उदाहरणका लागि श्रम तथा यातायात मन्त्रालयको हकमा श्रमतर्फ विनियोजन बढी भए त्यसमा र यातायाततर्फ विनियोजन बढी भए मन्त्रालयलाई सोहीअनुसार, यस्तै ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयमा उक्त तीन क्षेत्रमध्ये विनियोजन जुन क्षेत्रमा छ सोहीअनुसार (ऊर्जा, जलस्रोत वा सिँचाइ) दिगो विकास लक्ष्यमा समावेश गरी साङ्केतीकरण गर्ने।

## ३.६ दिगो विकास लक्ष्यसँग असम्बन्धित क्रियाकलापहरूको साङ्केतीकरण

दिगो विकास लक्ष्यसँग असम्बन्धित क्रियाकलापहरूको साङ्केतीकरण गर्दा "०" उल्लेख गर्ने।

| क्षेत्र/उपक्षेत्र | दिगो विकास लक्ष्य साङ्केतीकरणमा "०" उल्लेख हुने क्रियाकलापका उदाहरणहरू | दिविल सङ्केत |
|---|---|---|
| | ▪ राजश्व, धरौटी फिर्ता<br>▪ दण्ड जरिवाना तथा न्यायिक फिर्ता,<br>▪ भैपरी आउने साधारण प्रशासनिक खर्च,<br>▪ राष्ट्रिय बचत पत्र,<br>▪ ऋण लगानी,<br>▪ वित्तीय व्यवस्था (शीर्षक नखुलेको)<br>▪ प्रदेश सरकारको ऋण भुक्तानी,<br>▪ लगानी व्यवस्थापन,<br>▪ अर्थ वित्तीय व्यवस्था। | ० |

## ३.७ मिल्दो क्रियाकलाहरूमा साङ्केतीकरण

प्रदेशका कार्यहरू सक्दो रूपमा दिगो विकास लक्ष्यसँग मिलाई वर्गीकरण गरिएको छ। प्रदेशले कार्यान्वयन गरिरहेको वा तर्जुमा गरेको कुनै कार्यक्रम वा क्रियाकलाप यस स्रोत पुस्तिकाको उदाहरण सूचीमा नपरेको भए दिगो विकास लक्ष्यसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध भएका कार्यक्रमहरूको मिल्दोजुल्दो शीर्षकमा साङ्केतीकरण गर्नुपर्दछ। यस स्रोत पुस्तिकाको उदाहरणमा नरहेकाले मात्र दिगो विकास लक्ष्यसँग असम्बन्धित मानी (--) मा सङ्केत गर्नु हुँदैन। दिगो विकास लक्ष्यसँग कुनै सम्बन्ध नभएका कार्यक्रमहरू मात्र यस्तो (--) मा सङ्केत गर्नुपर्दछ।

यो पुस्तिकामा उल्लेखित कतिपय कार्यक्रमहरू उदारहरणको रुपमा राखिएकोले कुनै असम्बन्धित पनि हुन सक्छन् भने कतिपय प्रदेशका कार्यक्रम कुनै कार्यक्रम छुटेका हुन सक्छन्। यस्तो अवस्थामा उदाहरणको रूपमा प्रस्तुत त्यस्ता कार्यक्रमसँग मिल्दो कार्यक्रम सम्बन्धित लक्ष्यसँग साङ्केतीकरण गर्नुपर्दछ।

## ३.८ दिगो विकास लक्ष्य साङ्केतीकरणसम्बन्धी प्रक्रिया

प्रदेश सरकारको वार्षिक विनियोजन एवं कार्यक्रम/आयोजनालाई प्रदेश बजेट सूचना प्रणालीमा दिगो विकास लक्ष्य साङ्केतीकरण गर्नको लागि निम्न प्रक्रिया अवलम्बन गर्नुपर्दछ:

(क) नयाँ बजेट उपशीर्षकमा दिगो विकास सांकेतिकरण गर्नुपर्दा -

(१) कुनै नयाँ बजेट उपशीर्षक खोल्नुपर्ने अवस्थामा सम्बन्धित कार्यालयले दिगो विकास लक्ष्यसमेत यकिन गरी विषयगत मन्त्रालयमार्फत आर्थिक मामिलासम्बन्धी मन्त्रालयमा अनुरोध गर्नुपर्दछ।

(२) आर्थिक मामिलासम्बन्धी मन्त्रालयले आवश्यकताअनुसार प्रदेश नीति तथा योजना आयोग/प्रदेश योजना आयोगसँग परामर्श गरी दिगो विकास लक्ष्यसमेत यकिन गरी बजेट उपशीर्षक प्राप्त प्रदान गर्नुपर्दछ।

(३) यसरी बजेट उपशीशिर्षक तयार/प्रदान गर्दा आर्थिक मामिला हेर्ने मन्त्रालयले दिगो विकास लक्ष्यसमेत सम्बन्धित बजेट उपशीर्षकमा नै साङ्केतीकरण गरी उपलब्ध गराउनुपर्दछ।

(४) विषयगत मन्त्रालयले उक्त बजेट उपशीषर्कमा खर्च गर्ने कार्यालयहरू यकिन गरी खर्च इकाइलाई उक्त बजेट उपशीर्षकमा प्रविष्टि (Entry) गर्नुपर्दछ।

(५) सम्बन्धित कार्यालयले PLMBIS मा आफूलाई प्राप्त बजेट उपशीर्षकभित्र कार्यक्रमहरू प्रस्ताव गर्नुपर्दछ।

(ख) दिगो विकास लक्ष्य साङ्केतीकरणमा फरक परेकोमा सुधार-

(१) विद्यमान बजेट उपशीर्षकमा दिगो विकास साङ्केतीकरण फरक परेको भएमा सम्बन्धित मन्त्रालयको अनुरोधमा प्रदेश योजना आयोग/प्रदेश नीति तथा योजना आयोगसँग परामर्श गरी आर्थिक मामिला हेर्ने मन्त्रालयले संशोधन गरी मिलाउनुपर्दछ।


(ग) दिगो विकास लक्ष्य साङ्केतीकरण छुट भएको वा द्विविधा परेको अवस्थामा-

(१) बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्य साङ्केतीकरण छुट भएको वा द्विविधा परेकोमा अद्यावधिक गरी मिलाउनुपर्दा- जिम्मेवारी : बजेट महाशाखा, आर्थिक मामिला सम्बन्धित मन्त्रालयले प्रदेश नीति तथा योजना आयोगसँग छलफल गरी सुधार गर्नुपर्दछ।


(घ) वार्षिक कार्यक्रमलाई प्रदेश मन्त्रालय सूचना प्रणाली (PLMBIS) मा दिगो विकास लक्ष्य साङ्केतीकरणः

(१) वार्षिक कार्यक्रमलाई प्रदेश मन्त्रालयगत सूचना प्रणाली (PLMBIS) मा दिगो विकास लक्ष्य साङ्केतीकरणको फिल्डमा पुग्न आर्थिक मामिलासम्बन्धी मन्त्रालयले निम्न चरणहरू पूरा गर्नुपर्ने हुन्छ-


**चरण १**: PLMBIS प्रणाली खोल्ने-



**चरण २**: PLMBIS भित्र रहेको मेनुबाट settings विकल्पमा क्लिक गर्ने-




**<u>चरण ३</u>**: यसपछि बजेट उपशीर्षक विकल्पमा छनोट गर्न (+) अप्सनमा क्लिक गर्ने-




बजेट उपशीर्षकअन्तर्गतको कार्यक्रम प्रविष्टि गर्ने र सँगै विभिन्न बजेट सङ्केतहरू छनोट गर्ने र दिगो विकास लक्ष्य साङ्केतीकरणका लागि यस पुस्तिकामा दिएअनुसार उक्त कार्यक्रम कुन लक्ष्यसँग सम्बन्धित छ पहिचान गरी दिगो विकास लक्ष्यको सङ्केत छान्ने फिल्डमा क्लिक गर्ने।


**<u>चरण ४</u>**: यसपछि बजेट उपशीर्षक विकल्पमा छनोट गर्न (+)अप्सनमा क्लिक गर्ने -



**<u>चरण ५:</u>** चरण ४ पश्चात् दिगो विकास साङ्केतीकरणमा जानु पर्दछ जहां दिगो विकास लक्ष्यहरूको सूची (१ देखि १७ सम्म) देखा पर्दछ। उक्त सूचीबाट स्रोतपुस्तिकामा हेरी मिल्दो लक्ष्य छनौट गर्ने र save गर्ने। कुनै पनि लक्ष्यसँग सम्बन्धित नभएमा (-) चिन्हमा क्लिक गर्नु पर्दछ।





<u>चरण ६:</u> विषयगत मन्त्रालयहरूले PLMBIS मा बजेट उपशीर्षकमा दिगो विकास लक्ष्य साङ्केतीकरण गरेको आधारमा आर्थिक मामिलासम्बन्धी मन्त्रालयले देहायबमोजिमको प्रतिवेदन अनुसूची तयार गर्दछ र बजेट वक्तव्यमा समावेश गर्दछ।




### (ङ) दिगो विकास साङ्केतीकरण सच्याउने:

बजेट उपशीर्षक सच्याउनुपर्दा सम्बन्धित बजेट उपशीर्षकको Action Botton क्लिक गरी चरण ३ अनुरूप अघि बढ्नुपर्दछ-



## ३.९ दिगो विकास लक्ष्य साङ्केतीकरणमा ध्यान दिनुपर्ने पक्षहरू

दिगो विकासका लक्ष्यहरूलाई आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दादेखि नै साङ्केतीकरण गर्नुपर्ने हुन्छ। यसर्थ बजेट उपशीर्षकमा दिगो विकास लक्ष्य साङ्क्तीकरण गर्दा निम्न पक्षमा ध्यान दिनु पर्दछः-

(१) विनियोजन र कार्यक्रम (क्षेत्र/उपक्षेत्र) लाई दिगो विकास लक्ष्यसँग मिलान गर्ने, एकभन्दा बढी लक्ष्यमा योगदान गर्ने क्रियाकलापहरूलाई मुख्य योगदान दिने क्षेत्रको पहिचान गरी सोही लक्ष्यसँग मिलान गर्ने र लक्ष्य मिलेको यकिन गर्ने,

(२) बजेट/कार्यक्रम निर्माणकै क्रममा सम्बन्धित मन्त्रालयको योजना महाशाखा/शाखाले प्रदेश आर्थिक मामिलासम्बन्धी मन्त्रालयसँग समन्वय गरी उक्त बजेट उपशीर्षकमा दिगो विकास लक्ष्य साङ्केतीकरण समेत देहायअनुसार साथसाथै गर्ने-

(क) नयाँ कार्यक्रमको हकमा बजेट उपशीर्षक प्राप्त गर्दा नै दिगो विकास लक्ष्य साङ्केतीकरण गरी कार्यक्रम प्रविष्ट हुनासाथ स्वतः दिविल सङ्केत प्राप्त हुने व्यवस्था मिलाउने।

(ग) दिगो विकास लक्ष्य सापेक्ष नरहेका वा दिगो विकास लक्ष्यलाई प्रत्यक्ष वा अप्रत्यक्ष योगदान नगर्ने प्रकृतिका आयोजना तथा कार्यक्रमहरूलाई PLMBIS को दिविल सङ्केत नम्बर रहने स्थानको सुरुमा रहेको ड्यास चिन्ह (--) मा अंकित गर्ने। कुनै पनि दिगो विकास लक्ष्यसँग सम्बन्धित नरहेका यस्ता बजेट/कार्यक्रम/आयोजना बजेट पुस्तिकाको दिविल सारांशमा "०" अंक जनिएर अभिलेख रहेको हुन्छ।

(घ) बजेट कार्यक्रम तयार भएपछि संलग्न कार्यक्रम, आयोजनाको दिगो विकास लक्ष्य साङ्केतीकरण भए नभएको र बजेट उपशीर्षकमा मिल्दो लक्ष्य सङ्केत उल्लेख भए नभएको पुनः जाँच गरी अद्यावधिक गर्ने।

(ङ) वित्तीय हस्तान्तरणमा प्राप्त हुने ससर्त, विशेष र समपूरक अनुदानको सङ्घीय तहबाट प्रदेश मन्त्रालय बजेट सूचना प्रणालीमा दिगो विकास लक्ष्यको साङ्केतीकरण भएकाको हकमा यससम्बन्धी साङ्केतीकरण गरिरहनु नपर्ने।

(च) सङ्घीय तहबाट कार्यक्रमहरू कार्यान्वयनका लागि प्रदेशको विनियोजन C-GAS (Computerized Government Accounting System) प्रणालीबाट खर्च हुने योजना आयोजनाको प्रदेश तहमा साङ्केतीकरण गरिरहनु नपर्ने।

(३) यसकै आधारमा वार्षिक बजेट तथा कार्यक्रममा दिगो विकासको शीर्षकगत विनियोजन बजेट पुस्तिकामा समावेश गर्ने।

## परिच्छेद- ४

# दिगो विकास लक्ष्य साङ्केतीकरणको संस्थागत व्यवस्था

### ४.१ दिगो विकास लक्ष्य साङ्केतीकरणसम्बन्धी जिम्मेवारी

प्रदेशको बजेट तर्जुमा प्रक्रिया विभिन्न कार्यालय, निर्देशनालय/निकाय हुँदै मन्त्रालय/आयोगमा प्राप्त हुन्छ। प्रदेशले स्थानीय तहसँग बजेट तर्जुमाका क्रममा गर्ने परामर्श र मागहरूसमेत सोही प्रक्रियाबाट प्रशोधन भई आउने हुन्छ। मन्त्रालयले आफ्नो र मातहत निकायहरूको बजेट प्रदेश मन्त्रालय सूचना प्रणालीमा (PLMBIS) प्रविष्ट गराई बजेट छलफलमा सहभागी हुने गर्दछन्। यसरी प्रदेश मन्त्रालय सूचना प्रणालीमा बजेट प्रविष्टी सँगसँगै सम्बन्धित बजेट उपशीर्षकमा साङ्केतीकरण गर्नुपर्दछ। प्रदेश नीति तथा योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयमा बजेट छलफलका क्रममा कुनै थपघट भएमा सोही अनुसार बजेट साङ्केतीकरणलाई समेत अध्यावधिक गर्नुपर्दछ। प्रदेश मन्त्रालयगत सूचना प्रणालीमा प्रविष्ट कार्यक्रम कुनै कारणले बजेट स्वीकृति हुँदासम्म हट्न गएमा वा बजेट उपशीर्षक खारेज भएमा साङ्केतीकरण समेत हट्ने हुन्छ। यस काममा आर्थिक मामिला तथा योजना मन्त्रालयको बजेट महाशाखाले सहजीकरण गर्नुपर्दछ। प्रदेश सरकारले प्रदेशसभामा बजेट प्रस्तुत गर्दा यसैअनुसार बजेट पुस्तिकामा दिगो विकास लक्ष्यको विनियोजनसम्बन्धी विवरणसमेत समावेश गर्नुपर्दछ।

### ४.२ दिगो विकास लक्ष्य साङ्केतीकरणसम्बन्धी कार्यसम्पादन समिति

(क) समितिको संरचना

बजेट तथा कार्यक्रम तर्जुमाको प्रक्रियासँगै दिगो विकास लक्ष्यको साङ्केतीकरणसम्बन्धी कार्य सम्पादन व्यवस्थापन गर्ने निम्नबमोजिम समितिको रहेनछ -

| क्र.सं. | पद | जिम्मेवारी |
|---|---|---|
| १ | योजना महाशाखा प्रमुख मन्त्रालय/निकाय | संयोजक |
| २ | निर्देशनालय (भएमा) प्रमुख | सदस्य |
| ३ | लेखा प्रमुख | सदस्य |
| ४ | योजना शाखा प्रमुख | सदस्य-सचिव |

(ख) समितिको जिम्मेवारी

१. मध्यमकालीन खर्च संरचना र बजेट तथा कार्यक्रम तर्जुमासँगै यस स्रोत पुस्तिकाअनुसार दिगो विकास लक्ष्य साङ्केतीकरणको व्यवस्था मिलाउने,

२. बजेट तथा कार्यक्रमको प्रदेश मन्त्रालयगत सूचना प्रणालीमा प्रविष्टीसम्बन्धी अन्य आवश्यक व्यवस्था मिलाउने।

३. वार्षिक बजेट/कार्यक्रमको दिगो विकास लक्ष्यको साङ्केतीकरण गरी/गराई वार्षिक बजेटमा दिगो विकास लक्ष्य र विषयगत समितिअनुसार बजेट विनियोजनको खण्डीकृत तथ्याङ्क प्राप्त हुने व्यवस्था गर्ने।

## ४.३ प्रदेश दिगो विकास लक्ष्य निर्देशक समिति

**(क) समितिको संरचना**

दिगो विकास लक्ष्यसँग सम्बन्धित नीति, योजना, कार्यक्रम र आयोजनाका लागि स्रोत व्यवस्थापन, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धमा मार्गनिर्देश गर्ने प्रयोजनार्थ माननीय मुख्यमन्त्रीको संयोजकत्वमा देहायबमोजिम एक उच्चस्तरीय दिगो विकास लक्ष्य निर्देशक समिति रहनेछ-

| क्र.सं. | पद | जिम्मेवारी |
|---|---|---|
| १ | मुख्यमन्त्री | संयोजक |
| २ | मन्त्रीहरू | सदस्य |
| ३ | उपाध्यक्ष प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| ४ | जिल्ला समन्वय समिति महासङ्घ, प्रदेश समितिको अध्यक्ष | सदस्य |
| ५ | गाउँपालिका राष्ट्रिय महासङ्घ, प्रदेश समितिको अध्यक्ष | सदस्य |
| ६ | नेपाल नगरपालिका सङ्घ, प्रदेश समितिको अध्यक्ष | सदस्य |
| ७ | प्रदेश सरकारका प्रमुख सचिव | सदस्य सचिव |

### (ख) काम, कर्तव्य र अधिकार

निर्देशक समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-

१. दिगो विकास लक्ष्य प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक स्रोतको व्यवस्था र नीति निर्देशन गर्ने।
२. समितिको बैठक एक वर्षमा कम्तीमा एकपटक बस्ने।
३. समितिको बैठकमा आवश्यकताअनुसार सम्बन्धित आयोजनाका पदाधिकारी, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी विशेषज्ञ, सल्लाहकार, सुरक्षा अङ्गका प्रमुख आदिलाई आमन्त्रण गर्न सक्ने।
४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शासकीय सुधार तथा समन्वय महाशाखाले यस समितिको सचिवालयको काम गर्नेछ।

### (ग) प्रदेश दिगो विकास लक्ष्य निर्देशक समितिको बैठक आयोजनापूर्व गर्नुपर्ने कार्यहरू

१. प्रदेशभित्र दिगो विकास लक्ष्य कार्यान्वयनको लागि स्रोत परिचालनको विवरण तयार गर्ने।
२. दिगो विकास लक्ष्य कार्यान्वयनको स्थितिसम्बन्धी विवरण तयार गर्ने।
३. दिगो विकास लक्ष्य निर्देशक समितिका विगतका बैठकमा भएका निर्णयहरूको प्रगति स्थिति, समीक्षा र कार्यान्वयनमा देखा परेका समस्याहरूको सूची तयार गर्ने।
४. कार्यक्रम/आयोजनाहरूले कार्यान्वयनका क्रममा भोग्नुपरेका समस्याहरूको सूची तयार पार्ने।
५. उक्त समस्याहरूलाई समाधान गर्ने विकल्पसहितको कार्ययोजना तयार पार्ने।
६. बैठक बस्ने मिति र बैठकका एजेण्डा सबै सदस्यलाई तीन दिन अगावै उपलब्ध गराउने।
७. दिगो विकास लक्ष्यसम्बन्धी कार्यक्रम वा आयोजना कार्यान्वयन, स्रोत व्यवस्थापन र समस्या समाधानका लागि गर्न भएका निर्देशन र निर्णयहरू सबै मन्त्रालय र निकायहरूमा पठाउने।

## ४.४ प्रदेश दिगो विकास लक्ष्य समन्वय समिति

### (क) समितिको संरचना

दिगो विकास लक्ष्यसँग सम्बन्धित नीति, योजना, कार्यक्रम र आयोजना कार्यान्वयनको समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने प्रयोजनार्थ प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा देहायबमोजिमको एक प्रदेशस्तरीय दिगो विकास लक्ष्य समन्वय, अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ। समितिको गठन संरचना देहायबमोजिम हुनेछ-

| क्र.सं. | पद | जिम्मेवारी |
|---|---|---|
| १ | उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग | संयोजक |
| २ | सदस्यहरू, प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| ३ | सबै मन्त्रालयका सचिवहरू | सदस्य |
| ४ | प्रदेश उद्योग वाणिज्य सङ्घको अध्यक्ष | सदस्य |
| ५ | प्रदेश उद्योग परिसङ्घको अध्यक्ष | सदस्य |
| ६ | प्रदेश चेम्बर्स अफ कमर्सको अध्यक्ष | सदस्य |
| ७ | प्रदेश सहकारी महासङ्घको अध्यक्ष | सदस्य |
| ८ | प्रदेश गैरसरकारी संस्था महासङ्घको अध्यक्ष | सदस्य |
| ९ | प्रदेशस्थित विश्वविद्यालयको प्रतिनिधि | सदस्य |
| १० | प्रदेश मेडिकल एसोसिएसनको अध्यक्ष | सदस्य |
| ११ | प्रदेश इन्जिनियरिङ एसोसिएसनको अध्यक्ष | सदस्य |
| १२ | प्रदेश पत्रकार महासङ्घको अध्यक्ष | सदस्य |
| १३ | जिल्ला समन्वय समिति महासङ्घ, प्रदेश समितिको प्रतिनिधि | सदस्य |
| १४ | गाउँपालिका महासङ्घ प्रदेश समितिको प्रतिनिधि | सदस्य |
| १५ | नेपाल नगरपालिका सङ्घ प्रदेश समितिको प्रतिनिधि | सदस्य |
| १६ | प्रदेश नीति तथा योजना आयोगको सचिव | सदस्य– सचिव |

**(ख) काम, कर्तव्य र अधिकार**

१. दिगो विकास लक्ष्य कार्यान्वयनको लागि सार्वजनिक, निजी र सामुदायिक क्षेत्रबिच समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने।

२. समितिको बैठक एक वर्षमा कम्तीमा दुईपटक अर्धवार्षिक रूपमा बस्ने।

३. समितिको बैठकमा आवश्यकताअनुसार सम्बन्धित आयोजनाका पदाधिकारी तथा दिगो विकास लक्ष्यसम्बन्धी विज्ञ तथा अनुगमन तथा मूल्याङ्कनसम्बन्धी विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

४. प्रदेश नीति तथा योजना आयोगको सचिवालयले यस समितिको सचिवालयको काम गर्नेछ।

**(ग) प्रदेश दिगो विकास लक्ष्य समन्वय समितिको बैठकपूर्व गर्नुपर्ने कार्यहरू**

१. प्रदेशभित्र दिगो विकास लक्ष्य कार्यान्वयनमा समन्वय र सहकार्यको विवरण तयार गर्ने।

२. दिगो विकास लक्ष्य कार्यान्वयनको लागि निजी र सामुदायिक संस्थाहरूको योगदानको विवरण तयार गर्ने।

३. समितिका विगतका बैठकमा भएका निर्णयहरूको प्रगति स्थिति, समीक्षा र कार्यान्वयनमा देखा परेका समस्याहरूको सूची तयार गर्ने।

४. कार्यक्रम/आयोजनाहरूले कार्यान्वयनका क्रममा भोग्नुपरेका समस्याहरूको सूची तयार पार्ने।
५. उक्त समस्याहरूलाई समाधान गर्नका लागि विकल्प तयार पार्ने।
६. बैठक बस्ने मिति र बैठकका एजेन्डा सबै सदस्यलाई तीन दिन अगावै उपलब्ध गराउने।
७. दिगो विकास लक्ष्यसम्बन्धी समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्न समितिबाट भएका निर्देशन र निर्णयहरू सबै सार्वजनिक, निजी र सामुदायिक संस्थामा उपलब्ध गराउने।

## ४.५ प्रदेश दिगो विकास लक्ष्य अनगुमन तथा मूल्याङ्कन समिति

### (क) समितिको संरचना

दिगो विकास लक्ष्य कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्न प्रदेश नीति तथा योजना आयोगका दिगो विकास लक्ष्य हेर्ने सदस्यको संयोजकत्वमा एक अनुगमन समिति रहनेछ। आयोगले आवश्यकता अनुसार विषयगत अनुगमन समितिहरू गठन गरी परिचालन गर्न सक्नेछ। अनुगमन समितिको संरचना देहाय बमोजिम हुनेछ:-

| क्र.सं. | पद | जिम्मेवारी |
|---|---|---|
| १ | प्रदेश नीति तथा योजना आयोगको दिगो विकास लक्ष्य हेर्ने सदस्य | संयोजक |
| २ | सबै मन्त्रालयका सचिवहरू | सदस्य |
| ३ | प्रदेश उद्योग वाणिज्य सङ्घको प्रतिनिधि | सदस्य |
| ४ | प्रदेश सहकारी महासङ्घको प्रतिनिधि | सदस्य |
| ५ | प्रदेश गैरसरकारी संस्था महासङ्घको प्रतिनिधि | सदस्य |
| ६ | प्रदेशस्थित विश्वविद्यालयको प्रतिनिधि | सदस्य |
| ७ | प्रदेश पत्रकार महासङ्घको प्रतिनिधि | सदस्य |
| ८ | जिल्ला समन्वय समिति महासङ्घ, प्रदेश समितिको प्रतिनिधि | सदस्य |
| ९ | गाउँपालिका राष्ट्रिय महासङ्घ प्रदेश समितिको प्रतिनिधि | सदस्य |
| १० | नेपाल नगरपालिका सङ्घ प्रदेश समितिको प्रतिनिधि | सदस्य |
| ११ | प्रदेश नीति तथा योजना आयोगका सचिव | सदस्य– सचिव |

### (ख) काम, कर्तव्य र जिम्मेवारीः

१. दिगो विकास लक्ष्य कार्यान्वयन गर्ने सम्बन्धित मन्त्रालय तथा अन्य निकायका कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नु, र
२. दिगो विकास लक्ष्य निर्देशक समितिले मागेको बेला राय सुझाव दिनु।

## ४.६ उपसंहार

सन् २०१५ मा संयुक्त राष्ट्रसङ्घका सबै सदस्य राष्ट्रहरूबाट अनुमोदित दिगो विकास लक्ष्य मानव जातिको कल्याण र साझा भविष्यका लागि एउटा विश्वव्यापी आह्वान हो जुन सन् २०३० सम्ममा गरिबीको अन्त्य गर्ने, हाम्रो ग्रहको संरक्षण गर्ने र संसारका सबै जनताका लागि शान्ति र सुरक्षा सुनिश्चित गर्ने प्रतिवद्धताका साथ कार्यान्वयनमा आएको छ। *"कसैलाई पनि पछि नछाड्ने"* यसको आकांक्षाले गर्दा यो विश्वस्तरमा अहिलेसम्म भएका विकास प्रयत्नहरूभन्दा सर्वाधिक महत्त्वाकांक्षी र न्यायिक पनि देखिन्छ। दिगो विकास लक्ष्य समग्र विश्व र राष्ट्र-राष्ट्रबिचका साझा र विशेष समस्याहरूका सम्बन्धमा बन्दै र विकसित हुँदै गएको साझा बुझाइ र सहमतिको द्योतक पनि हो।

दिगो विकासका परिमाणात्मक लक्ष्यहरू राष्ट्रिय तहका साथसाथै प्रदेश र स्थानीय तहको कार्यसम्पादनबाट प्राप्त हुन सक्दछ। अझ भन्ने हो भने दिगो विकास लक्ष्यको सारपूर्ण उपलब्धि हुने त प्रदेश र स्थानीय तहमै हो। यसैले दिविललाई आवधिक र वार्षिक योजनाकै अभिन्न अङ्गका रूपमा नलिई हुँदैन अर्थात् दिविल यी योजनामा समाहित हुने पर्छ। प्रदेशले राष्ट्रिय लक्ष्यलाई प्रदेशका सन्दर्भमा सान्दर्भिक बनाएर स्थापित गर्ने र सोही अनुरूप नीति योजना, कार्यक्रम तर्जुमा, प्राथमिकीकरण गर्नका साथै बजेट विनियोजन र खर्चमा समेत अभिलेखबद्ध गर्नुपर्दछ। यसका लागि प्रदेशको बजेट प्रणालीमा दिगो विकास साङ्केतीकरण अपरिहार्य हुन्छ।

सन् २०१६ मा सुरु भएको नेपालको दिविलको यात्राले अपेक्षित अवधिको आधा समय तय गरिसकेको छ। दिगो विकास लक्ष्यको अवधिका उपलब्धिहरूको लेखाजोखा गर्न पनि तीनै तहका सरकारले गरेको विनियोजन, खर्च र उपलब्धिको अभिलेख आवश्यक हुन्छ। यसका लागि पनि बजेटमा दिगो विकास साङ्केतीकरण जरुरी हुन्छ। यसले दिगो विकासको अनुगमन संयन्त्र प्रभावकारी बनाउन आवश्यक जानकारी प्रवाहका साथै, बजेट र खर्चका आधारमा दिगो विकास लक्ष्यमा गरेको लगानी, पुऱ्याएको योगदान, स्रोत साधनको अवस्था र स्रोत साधनको उपयोगको प्रभावकारितासमेत सुस्पष्ट गर्न सहयोग पुग्दछ।

**प्रकाशकः**
बागमती प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
बागमती प्रदेश, हेटौंडा, नेपाल
फोनः (+९७७) ०५७-५२०५२४
इमेलः pradeshyojanahtd@gmail.com